# दोलखा जिल्ला, काब्रे गाविस, मैनापोखरी क्षेत्रका लोकगीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको
प्रयोजनका निम्ति प्रस्तुत अध्ययनपत्र


प्रस्तोता
रत्नप्रसाद घिमिरे
नेपाली केन्द्रीय विभाग
त्रि.वि. , कीर्तिपुर ।
रोल नं. ८२/०५६/५७

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नात्तकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत अध्ययनपत्र तयार गरिएको हो । यस अध्ययन कार्यमा क्याम्पसका विभागीय प्रमुख श्री दयाराम श्रेष्ठज्यूले गर्नुभएको मद्धतका निम्ति हृदयदेखिनै आभार व्यक्त गर्न चाहान्छु । अध्ययनका सिलसिलामा आईपरेका समस्या समाधानका निम्ति सल्लाह-सुझाव साथै निर्देशन गर्नुहुने कीर्तिपुर क्याम्पस, नेपाली विभागका गुरु वा प्राध्यापक श्री डा. मोतिलाल पराजुलीज्यूका साथै यस विभागका गुरुहरु प्रति आभार व्यक्त गर्दछु । यसै गरी सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने श्री हनुमन्तेश्वर क्याम्पसका प्रमुख श्री ताराप्रसाद पन्त, श्री हनुमन्तेश्वर उच्च मा. वि.का प्राचार्य श्री गोपालध्वज श्रेष्ठप्रति म आभारी छु ।

अध्ययन पत्र तयार गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने मेरा भाईहरु कुमारप्रसाद घिमिरे, केदारप्रसाद घिमिरे र गणेशप्रसाद घिमिरे र अन्य सम्पूर्ण आफन्तहरुप्रति अन्तर्हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु । यस्तै अध्ययनपत्रको टंकणमा सहयोग पुऱ्याउने श्री रमेश लामिछाने र शीवहरि भुजेललाई धन्यवाद प्रकट गर्दछु । अन्तमा प्रस्तुत अध्ययन पत्र त्रिभुवन विश्वविद्यालय क्याम्पस केन्द्रीय नेपाली शिक्षण समिति समक्ष आवश्यक मूल्याङ्कनका निम्ति प्रस्तुत गर्दछु ।

मिति: ................................ **रत्नप्रसाद**
**घिमिरे**
शैक्षिक वर्ष वा समूह ०५६/५७

क्रमाङ्क: ८२/०५६/५७

केन्द्रीय नेपाली शिक्षण
विभाग,
किर्तिपुर, काठमाडौं-नेपाल

त्रि. वि. दर्ता नं.: ४७६७

# स्वीकृति पत्र

त्रि.वि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग कीर्तिपुर क्याम्पसको स्नातकोत्तर द्वितीय वर्षको दशौं पत्रको आंशिक पूर्तिका निम्ति रत्नप्रसाद धिमिरेले प्रस्तुत गर्नु भएको दोलखा जिल्लाको मैनापोखरी क्षेत्रका लोकगीतको अध्ययन शीर्षकको यो अध्ययन पत्र स्नातकोत्तर तहका दृष्टिले उपयुक्त देखिएकोले स्वीकृति गरिएको छ ।

.....................................................................विभागीय प्रमुख

.....................................................................बाह्‍य परीक्षक

# सूचकहरुको परिचय

| क्रम सख्या | नाम, थर | ठेगाना |
|---|---|---|
| १. | राम बा. खत्री र दल बा. खत्री | मैनापोखरी |
| २. | राम बा. खत्री र सन्तोली दाहाल | मैनापोखरी |
| ३. | धन बा. खत्री | मैनापोखरी |
| ४. | राधिका लामिछाने र देवकी दाहाल | मयापी मैनापोखरी |
| ५. | राधाकृष्ण दाहाल | मयापी मैनापोखरी |
| ६. | टहल बा. घिमिरे र हेमप्रसाद चौलागाई | मैनापोखरी |
| ७. | सन्जय, भवानी, प्रतिक्षा र सुशन घिमिरे | मयापी मैनापोखरी |
| ८. | मीन बा. घिमिरे र कैलाश घिमिरे | शंखपोखरी |
| ९. | राम बा. वि.क. र राजन वि.क. | मयापी |
| १०. | सीता जिरेल, कोपिला जिरेल | मैनापोखरी |
| ११. | सीता घिमिरे, मनमाया घिमिरे | मैनापोखरी |
| १२. | ठूलीकान्छी दाहाल | मैनापोखरी |
| १३. | सन्तोषी वि.क. | मयापी |

# विषय सूची


पेज नं.

परिच्छेद - १ १ -४

**अध्ययनपत्र परिचय**

१.१ अध्ययनपत्रको शीर्षक १
१.२ अध्ययनकर्ता १
१.३ अध्ययन पत्रको प्रयोजन १
१.४ विषय परिचय १
१.५ अध्ययनको समस्या १
१.६ पूर्वकार्यका समीक्षा २
१.७ अध्ययनको उद्देश्य ३
१.८ अध्ययन कार्यको औचित्य र महत्व ३
१.९ अध्ययनको सीमाङ्कन ३
१.१० अध्ययन विधि ४
१.११ अध्ययन पत्रको रुपरेखा ४

**परिच्छेद - २**

**दोलखा जिल्ला, काब्रे गा.वि.स, मैनापोखरी क्षेत्रको परिचय ५ - ३६**

२.१ दोलखा जिल्लाको परिचय ५
२.१.१ ऐतिहासिक पृष्ठभूमि ५
२.१.२ भौगोलिक बनावट ६
२.१.३ भौगोलिक उपयोगको स्थिति ७
२.१.४ टोपोग्राफी /भिरालोपन ७
२.१.५ हावापानी /जलवायु ८
२.१.६ संभावित भूक्षयक्षेत्र १०
२.१.७ प्राकृतिक वनस्पति १२
२.१.८ राजनैतिक विभाजन १३
२.१.९ जनसंख्या १४
२.१.१० आर्थिक तथा रोजगारीको स्थिति १६
२.१.११ कृषि तथा पशुजन्य उत्पादनको स्थिति १६
२.१.१२ श्रमशक्ति तथा रोजगारी २०
२.१.१३ व्यापार, पर्यटन तथा सेवाक्षेत्र २१

२.१.१४ घरेलु तथा साना उद्योगको वर्तमान अवस्था २१
२.१.१५ भौतिक अवस्था २३
२.१.१६ सञ्चार २४
२.१.१७ विद्युत र वैकल्पिक उर्जा २५
२.१.१८ खानेपानी आपूर्ति २५
२.१.१९ सिंचाई २५
२.१.२० शिक्षा २५
२.१.२१ स्वास्थ्य २७
२.१.२२ खेलकुद तथा क्रीडास्थल २७
२.१.२३ महिला तथा बालबालिकाको विकास स्थिति २७
२.१.२४ उपेक्षित, उत्पीडित, दलित तथा जनजातिको स्थिति २८
२.१.२५ वन तथा वातावरण २९
२.१.२६ पर्यटकीय स्थल ३०
२.१.२७ जलविद्युत ३२
२.१.२८ जडिबुटी ३३
२.१.२९ स्लेटखानी ३३
२.१.३० पर्यटन ३४
२.२ दोलखा जिल्लाको लोकसाहित्यको ऐतिहासिक पृष्ठभूमि ३४
२.३ मैनापोखरीक्षेत्रको परिचय ३५
निष्कर्ष ३६

**परिच्छेद - ३**
**लोकसाहित्यको सैद्धान्तिक परिचय ३७-४३**
३.१ परिचय ३७
३.२ परिभाषा ३८
३.३ लोकगीतका विशेषता ४१

**परिच्छेद - ४**
**दोलखा जिल्ला, मैनापोखरीक्षेत्रका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण**
४४-७१
४.१ विषय प्रवेश ४४
४.२ लोकगीतको वर्गीकरण र विश्लेषण ४५

४.२.१ बाह्रमासे गीतहरु ४५
४.२.२ संस्कार तथा पर्वगीतहरु ४६
४.२.३ श्रमगीत ४८
४.२.४ बाल लोकगीत ५०
४.२.५. देशप्रेम र राष्ट्रियतासँग सम्वन्धित लोकगीत ५२
४.२.६ लोकगीतको प्रभावक्षेत्र ५४
४.२.७ प्रकृति चित्रण ५५
४.२.८ आर्थिक जीवनको चित्रण ५७
४.२.९ समाजमा नारी जीवनको चित्रण ५८
४.२.१० गीति तथा काव्य तत्व ६१
४.२.११ सन्देश ६२
४.२.१२ लय तथा भाका ६३
४.१.१३ भावव्यञ्जना ६४
४.२.१४ थेगो र पुनरावृति ६५
४.२.१५ रसभाव विविधता ६६
(क) श्रृङ्गार रस ६७
(ख) करुणा रस ६८
(ग) वीर रस ६९
(घ) हास्य रस ६९
४.२.१६ अलङ्कार ७०
निष्कर्ष ७१

**परिच्छेद - ५**
**उपसंहार** **७२-७४**

५.१ सारांश ७२
५.२ निष्कर्ष ७३
५.३ भावी अध्ययनका निम्ति सुझाव ७४

सन्दर्भ ग्रन्थसूची ७५
परिशिष्ट ७६

# परिच्छेद–१
## अध्ययनपत्र परिचय

### १.१ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक "दोलखा जिल्ला, काब्रे गा.वि.स., मैनापोखरी क्षेत्रका लोकगीतको अध्ययन" रहेको छ ।

### १.२ अध्ययन कर्ता : रत्नप्रसाद घिमिरे

### १.३ अध्ययनपत्रको प्रयोजन :

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आंशिक पूर्तिका लागि प्रस्तुत गरिएको छ ।

### १.४ विषय परिचय

नेपाल अधिराज्यको मध्यमाञ्चल विकासक्षेत्र, जनकपुर अञ्चलको हिमाली जिल्ला दोलखामा अवस्थित काब्रे गा.वि.स.मा पर्ने मैनापोखरी एक महत्वपूर्णक्षेत्र हो । नेपालको एकीकरण पूर्व बाईसी चौबीसी राज्यहरूमध्येको पूर्वमा रहेको किरातीहरूको दोलखा प्रमुख राज्य हो । हाल दोलखा जिल्लाको दोलखा बजार त्यसताकाको किरातीहरूको सदरमुकाम थियो । यही बजारको दक्षिण भेगमा किरातीछाप भन्ने ठाउँको नाम अझै चर्चित छ । यसरी हालको प्रशासनिक नक्साङ्कनअनुसार मध्यमाञ्चल विकासक्षेत्र जनकपुर अञ्चल दोलखा जिल्लाको काब्रे गा.वि.स.मा मैनापोखरी क्षेत्र पर्दछ । यस क्षेत्रभित्रका विभिन्न चाडपर्व, मेलापात, वनजङ्गल साथै धार्मिक कार्यहरूमा प्रचलित लोकगीतहरूको सङ्कलन गरी तिनीहरूको अध्ययन विश्लेषण गर्नु नै यस अध्ययनपत्रको प्रमुख विषय रहेको छ ।

## १.५. अध्ययनको समस्या

दोलखा जिल्लाको काब्रे गा.वि.स. को मैनापोखरी क्षेत्रका लोकगीतहरूको अध्ययन गरिने यस अध्ययनमा निम्नलिखित समस्याहरू रहेका छन् ।

क) दोलखा जिल्ला र काब्रे गा.वि.स. मा पर्ने मैनापोखरी क्षेत्रको परिचय के-कस्तो रहेको छ ?

ख) लोकगीतको सैद्धान्तिक परिचय के हो ?

ग) दोलखा जिल्ला र काब्रे गा.वि.स. अन्तर्गत मैनापोखरी क्षेत्रका लोकगीतहरू के कस्ता रहेका छन् ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत अध्ययन गरिएको छ ।

## १.६. पूर्वकार्यको समीक्षा

गीत सङ्गीत भन्ने बित्तिकै मूलत : श्रवणीय विधा हुन् भन्ने बुझिन्छ तर समय क्रमसँगै गीत संङ्गीत सुन्ने मात्र नभएर हेर्ने गीत संगीतको लहर पनि विकसित भएर आएको छ । अतः तपाईं हामी पहिले गीत सुन्थ्यौं मात्र । पछि हेर्न पनि थाल्यौं र अब पढ्न पनि लागेका छौं । सुन्ने (अडियो) हेर्ने (भिडियो) हुँदै अब पढ्ने विधाका रूपमा पनि लोकगीत निस्कन थालेका छन् । प्राचीन कालदेखि श्रुतिपरम्पराका माध्यमबाट जनजिब्रोमा हुर्किदै लोकप्रियताको शिखर चुम्न सफल लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी अध्ययन गर्ने काम लोकसाहित्यका अध्येताबाट केही हदसम्म गरेको पाइन्छ । नेपाली जनजीवनको सम्पूर्ण पाटोलाई सूत्रात्मक शब्दजालमा मनका अनुभूतिहरू रङ्गाएर हृदयमा आल्हादित पार्न सफल विधा लोकगीतले हर्ष, विस्मात्, दुःख-सुख आदिका उद्‌गारहरूमा लयात्मक श्रुतिमाधुर्य जस्ता तात्विक गुणहरू समेटेको हुन्छ । प्रस्तुत अध्ययनमा लोकगीतका सम्बन्धमा भएका मुख्य पूर्वकार्यहरू निम्नानुसार भेटिन्छन् ।

लक्ष्मण लोहनीले 'रोदीघर' (२०१३) कृतिमा भनेका छन्,- "लोकगीत समाज र जीवनको सुख-दुःख, कटुता खल्लोपना निरसता आदि यथार्थ अनुभूति तथा मानवमा आधारित प्राकृतिक चित्रपटसँग घुल्दै निर्वन्धन अविरल गतिमा मधुरस्वर लहरी अँगाली स्वतः प्रस्तुत हुने, कवितात्मक अलङ्कार हो । लोकगीतलाई झाँगिएको विशाल वृक्षसँग तुलना गर्दै समय-समयमा

वृक्षमा मुना लाग्ने, झर्ने गरेझै जनहृदयमा सामूहिक तवरले सुख दुःखको मुना झर्दै पलाउँदै गर्दछन् ।" उहाँको यो सैद्धान्तिक परिचयले दोलखाली जीवनशैलीको भावनात्मक ढुकढुकीलाई समेटेको हुँदा रोदीघरले दोलखाली लोकगीतको अध्ययनमा सहयोग पुग्ने देखिन्छ ।

कृष्णराज कोइराला 'नेपाली लोकगीत संग्रह' (२०४९) मा दोलखाली रहनसहन वेशभुषा, नारी बिलौनाका साथै सांस्कृतिक चाडपर्वको झलक देखाउने लोकगीतको संग्रह गरी अध्ययन विश्लेषण गरेको पाइन्छ । जस्तै कामुत कामै छ, मेरो यति लामा दिन, हजुरको सौरारी लाग्छ भेट हुँदै किन ?

लोकहरि कर्कीले 'लक्ष्मण लोहनीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' (२०५४) शीर्षकको स्नातकोत्तर शोधपत्रमा दोलखाको प्राकृतिक झलक झल्कने गरी दोलखाली लोकगीत पनि सङ्कलन र अध्ययन गरेकी छिन्, जुन यस प्रकार छ -

सुनबुट्टे बैसे नक्कले दाई, ढोगेर राम्रो काजु गाई, नौडाँडा पारी मुलुङ्गो दाई, चाहिदैन केही मलाई, लाउँदिन माया तिमीलाई । यो दोलखाली गोठाले कविका भावनालाई यस शोधपत्रमा समेटिएको छ ।

## १.७ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनपत्रका उद्देश्यहरू निम्न लिखित रहेका छन् -

क) दोलखा जिल्ला र काब्रे गा. वि. स. मैनापोखरी क्षेत्रको परिचय दिनु ।

ख) लोकगीतको सैद्धान्तिक परिचय दिनु ।

ग) दोलखा जिल्ला, काब्रे गा. वि. स. मैनापोखरी क्षेत्रमा प्रचलित लोकगीतलाई सङ्कलन गरी वर्गीकरण र विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरुलाई पूर्ण गर्ने अभिलाशाले प्रस्तुत अध्ययन गरिएको हो र यस अध्ययनबाट उपर्युक्त उद्देश्यहरु पूर्ण हुनेछन् ।

## १.८ अध्ययन कार्यको औचित्य र महत्व

लोकसाहित्यको उर्वर विधा लोकगीत युगान्तकारी रूपबाट फड्को मार्दा पनि यस दोलखा जिल्ला अन्तर्गत काब्रे गा.वि.स. मैनापोखरीक्षेत्रका लोकगीतहरूको व्यवस्थित रूपमा सङ्कलन र अध्ययन कार्य नभएकोले त्यस क्षेत्रका लोकगीतहरूको सङ्कलन गरी अध्ययन विश्लेषण गर्ने प्रस्तुत अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ । यसको साथै यस अध्ययनबाट नेपाली लोकगीतको सङ्कलन र अध्ययनका परम्परामासमेत केही योगदान पुग्ने निश्चित छ । यसबाट पनि यस अध्ययनको औचित्य पुष्टि हुनेछ ।

## १.९ अध्ययनको सीमाङ्कन

लोकसाहित्यका क्षेत्रमा लोकगीतले विशाल क्षेत्र ओगटे पनि यस अध्ययनपत्रमा दोलखा जिल्लाको काब्रे गा.वि.स. मैनापोखरी क्षेत्रभित्र समेटिएको काब्रे ,नाम्दू , मिर्गे र क्षेत्रपा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यही नै यसको सीमाङ्कन हो ।

## १.१० अध्ययन विधि

सामाग्री सङ्कलनका क्रममा सम्बन्धित ठाउँ वा क्षेत्रमा गई मेलापात, जात्रा, पर्वमा सहभागी बनी लोकगायकबाट मौखिक रूपमा सङ्कलन गर्दा क्षेत्रीय अनुसन्धान विधि अपनाइएको छ । लोकसाहित्य तथा लोकगीतको परिभाषा, विशेषता आदिका लागि सम्बन्धित सैद्धान्तिक पुस्तकहरूको प्रयोगका लागि पुस्तकालयीय सामाग्रीको उपयोग गरिएको छ ।

## १.११ अध्ययनपत्रको रूपरेखा

परिच्छेद १ – अध्ययनपत्रको परिचय

परिच्छेद २ – दोलखा जिल्ला र काब्रे गा.वि.स. मैनापोखरी क्षेत्रको परिचय

परिच्छेद ३ – लोकगीतको सैद्धान्तिक परिचय

परिच्छेद ४ – दोलखा जिल्ला, काब्रे गा.वि.स. मैनापोखरी क्षेत्रका लोकगीतका सङ्कलन, वर्गीकरण र विश्लेषण ।

परिच्छेद ५ – उपसंहार

परिशिष्ट

# परिच्छेद २

# दोलखा जिल्ला, काब्रे गाविस - मैनापोखरीक्षेत्रको परिचय

## २.१ दोलखा जिल्लाको परिचय

### २.१.१ ऐतिहासिक पृष्ठभूमि

दोलखा जिल्ला गारीशंकर हिमालको काखमा रहेको जिल्ला हो । जिल्लाको ऐतिहासिक पृष्ठभूमिलाई नियाल्दा लिच्छविकाल वा त्यसभन्दा प्राचीनकालको इतिहासलाई प्रकाश पार्ने सामग्री नपाए पनि नेपाल-भोट बीचको बाटाघाटा खुली व्यापारिक तथा सांस्कृतिक सम्बन्ध कायम भएपछि दोलखाको विकास भएको मानिन्छ । अशुंबर्माको समयमा भोटसँग नेपालको राम्रो सम्बन्ध कायम भएको र भोटमार्फत चीनसँग पनि नेपालको सम्बन्ध कायम भएको पाइन्छ । नेपाल-भोट बीच बाटाघाटा खुलेपछि तिब्बत र भारत बीच आवत/जावत गर्ने बाटो दोलखाको तामाकोशीको किनार हुँदै सिन्धुलीमाढीबाट भारत पुग्ने बाटो खुलेको थियो ।

दोलखाको नामकरणको सम्बन्धमा विभिन्न किम्बदन्तीहरू पाइन्छन् । कुनै समयमा एउटा योगी मुसलमानको आक्रमणबाट भागी गौरीशंकर हिमालको आसपासको गुफामा बसी तपस्या गर्दा शिवजी प्रशन्न भई बरदान दिएकोले योगी खुशीले गदगद भई अब म एकपटक सबैतिर घुमेर आउँछु भनी हिड्दा जतिघुमे पनि उही ठाउँमा आइपुग्दा रहेछन् । यसरी दुई लाख पटक घुम्दा पनि पुनः त्यही स्थानमा आई योगी थकित भएर आफ्नै आश्रममा फर्किन्छ । यसरी दुई लाख पटक घुम्दा पनि त्यही स्थानमा आएकोले सो स्थान दोलाखबाट अपभ्रंश हुँदा दोलखा नामकरण भएको भनाई चर्चामा आएको छ । (स्रोतः दोलखा जिल्लाको ऐतिहासिक रुपरेखा, २०५५)

त्यस्तै अर्को भनाईअनुसार तिब्बती भाषामा ॒दो॒ को अर्थ ढुङ्गा, ॒ला॒ को अर्थ मन्दिर र ॒खा॒ को अर्थ घर भएकोले दोलखामा प्रसस्त मात्रामा ढुङ्गा माटोबाट बनाइएका घर र मन्दिरहरू रहेको हुनाले तिब्बती भाषाबाट दोलखा नामकरण हुन गएको हो भन्ने चलन छ । दोलखा जिल्लाको नामकरणमा जेजस्तो किम्बदन्ती भए तापनि दोलखा नगर ज्यादै पुरानो नगरीको रूपमा चिनिन्छ ।

मल्लकालीन समयमा दोलखा राज्य भिन्नै स्वतन्त्र राज्य थियो भन्ने कुरा इतिहासमा स्थापित छ । दोलखा राज्य भन्नाले सुनकोशी र तामाकोशीको वीचको सारा पहाडी प्रदेशलाई दोलखा राज्य अथवा अभयपुर भनिने गर्थ्यो । यस दोलखा राज्यभित्र अनेक ऐतिहासिक ग्रामहरू पर्दथे । मुद्रा वा टकको प्रचलन ल्याउने पहिलो राजा महेन्द्र मल्ल भनिए तापनि हाल आएर इतिहासकारहरूको खोजअनुसन्धानबाट तत्कालीन दोलखा राज्यका दोलखाधिपति (राजा) इन्दैसिंह देवले चाँदीका टक प्रथम प्रचलनमा ल्याएको कुरा इतिहासकारहरूले बताएका छन् । दोलखाको भीमसेन मन्दिरको भण्डार अभिलेखालयमा रहेका प्रचीन हिमशिलापत्र, सनदपत्र, ताम्रपत्र, चिठीपत्र, लालमोहर, हस्तालिखित ग्रन्थ आदिको सहयोगबाट यो कुरा थाहा हुन आएको छ । यस दोलखा जिल्लामा किरातीछाप भन्ने स्थान रहेको हुनाले किरातीहरूको राज्य तथा शासन र अस्तित्व बारे सहजै अनुमान लगाउन सकिन्छ ।

भीमसेन मन्दिरको अभिलेखमा रहेका शिलापत्र, सनदपत्र, ताम्रापत्र, लालमोहर, हस्तलिखित ग्रन्थको अध्ययनबाट तत्कालीन दोलखा राज्यका राज्य र उनीहरूको समयअवधि यस प्रकार रहेको छ ।

उदयदेव ठाकुर (वि.सं. १५४८), नन्ददेव ठाकुर (वि.सं १५६८), उजोतदेव (वि.सं. १५७७), इन्द्र सिंहदेव (वि.सं. १५९१) र जयनारायण देव (वि.सं. १६०५) ।

कान्तिपुरका मल्ल राजाहरूको शासनको प्रभावमा परेर यो दोलखा राज्य कान्तिपुरमा गाभिन पुग्यो भने पुनः पृथ्वीनारायण शाहको एकीकरण अभियानको सिलसिलामा गोरखा राज्यसँग एकीकृत भएर दोलखा नेपालको राज्यको एक अङ्ग बन्यो । प्रशासनिक हिसाबले कहिले कतै कुनै स्थानलाई केन्द्र बनाउँदै अगाडि बढेको दोलखा जिल्लाको सदरमुकाम हाल चरिकोटमा रहेको छ ।

## २.१.२ भौगोलिक बनावट

दोलखा जिल्ला नेपाल अधिराज्यको मध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत जनकपुर अञ्चलको उत्तरतर्फ अवस्थित एक पहाडी जिल्ला हो । यस जिल्लाको विस्तार नेपालको मान चित्रमा २७$^{\circ}$ २८" उत्तरदेखि २८$^{\circ}$ ०० " उत्तरी अक्षांश र ८५$^{\circ}$ ५०" पूर्वदेखि ८६$^{\circ}$ ३२" पूर्वी देशान्तरसम्म फैलिएको छ । कूल २१९१ वर्ग कि.मि. क्षेत्रफल भएको यस जिल्लाको पूर्वमा सोलखुम्बु र

रामेछाप जिल्ला, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा रामेछाप जिल्ला पर्दछन् । नेपालको राजधानी काठमाडौंबाट १३३ कि. मि. पूर्वमा पर्ने यो जिल्लाको सदरमुकाम चरिकोट हो । समुद्र सतहदेखि ७६२ मि. (सितली) उँचाइदेखि ७१३४( गौरीशंकर) सम्मको उँचाइमा रहेको यस जिल्लाको गौरीशंकर हिमाललाई आधार मानी नेपालको प्रामाणिक समय निर्धारण गरिएको छ ।

२००७ साल पूर्व र त्यसपछि २०१८ सालसम्म पनि पूर्व २ नं. गोश्वराको प्रशासनिक एकाइको रूपमा रहेको दोलखा २०१८ सालदेखि मात्र अलग जिल्लाको रूपमा अस्तित्वमा आए पनि २०२४ सालदेखि मात्र अदालत, मालपोत, प्रहरी, हुलाक, स्वास्थ्यजस्ता जिल्लास्तरीय कार्यालयहरू स्थापना हुन थालेका हुन् । ऐतिहासिक स्थल दोलखाको नामबाट नामकरण गरिएको यस जिल्लाका केही स्थानहरूमा किरात वा लिच्छविकालदेखि नै वस्ती बसेको अनुमान छ ।

यस जिल्लाको अधिकांश भूभाग उच्च पहाड तथा हिमालले ढाकिएको छ । पहाड र हिमालको खोंच, नदी किनार, टार र बेंसी गरी जम्मा १० प्रतिशत भूभागमात्र समतल भएको अनुमान छ । भूधरातलीय स्वरूपको आधारमा ३५ प्रतिशत भूभाग उच्च हिमाली भेकमा, ४० प्रतिशत भूभाग उच्च पहाडी भागमा र २५ प्रतिशत भूभाग मध्य पहाडी भागले ओगटेको छ ।

(तालिका नं. १)

| भूधरातलको किसिम | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|
| उच्च हिमाल | ७५००० | ३५ |
| उच्च पहाड | ८५७१४ | ४० |
| मध्य पहाड | ५३५७३ | २५ |

## २.१.३ भौगोलिक उपयोगको स्थिति

जिल्लाको कूल क्षेत्रफल २,१४,२८७ हेक्टरमध्ये २६.४५ प्रतिशत अर्थात् ५६,६८३ हेक्टर जमिन कृषि क्षेत्रले ओगटेको छ । वन क्षेत्र ४७.३७ प्रतिशत र घाँसे मैदान (चरणभूमि) १३.७७ प्रतिशत छ । (तालिका नं. २)

**तालिका नं. २**

जिल्लाको कूल क्षेत्रफल २,१४,२८७ हेक्टर भूमि निम्नअनुसार रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| क) कृषिक्षेत्र | ५६,६८३ | हे. | २६.४५ | प्रतिशत |
| ख) वनक्षेत्र | १,०१,५०० | " | ४७.३७ | " |
| ग) चरणभूमि-घाँसे मैदान | २९,५०० | " | १३.७७ | " |
| घ) हिउँले ढाकेको क्षेत्र | ५,६६५ | " | २.६४ | " |
| ङ) पर्ती जग्गा | १३,७४० | " | ६.४१ | " |
| च) पानीले ढाकेको | ७,०६८ | " | ३.३० | " |
| छ) अन्य | १३१ | " | ०.०६ | " |
| | जम्मा | | २,१४,२८७ हेक्टर | १०० प्रतिशत |

## २.१.४ टोपोग्राफी/भिरालोपन

यो जिल्ला हिमाली जिल्ला भएकोले यहाँको जग्गा १८ प्रतिशतदेखि ५० प्रतिशतभन्दा बढी भिरालो जग्गा छ । अधिकतम जग्गा (६९.६५) ३० डिग्रीभन्दा भिरालोपन रहेको छ ।

## माटो

दोलखा जिल्लाका लगभग ९२ % जनताहरूलाई कृषि क्षेत्रले रोजगारी प्रदान गरेको छ । कृषि पेसामा माटोको ज्यादै महत्वपूर्ण भूमिका भए तापनि यहाँ माटोको वारेमा कुनै ठोस संभाव्यता अध्ययन भएको छैन । समग्र देशको नमुना अध्ययनका आधारमा यस जिल्लाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार रहेको पाइन्छ ।

**क) पाँगो माटो :**

यहाँका नदीवेशीहरूमा पाँगो माटोको प्रचुरता छ । जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको सम्भावना छ किनभने नदीले बगाई ल्याएको पाँगो, सडेको पातपतिङ्गर र अन्य कम्पोष्टजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरू अत्यधिक

उब्जाउ योग्य रहेका छन् । तथापि वर्तमान समयमा रासायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादनमा ह्रासको स्थिति देखापरेको छ । लगातार भूक्षय तथा वन विनाशका कारण नदीहरूले चुन ढुङ्गा, बलौटे  र गेग्रयानयुक्त पदार्थहरू निरन्तररूपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा बिस्तारै ह्रास आइरहेको छ । शेराबेंसी (बोच), बगुवाबेंसी (भेडपु) र नौसय बेंसी (भेजुङ) यस किसिमका क्षेत्रहरू हुन् ।

**ख) रातो फुस्रो माटो** :

महाभारत पर्वत श्रृखंलाका ठाडा भीरहरूमा टुक्रिएका चट्टानमा सडेका झारपात मिलेर बनेको माटोलाई राता फुस्रो माटो भनिन्छ । किनकि यस माटोको जैविक पदार्थ  र ओशजनीकृत फलामको मात्रा कम हुने हुदाँ यस क्षेत्रको माटोको रङ रातो फुस्रो वा पहेंलो हुन्छ । अम्ल फलामजस्ता खनिज तत्व हुने हुदाँ फलफूल, आलु, चिया, कोदो, मकैको खेती गर्न यो माटो उपयोगी हुन्छ । जिल्लाका नाम्दु, पष्टी गैरीभुंडीको केही भाग, नगरपालिकाको केही भाग इत्यादि स्थानमा यस्तो  किसिमको माटो पाइन्छ ।

**ग) हिमाली माटो :**

यो माटोको निर्माण नवीन भएको मानिन्छ । यसको बनावट पातलो, दलदले र छिद्रयुक्त हुन्छ । हिमाली खोंच, उत्तरी पृष्ठढाल र उत्तरी भेगको नदीबेसीहरूमासमेत यो माटो पाइन्छ । यस प्रकारको माटोको बनावटमा ढुङ्गा, कङ्कड, चुना, फलामको मात्रा अधिक र जीवाष्मको तत्व कम रहेको हुन्छ । उब्जाउको दृष्टिकोणले यस प्रकारको माटो पाईने नदी बेंसीतिर धान, गहुँ, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन र उच्च भागतिर आलु, जौं आदि उत्पादन हुने गर्दछ । जिल्लाको अधिकांश उत्तरी गा.वि.स.हरूमा यस्तो माटो पाइन्छ ।

## २.१.५ हावापानी/जलवायु

दोलखा जिल्ला नेपालको पहाडी जिल्लाहरू मध्येको एक हो । यहाँको अधिकांश भाग पहाडी भएको हुँदा प्रमुखतया समशीतोष्ण हावापानी भए तापनि लेकाली (अल्पाईन) र पर्वतीय (टुण्ड्रा) किसिमको हावापानीको क्षेत्र पनि छ । यहाँको वार्षिक औसत तापक्रम अधिकतम १९$^{\circ}$ सेल्सियस र न्यूनतम तपक्रम ८$^{\circ}$ सेल्सियस रहेको छ । वार्षिक औसत वर्षा २०४३.५ मि.लि. रहेको छ । (सन्दर्भः दोलखा जिल्लाको ऐतिहासिक रुपरेखा, २०५५)

जिल्लाको हावापानीको अवस्थालाई हेर्दा सामान्यत निम्न चार किसिमको हावापानी पाइन्छ -

**क) न्यानो शमशीतोष्ण हावापानीः**

समुद्र सतहदेखि २,१०० मिटरसम्मको उचाइँमा यस्तो हावापानी पाइन्छ । यहाँ सामान्यत हिउँदको तापक्रम ५° - १०° से.सम्म सरदर रहने गर्छ । ग्रीष्ममा मनसुनी सरदर वर्षको २०० मि.मि. सम्म हुन्छ । तामोकोशी नदीको आसपासको क्षेत्र तथा नाम्दु, किरातीछाप, शेरा यो हावापानी पाइने प्रमुख क्षेत्रहरू हुन् ।

**ख) ठण्डा शितोष्ण हावापानी :**

समुद्री सतहदेखि २,१०० देखि ३,३०० मिटरसम्मको उचाइँमा यो हावापानी पाइन्छ । उच्च धरातलीय क्षेत्रको कारणले यहाँ हिउँदे तापक्रम ०° से. सम्म र ग्रीष्मको सरदर तापक्रम १५° - २०° से. सम्म रहन्छ । सरदर वर्षा  ५० से.मि.सम्म हुन्छ । यस क्षेत्रमा हिउँदमा कहिले काँही हिउँ पर्ने गर्छ । तापक्रम र वर्षाको न्यूनताको कारण कृषि उत्पादन राम्रो हुँदैन । जिरीक्षेत्र, खरिढुङ्गाक्षेत्र, चरिकोट माथिको देउरालीक्षेत्र, कालिञ्चोकक्षेत्र, शैलुङ्गक्षेत्र र उत्तरी गा.वि.स..का माथिल्लो भागहरूमा यो हावापानी पाइन्छ ।

**ग) लेकाली हावापानी :**

हिमाली क्षेत्रको शुष्क र ठण्डा हावापानीलाई लेकाली हावापानी भनिन्छ । समुद्र सतहदेखि ३,३५० मिटरदेखि ५,००० मिटरसम्म पाईने यस्तो हावापानीमा ग्रीष्म ऋतुमा तपक्रम १०° से.सम्म पुग्छ भने अघिपछि सामान्यतः माइनसमा रहन्छ । ३० से.मि.सम्म वर्ष हुने यो भाग जिल्लाको लामा बगरको लप्चे क्षेत्र, गौरीशंकरको च्छोरोल्पा क्षेत्र, खारे तथा मार्बुको उत्तरी क्षेत्र, श्यामा गा.वि.स.को जटा पोखरी क्षेत्र, बिगु आलम्पु गा.वि.स.को फुर्मा भञ्ज्याङ क्षेत्र र चीनको सीमा क्षेत्रका हिमाली श्रृंखलामा यो हावापानी  पाइन्छ ।

**घ) टुण्ड्रा हावापानी** :

समुद्र सतहदेखि ५,००० मिटरदेखि उचाइँ जहाँ बाह्रै महिना हिउँ जम्छ, यहाँको तापक्रम ०° से. भन्दा कम र प्रायः हिमपात भइरहने गर्छ । गौरीशंकर हिमालको क्षेत्र, मेलुङत्से क्षेत्र र उत्तरी सीमानामा पर्ने रामदिङ्गो भञ्ज्याङ, टासीलाप्चा भञ्ज्याङ, ड्राङड्राङ्गी भञ्ज्याङ, ठाङना भञ्ज्याङ, पामालाका भञ्ज्याङ इत्यादि क्षेत्रमा यो हावापानी पाइन्छ ।

## २.१.६ सम्भावित भूक्षय क्षेत्र

दोलखा जिल्लाले ओगटेको सम्पूर्ण भूभाग मध्ये ६९.६५ प्रतिशत जग्गा ३० डिग्रीभन्दा बढी भिरालोपन भएको सन्दर्भमा यो जिल्ला भूक्षयको हिसाबले ज्यादै संवेदनशील रहेको छ । जिल्लाको लाँकुरी डाँडा गा.वि.स.को खरीढुङ्गा क्षेत्र, बोच, मागापौवा, फस्कु, काटाकुटी र भीमेश्वर नगरपालिकाको चरणावती नदीको आसपासको क्षेत्र, मेलुङ्ग, वराङ्ग, बुलुङ्ग, लादुक, चंखु, खारे, मार्वु, झ्याँकु, र सुनखानी क्षेत्रहरू भूक्षयका दृष्टिले सम्वेदनशील देखिएका छन् ।

## ) जलभण्डार

दोलखा जिल्लाको कूल क्षेत्रफलमध्ये पानीले ढाकेको क्षेत्रफल ७०६८ हेक्टर अर्थात् ३.२९ प्रतिशत रहेको छ । यसबाहेक वर्षैभरि हिउँले ढाक्ने उच्च हिमाली भेकको क्षेत्रफल ५६६५ हेक्टर अर्थात् २.६४ प्रतिशत रहेको  छ । नदीनालाको हिसाबले यस जिल्लालाई सम्पन्न जिल्ला मानिन्छ । जिल्लाका प्रमुख नदीहरू निम्न बमोजिम रहेका छन् ।

**) तामाकोशी नदी** :

तिव्बतमा उद्गम भई उच्च हिमाली श्रृङ्खलाहरू पार गरी दोलखाको उत्तरी सीमाना लामाबगर हुँदै जिल्ला प्रवेश गर्ने यो नदी नेपालकै प्रसिद्ध हिमताल च्छोरोल्पाको विशाल जलाशयको पानीलाईसमेत समाहित गर्दै जिल्लालाई मध्यभागबाट चिर्दै प्रवाह भएको छ । रोलवालिङ, सिंगटी, दोल्ती, गुमु, गोपी, घ्याङ, अधेरी, चर्नावती, खिम्ती खोलाहरू यस नदीका प्रमुख सहायक खोलाहरू हुन् । तोरीखेत बेसी, दोलखाबेसी, मार्वु बेसी, जिलु बेसी, गोपी बेसी, जफे बेसी, बगुवा बेसी, नौंसय बेसी, ठूलीबेसी इत्यादि यस नदीका आसपासमा रहेका उर्वर खेतीयोग्य फाँटहरू हुन् ।

**) खिम्ति खोला** :

दोलखा जिल्लाको दक्षिणपुर्वी सीमानाबाट प्रवाहित यो हिमाली खोला श्यामा गाविसको (मिलनबिन्दु ५५०२ मि.) को जटापोखरी खर्कक्षेत्र र रामेछाप जिल्लाको गुम्देल र चुचुरे गाविसबाट उद्गम भएको छ । जटापोखरी तथा पाँचपोखरी क्षेत्रबाट प्रवाहित ग्वाङ खोलामा समाहित भए पश्चात् यो खोला निरन्तर दोलखा जिल्लाको दक्षिणपूर्व सीमानाबाट प्रवाहित हुँदै

खिम्ती बेंसीमा तामाकोशी नदीसँग समाहित हुन्छ । यस खोलाबाट नेपालकै निजी क्षेत्रको पहिलो ठूलो खिम्ती -१ जलविद्युत आयोजना (६० मेघावाट) को निर्माण कार्य पूरा भई विद्युत उत्पादन शुरू भएको छ ।

- **रोल्वालिङ खोला :**

४५८१ मिटर उचाईँमा रहेको नेपालकै प्रसिद्ध र सनसनीपूर्ण च्छोरोल्पा हिमतालबाट बगेर आउने यो रोल्वालिङ खोला तामाकोशी नदीको प्रमुख सहायक नदी हो । गौरीशङ्करको फेदबाट ना र वेदिङ हुँदै तामाकोशीमा समाहित हुने यस खोलाबाट अत्यन्त सस्तो लगानीमा १२० मेगाबाट जलविद्युत उत्पादन गर्न सकिने प्रारम्भिक अध्ययन सर्वेक्षणसमेत सम्पन्न भएको छ ।

- **सिंगटी खोला :**

जिल्लाको उत्तरपश्चिम भाग चीनको सीमाना पोखरेडाडाँबाट (४५८७ मि. उचाइँ) विगु, आलम्पु, खोपाचागु, चिलंखा, लादुक, वावरे र लामीडाडाँ गा.वि.स.हरूलाई दायाँबायाँ राख्दै सिंगटी बजारमा पुगी तामाकोशीसँग मिस्सिने यस खोलाका अन्य सहायक खोलाहरू सोरूङ, कोथेली, भ्कोरूङ, सोर्पा, दोरूङ आदि हुन् । तामाकोशी नदीलाई सिंगटीमा यो खोला मिस्सिएपछि मात्र तामाकोशी भन्ने प्रचलन छ र यसभन्दा माथिल्लो भागलाई स्थानीय वासीहरू भोटेकोशी भन्न रूचाउँछन् ।

- **गुमुखोला :**

प्रसिद्ध तीर्थस्थल कालिञ्चोक भगवतीको उत्तरपट्टि लापीलाङ डाँडोबाट उद्गम हुने यो गुमुखोला पिखुती बजारमा गई तामाकोशीमा मिसिन्छ । लापिलाङ गा.वि.स.लाई दुई भागमा चिर्दै बग्ने यो खोलाले लामीडाँडा र सुनखानीसमेतलाई आसपासमा राखेको छ । ग्रामीण उर्जा विकास कार्यक्रमको सहयोगमा यस खोलाबाट २२ किलोवाटको साना जलविद्युत् आयोजनासमेत सञ्चालित छ ।

- **दोल्तीखोला :**

प्रसिद्ध धार्मिक तीर्थस्थल सुन्द्रावती मन्दिरको सिरानबाट सुष्पा र सुन्द्रावती गा.वि.स. हुँदै बग्ने यो खोला रातामाटे नागदहमा पुगी तामाकोशीमा समाहित हुन्छ ।

- **चरणावती खोला :**

भीमेश्वर नगरपालिका र वोच गा.वि.स.लाई छुट्टाउँदै हात्तीछहराबाट बग्दै आउने यो खोला अर्को महत्वपूर्ण जल भण्डार हो । तामाकोशीको पूर्वपट्टिबाट तामाकोशीमा मिस्सिने गोपीखोला र पश्चिमबाट मिस्सिने चरणावती दोभान वेनीघाट  बाला चतुर्दशीमा मेलासमेत लाग्ने तीर्थस्थल हो । शेरावेंसी, खकालेवेंसी, सुंगुरेवेंसी, काउलेवेंसी यस खोलाका आसपासमा रहेका उर्वर भूमिहरू हुन् ।

- **गोपीखोला :**

हनुमन्ते खानीक्षेत्रबाट बग्ने खानीखोला र गैरिमुदीको  सिरानबाट झरेको गोपीखोला मिस्सिएपछि बन्ने यस गोपीखोलाको आसपासमा मजुवावेंसी, गोर्पावेंसी जस्ता उर्वर भूमिहरू रहेका छन् ।

- **घ्याङखोला :**

शैलुंगको शिरबाट उद्‌गम भई पवटी र घ्याङसुकाठोकर गा.वि.स.लाई छुट्याउँदै बग्ने यो खोला चैतेघाटसँगै तामाकोशीमा समाहित हुन्छ । यस खोलाबाट पवटी तथा घ्याङ सुकाठोकरका केही जमिनमा सिँचाई सुविधासमेत उपलब्ध गराइएको छ ।

यी बाहेक जिल्लामा सानाठूला गरी अन्य ५० वटा जति खोलाहरू रहेका छन् । कालिञ्चोक कुण्ड र पाँच पोखरी कुण्ड लगायत चर्चित च्छोरोल्पा हिमताल यही जिल्लामा पर्दछ । करिब ५०० मिटरको उचाइँबाट झर्ने पाँच पोखरी झर्ना पनि यहीँ छ ।

## २.१.७ प्राकृतिक वनस्पति

यस जिल्लामा निम्नअनुसारको प्राकृतिक वनस्पति पाइन्छ ।

**क) उष्ण सदावहार वन** :

यस्तो वन अत्यधिक तापक्रम र वर्षा हुने क्षेत्रहरू विशेष गरी पहाडी खोंच, जहाँको उँचाइ १,२०० मि. सम्म हुन्छ, आदिमा पाइन्छ । यहाँका रूखहरू कडा काठयुक्त हुन्छन् । प्रायः वर्षैभरी हरियो भइरहनु, बाक्लो र ग्रीष्मका थोरै दिनसम्म पात झर्नु यहाँको वनको विशेषता हो । साल, चिलाउने, आँप, सिमल, कटहर, बाँस, नास्पाती, अम्बा, केरा आदि रूखहरूका

जातजाति पाइन्छन् । खर तथा लामो-लामो ढड्डी घाँसहरूसमेत यस जङ्गलमा पाइन्छ । यस्ता वनस्पतिहरू भीरकोटको तल्लो क्षेत्र, नाम्दुको तल्लो क्षेत्र, चैतेघट, मालुखोला, सितली र किर्नेटार क्षेत्रमा पाइन्छन् ।

**ख) पतझड मौसमी वन** :

मध्य महाभारतीय पर्वत खण्डको १,२०० मि. देखि २,१०० मि. सम्मको उँचाइमा यो वनस्पति पाइन्छ । उचाइँ बढ्दै जाँदा तामक्रम घट्ने हुँदा शीतकालमा यहाँका रूखका पातहरू झर्दछन् अथवा सदावहार हुँदैनन् । यस वन प्रदेशमा केही मिश्रित जातका वनस्पतिहरूको बाहुल्यता रहन्छ । वर, पीपल, बाँस, उत्तीस, गुराँस, कटुस, ओखर, आँप, चिलाउने, निगालो, वनमारा, खोटेसल्लो तथा अमला, जुनार, कागती र अन्य अमिला जातका फलफूलहरू प्रचुर मात्रामा पाइन्छन् । जिल्लाको मध्य पहाडी भेगको अधिकांश क्षेत्रमा यस किसिमको पतझड बन पाइन्छ ।

**ग) सदावहार कोणधारी वन** :

समुद्री सतहबाट २,१००-३,३०० मि.सम्मको उचाइँमा यो वनस्पति पाइन्छ । यहाँ पाइने वनस्पतिका पातहरू केही कोण आकारका हुन्छन् जसले नियमित हुने हिमपातबाट स्वयंको रक्षा गर्दछन् । प्रायःजसो सल्लो, देवदारु, धुपी, लोठसल्लो, निगालो, गुराँस, वनमारा, चिराइँतो, जटामसी, बोझो जस्ता नरम वनस्पतिहरू यहाँ प्रचुर मात्रामा पाइन्छन् । कालिञ्चोक, शैलुङ्ग, देउराली, बेदिङ क्षेत्रहरू यस प्रकारका महत्वपूर्ण र घना जङ्गलहरू हुन् ।

**घ) लेकाली तृणभूमि** :

हिमालय पर्वतको तल्लो भागमा ३,३००-५,००० मिटरसम्मको उँचाइमा यो वनस्पति पाइन्छ । विभिन्न वासनादार फूलहरूले गर्दा यहाँ लेक लाग्ने संभावना प्रवल हुन्छ । विगु, आलम्पुको उत्तरी क्षेत्र, गौरीशंकर, लामाबगर, खारे, मर्खु, सुरी, श्यामा, चेखु गा.वि.स.का माथिल्लो भागमा यस प्रकारको वनस्पतिको प्रचुरता देखिन्छ ।

**ङ) शीत मरूस्थलीय वनस्पति** :

उच्च हिमाली भूखण्डको ५,००० मि. भन्दा माथिको उँचाइमा यो वनस्पति प्रदेश पर्दछ । सालैभरि हावापानी अत्यन्तै चिसो हुने र ठाडो चट्टानी भीरहरूमा काई, झ्याउ तथा

वास्नादार वनस्पतिहरू पनि पाइन्छन् । टुण्ड्रा हावापानी क्षेत्रको रामदिंगो भञ्ज्याङ, टांसीलाण्चा भञ्ज्याङ, ठोङना भञ्ज्याङ इत्यादि सीमा क्षेत्रको वनस्पतिहरू यसका उदाहरणहरू हुन् ।

## २.१.८ राजनैतिक विभाजन

दोलखा जिल्लालाई दुई संसदीय क्षेत्र, ११ इलाका, ५१ गाविस र एक नगरपालिकामा विभाजन गरिएको छ । जिल्लाको ५१ वटा गाविसमध्ये तामाकोशी पारिका २३ वटा र तामाकोशी वारिका ५ वटा गरी कूल २८ वटा गाविस क्षेत्र नं. एकमा राखिएको छ भने तामाकोशी वारिका २३ वटा गाविस र एक नगरपालिकालाई क्षेत्र नं. २ मा राखिएको छ । इलाका विभाजन निम्नानुसार रहेको छ ।

| इलाका नं. | भौगोलिक क्षेत्र |
|---|---|
| १ | गौरीशंकर, खारे, मार्वु, चंखु र सुरी |
| २ | झ्याँकु, जुँगु, क्षेत्रपपा, नाम्दु र काब्रे |
| ३ | जिरी, माली, श्यामा र ठूलो पातल |
| ४ | गैरीमुदी, मिर्गे, भिरकोट र झूले |
| ५ | हाँवा, च्यामा, मालु, शहरे र जफे |
| ६ | डाँडाखर्क, मेलुङ, भेडपु, घ्याङसुकाठोकर र पवटी |
| ७ | फस्कु, मागापौवा, शैलुङ्केश्वर, काटाकुटी, ताम्चेत र भूषाफेदा |
| ८ | लाँकुरीडाँडा, बोच र भिनपाका वडा १ र ५- १३ सम्म |
| ९ | सुष्पाक्षमावती, शुन्द्रावती, सुनखानी र भीनपाका वडा २, ३ र ४ |
| १० | लापीलाङ, लामीडाँडा, वावरे, खोपाचागु, आलम्पु र कालिञ्चोक |
| ११ | विगु, चिलंखा, लादुक, बुलुङ, ओराङ र लामावगर |

## २.१.९ जनसंख्या

वि.सं. २०४८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार यस जिल्लाको जनसंख्या १,७३,२३६ थियो, जसमा पुरूष ८४,८२५ (४८.९६% ) र महिला ८८,४११ (५१.०४% ) थिए । २०३८ सालको जनगणना अनुसार यो संख्या १५०५७६ थियो । २०३८ सालदेखि २०४८ सालसम्मको १० वर्षको अवधिमा २२३६० ले वृद्धि भएको देखिन्छ । २०५७ मा पुरूष १,०९,३६९ (५०.३५%) र महिला १,०७,८४९ (४९.६५%) गरी जम्मा २,१७,२१८ (जि.वि.स.बाट भएको प्राथमिक तथ्याङ्क सङ्कलनबाट) रहेको छ । २०४८ देखि २०५७ को जनसंख्या वृद्धिदर २.५ प्रतिशत रहेको छ । जुन वृद्धिदर राष्ट्रिय दर भन्दा उच्च छ (तालिका नं. ३) ।

तालिका नं. ३

| क्र स | विवरण | जनगणना २०२८ | जनगणना २०३८ | जनगणना २०४८ | घरधुरी सर्वेक्षण ( जिविस/एलजिपि) २०५८ |
|---|---|---|---|---|---|
| १ | कूल जनसंख्या | १,३०,०२२ | १,५०,५७६ | १,७३,२३६ | २,१७,२१८ |
| २ | पुरुष | ६३,१८० | ७४,९१० | ८४,८२५ | १,०८,१७० |
| ३ | महिला | ६६,८४२ | ७५,५६६ | ८८,४११ | १,०९,०४८ |
| ४ | कूल घरधुरी | | २८,८४८ | ३५,८७२ | ३९,९२३ |
| ५ | औसत परिवार संख्या | | ५.२ | ४.८ | ५.४३ |
| ६ | जनघनत्व (प्रति वर्ग किमि) | | ६८.७ | ७९.१ | ९९.१४ |
| ७ | आर्थिक रूपमा सक्रिय | | ७२,१५५ | ९३,२१६ | १,३८,६४८ |

जिल्लाको कुल जनसंख्या २,१७,२१८ मध्ये नगरपालिका क्षेत्रभित्र २३,१३४ (१०.६५%) बसोवास गर्दछन् र ५१ गा.वि.स.हरूमा १,९४,०८४ (८९.३५%) मानिस बसोवास गर्दछन् । यस जिल्लाको कुल जनघनत्व २०४८ सालको जनगणना अनुसार ८५ प्रति वर्ग कि.मि. रहेकोमा हाल ९९.१४ प्रतिवर्ग कि.मि. रहेको छ ।

जातजाति अनुसार जनसंख्या तथा घरधुरी विवरण जातिगत आधारमा दोलखा जिल्लाको घरधुरी तथा जनसंख्या वितरण निम्न अनुसार रहेको छ ।

| जातजाति | घरधुरी | जनसंख्या |
|---|---|---|
| क्षत्री | १,५१६ | ८२,७९६ |
| तामाङ | ५,९९० | ३२,६९९ |
| व्राह्मण | ४,०८५ | २२,३०० |
| नेवार | ३,५९२ | १९,६०९ |
| थामी | २,८७५ | १५,६९५ |
| शेर्पा | २,२८४ | १२,४६८ |
| कामी | १,३९७ | ७,६२६ |
| जिरेल | ८७० | ४,७४९ |
| दमाई | ८२२ | ४,४८७ |
| मगर | ६२७ | ३,४२३ |
| सार्की | ६०२ | ३,२८६ |
| सुनुवार | ४२६ | २,३२६ |
| गुरूङ | २८१ | १,५३४ |
| योगी | २१५ | १,१७५ |
| माझी | ९५ | ५१९ |
| भुजेल | ५० | २७३ |
| सुरेल | ३३ | १८० |
| अन्य | ५१२ | २,०७३ |
| जम्मा | ३९९२३ | २,१७,२१८ |

) **भाषा र धर्म अनुसार जनसंख्या विवरण**

| भाषा | प्रतिशत |
|---|---|
| नेपाली | ७१.७१ |
| तामाङ | १५.०३ |

| धर्म | प्रतिशत |
|---|---|
| हिन्दू | ७१.०५ |
| बौद्ध | २८.५९ |

| | |
|---|---|
| शेर्पा | ५.७३ |
| जिरेल | २.१८ |
| नेवार | १.७५ |
| सुनुवार | १.०७ |
| अन्य | २.५३ |
| जम्मा | १०० |

| | |
|---|---|
| अन्य | ०.३६ |
| जम्मा | १०० |

स्रोतः दोलखा जिल्लाको परिचय र पार्श्वचित्र, २०५८

## २.१.१० आर्थिक तथा रोजगारीको स्थिति

### अर्थतन्त्रको संरचनात्मक स्वरूप

जिल्लाको कूल जनसंख्यामध्ये आर्थिक रूपले सक्रिय १० वर्षभन्दा माथि ५९ सम्मका १,३८,६४८ (६३.८३%) रहेका छन् । यी मध्ये कृषिमा ९१.५%, सेवामा ३.८%, व्यापारमा १.४%, उद्योगमा ३.३% छन् । सामान्यतः मजदुरी पेसामा संलग्न व्यक्तिहरू कूल जनसंख्याको १७.५% देखिए पनि यो जनशक्ति कृषिको समयमा सोही काममा व्यस्त रही बाँकी समय मात्र मजदुरी पेसामा संलग्न हुने हुँदा कृषिमा संलग्न हुने जनशक्तिको संख्या बढी देखिएको हो । जिल्लाको अर्थतन्त्रमा कृषिले अधिकांश योगदान पुऱ्याइरहेका छ । जनगणना २०४८ को अनुसार कृषिक्षेत्रको रोजगारीमा योगदान ९२% रहेको छ ।

## २.१.११ कृषि तथा पशुजन्य उत्पादनको स्थिति

जिल्लाको प्रमुख खाद्यान्न तथा नगदे बालीको उत्पादन स्थिति (आ.व. २०५६/५७) निम्नानुसार रहेको छ ।

| क.सं. | बाली | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.ट.) |
|---|---|---|---|---|
| १ | धान | घ,ज्ञण्ण | ठ,टछठ | द्द.द्धठ |
| २ | गहु | छ,द्धण्ण | ठ,ण्णद्द | ज्ञ.छद्द |
| ३ | मकै | छ,घछट | ढ,ण्छछ | ज्ञ.ठण |

| | | | | |
|---|---|---|---|---|
| ४ | कोदो | घ,छढघ | घ,डडठ | ज्ञाण्ड |
| ५ | आलु | द्द,द्धणघ | ज्ञट,डद्दज्ञ | ठ.णण |
| ६ | तरकारी | ढद्धछ | ढ,ज्ञडण | ढ.ठज्ञ |
| ७ | फलफूल | ठछछ | द्ध,छघण | ट.ण |

स्रोतः दोलखा जिल्लको परिचय र पार्श्वचित्र, २०५८

## ) पशुपंक्षीजन्य उत्पादन स्थिति

| क.सं | उत्पादित वस्तु | परिमाण |
|---|---|---|
| १. | चिज | ३९,००० के.जी. (०५६/५७) |
| २. | दूध | १२,१६१ मे.टन (०५७/५८) |
| ३. | मासु | २,१६६ मे.टन (०५७/५८) |
| ४. | फुल | ११,१९१ हजार (०५७/५८) |
| ५. | मख्खन | १२,५०० के.जी. (०५६/५७) |
| ६. | ऊन | ११,१८८ के.जी. (०५७/५८) |
| ७. | छाला | ६,१७४ के.जी. (०५७/५८) |

स्रोतः दोलखा जिल्लको परिचय र पार्श्वचित्र, २०५८

## ) आत्मानिर्भरता

उच्च जनसंख्या वृद्धिदरका कारण हुन आउने जनसंख्यालाई खाद्यान्न आपूर्ति गर्न जिल्ला असमर्थ रहेको छ । सरदर १ व्यक्तिलाई वार्षिक खाद्यान्न २४० के.जी. चाहिने हुन्छ, तर यहाँको उत्पादनले सरदर २०९ के.जी. प्रतिव्यक्ति मात्र धान्न सक्ने भएकोले सरदर ३१ के.जी. प्रतिव्यक्ति खाद्यान्न न्यून देखिन्छ । त्यस्तै तरकारी उत्पादन सरदर प्रतिव्यक्ति वार्षिक ४७.७ के.जी. भएको छ तर प्रतिव्यक्ति वार्षिक ६० के.जी.तरकारी आवश्यक हुन्छ । यसरी तरकारीमा पनि प्रतिव्यक्ति वार्षिक १२.३ के.जी. न्यून देखिन्छ । जिल्लामा प्रमुखतया सुन्तला जातको फलफूल उत्पादन हुन्छ । तरकारीतर्फ काउली, बन्दा, मुला, सिमी, प्याज, गोलभेंडा प्रमुखरूपमा उत्पादन हुन्छ । फलफूल र तरकारीमा पनि जिल्ला आत्मनिर्भर हुन सकेको छैन । पशुपंक्षीजन्य उत्पादनतर्फ भने

आ.व.२०५२/५३ को तुलनामा दूध, मासु र फुलको उत्पादनमा भने वार्षिक रूपमा क्रमशः ३ लिटर, ६.७५ के.जी. र २०.९ गोटाले वृद्धि भएको छ ।

## ) कृषि योग्य भूमिको स्वामित्व स्थिति

जिल्लामा भूस्वामित्वको स्थिति निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| भूमिहीन | ३९८ घर | १.० प्रतिशत |
| ३ रोपनीसम्म | ७,१०० घर | १७.८४ प्रतिशत |
| ३-१० रोपनीसम्म | १४,४१२ घर | ३६.२१ प्रतिशत |
| ११-२० रोपनीसम्म | १०,८२४ घर | २७.२ प्रतिशत |
| २०-३० रोपनीसम्म | ४,९३२ घर | १२.३९ प्रतिशत |
| ३० रोपनीभन्दा माथि | २,१२४ घर | ५.३३ प्रतिशत |
| जम्मा | ३९,७९१ घर | १०० |

स्रोतः दोलखा जिल्लाको परिचय र पार्श्वचित्र २०५८

यसरी दोलखा जिल्लामा भूमिहीन तथा न्यून भूमि (३ रोपनी भन्दा कम) भएका परिवारको संख्या क्रमशः १.० प्रतिशत र १७.८४ प्रतिशत रहेको छ ।

## ) रसायनिक मलको प्रयोग

रासायनिक मलतर्फ जिल्लामा अहिले युरिया ९९० मे.टन, डि.एपि ९० मे.टन, पोटास ४.५ मे.टन प्रतिवर्ष आपूर्ति भएको छ । तर यो परिमाणले जिल्लाको लागि आवश्यक पर्ने रासायनिक मल पूर्ण रूपमा आपूर्ति गर्न सकिरहेको छैन । निजी क्षेत्रबाट पनि रासायनिक मलको आपूर्ति कार्यको शुरूवात भए तापनि यसको परिमाणको तथ्याङ्क उपलब्ध हुन सकेको छैन । निजी क्षेत्रबाट बिक्री वितरण भएको मलको गुणस्तरीयतामा कमी रहेको गुनासो पनि छ । जिल्लाको कृषि उत्पादन वृद्धिको लागि थप यूरिया ९२४ मे.टन, डि.एपि १,३९४.५ मे.टन, पोटास १,०१७.७ मे.टन वार्षिक रूपमा उपलब्ध भई समुचित प्रयोग भएमा खाद्यान्नतर्फ जिल्ला आत्मनिर्भर हुने र व्यवसायिक कृषि प्रणाली अघि बढ्ने देखिन्छ ।

## ) कुल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय

जिल्लाको कुल गार्हस्थ उत्पादनको हिसाब निकाल्न जिल्लाभित्र उत्पादन हुने कृषि, पशुपालन, माछा पालन, वनजन्य उत्पादन, खानी क्षेत्र, उत्पादन क्षेत्र, विद्युत्, ग्याँस र जलशक्तिको प्रयोगको अवस्था, निर्माण, होटल व्यापार र रेस्टुरेन्ट, यातायात, सञ्चार भण्डार, वित्तीय एवम् रियल स्टेट, सामुदायिक तथा व्यक्तिगत सेवासमेतको उत्पादन तथा आम्दानीको स्तर आँकलन गनुपर्ने हुन्छ । त्यसैले जिल्लाको यी सबै तथ्यको हिसाब गरी घरपरिवार तथा व्यक्तिको आयस्तर निर्धारण गर्न अत्यन्त कठिन रहेको छ । जिल्लामा उपलब्ध तथ्याङ्को आधारमा जिल्लाको कुल गार्हस्थ उत्पादन निम्नानुसार देखिएको छ ।

| क.सं. | शीर्षक | आधारवर्ष ०५६/५७ (रु.हजारमा) |
|---|---|---|
| १. | कृषिजन्य उत्पादन | ५५९११५ |
| २. | पशुजन्य उत्पादन | ६०७३४१ |
| ३. | वन्यजन्य उत्पादन (घरेलु प्रयोग) | १९७२६५ |
| ४. | निकासी योग्य वनजन्य उत्पादन | १६८७ |
| ५. | घरेलु उद्योग | २६१५६ |
| जम्मा | | १३९१५६४ |

स्रोतः दोलखा जिल्लाको परिचय र पार्श्वचित्र, २०५८

यो बाहेक जिल्लाका थोक तथा खुद्रा व्यापारीहरूको वार्षिक कारोवार करिव ५ करोड २५ लाख वरावरको हुने अनुमान गरिए पनि त्यसबाट हुने आम्दानीको तथ्याङ्क उपलब्ध छैन । त्यस्तै पर्यटन क्षेत्रबाट वार्षिक करिव स्वदेशी र विदेशी गरी १५,००० पर्यटकहरू जिल्ला प्रवेश गरी सरदर ३ दिन वसाईमा करिव ६ करोड रुपियाँ जिल्लामा खर्च गर्ने अनुमान गरिएको छ । यी बाहेक सेव, खानी, उत्पादन, निर्माण, वित्तीय तथा रियल स्टेट क्षेत्रको वार्षिक कारोवार तथा आम्दानीको स्तरको तथ्याङ्क जिल्लामा उपलब्ध छैन । यसरी जिल्लाको कुल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आय निकाल्न कठिनाई परेको छ ।

## ) घरपरिवारको आयस्तर र गरिबी

ईसिमोड संस्थाले प्रकाशन गरेको अधिराज्यको जिल्लाव्यापी प्रतिवेदनमा दोलखा जिल्लाको प्रतिव्यक्ति खाद्यान्न क्यालोरी उत्पादन ११६४ देखाइएको छ । यसै तथ्याङ्कलाई आधार मानेर २०५३ मा केन्द्रीय तथ्याङ्क विभागद्वारा सम्पन्न गरिएको नेपाल जीवनस्तर सर्वेक्षणबाट प्रतिव्यक्ति २१२४ क्यालोरी आवश्यकता हुने अनुमान अनुसार दोलखा जिल्लामा खाद्यान्नको स्थिति ज्यादै न्यून रहेको देखिन्छ । उक्त आवश्यक क्यालोरी बराबरको खाद्य वस्तुको लागि रु. २,६३७ आवश्यक पर्ने र अन्य गैर खाद्य वस्तुसमेत जोड्दा जीवन निर्वाहको लागि आवश्यक पर्ने अनुमानित खर्च रु. ४,४०४ को स्थितिलाई हेर्दा दोलखा जिल्लाको प्रतिव्यक्ति आय संयुक्त राष्ट्र संघको मानवीय विकास प्रतिवेदन (१९९६) मा औंल्याइएको रु. ८,६१३ ज्यादै उच्च देखिन आउँछ । राष्ट्रिय योजनाले सुझाएको फर्मूला प्रयोग गरी प्रति वर्ष १० प्रतिशतको दरले वृद्धि गर्दै जाँदा सन् २००० को लागि जीउन आवश्यक पर्ने रकम र प्रतिव्यक्ति आय दुबैतर्फ सो रकम क्रमशः रु. ६,४४६ र रु. १२,६०९ पर्न आउँछ । यसरी सरसरती केलाउँदा दोलखा जिल्लाको आर्थिक स्थिति राम्रो देखिए तापनि भूस्वामित्वको हिसाबले जग्गा जमिन विहीन घर परिवारको प्रतिशत १ र ३ रोपनीसम्म खेतबारी हुने घर परिवारको प्रतिशत १७.४ रहेको छ । वर्षभरी खान पुग्ने घर परिवारतर्फ भने यो संख्या केवल २१.५ प्रतिशतमात्र रहेको छ । तीन महिना र ६ महिना खान पुग्ने घर परिवार क्रमशः २९ र ३० प्रतिशतलाई जोडने हो भने सामान्यतया दोलखा जिल्लामा गरिबीको संख्या ६० प्रतिशतभन्दा माथि रहेको देखिन्छ । जिविसद्वारा संकलित सूचना अनुसार तीनमहिना खानपुग्ने १३ प्रतिशत, ६ महिना खानपुग्ने ४२ प्रतिशत, ९ महिना खानपुग्ने २० प्रतिशत र १२ महिना खान पुग्ने २५ प्रतिशत रहेका छन् ।

### २.१.१२ श्रमशक्ति तथा रोजगारी

दोलखा जिल्लालाई पूर्णतः कृषि प्रधान जिल्लाको रूपमा लिन सकिन्छ । निम्न तालिकाअनुसार दोलखा जिल्लामा अझै कृषि क्षेत्रको रोजगारीमा योगदान ९२% रहेको छ । साथै जनगणना वर्ष २०२८ मा उद्योग, खानी, विद्युत्, निर्माण, व्यापार, होटेल, यातायात, सञ्चार, वित्त, घरजग्गा र सामाजिक क्षेत्रजस्ता गैर कृषि क्षेत्रको रोजगारीमा योगदान नगण्य रहेकोमा जनगणना २०४८समेतमा ८% सम्म मात्र पुग्न सकेको छ । जुन राष्ट्रिय औषत १९% बाट ज्यादै कम छ । रोजगारीमा महिलाको स्थिति सन्दर्भमा आधार वर्ष २०२८ मा आर्थिक रूपमा

सक्रिय जनसंख्यामा महिला ४२ङ्कप्रतिशत रहेको थियो भने २०३८ मा यो प्रतिशत घटेर ३७.६ र २०४८ मा भने यो बढेर ५१.० प्रतिशतमा पुगेको छ । क्षेत्रगत रोजगारी महिला स्थिति सम्बन्धमा अधिकांश महिलाहरू कृषि क्षेत्रमा नै रोजगार रहेको देखिन्छ । आधार वर्ष २०२८ मा आर्थिक रूपमा सक्रिय जनसंख्या महिला ४रं.० प्रतिशत मध्ये कृषि क्षेत्रमा ४१.९ प्रतिशत र गैर कृषि क्षेत्रमा ०.१ प्रतिशत रोजगार रहेको तथ्याङ्कले देखाउँदछ । त्यस्तै २०३८ सालमा ३७.६ प्रतिशत मध्ये ३६.७ प्रतिशत र २०४८ सालमा ५१ प्रतिशत मध्ये ४९.५ प्रतिशत कृषि पेसामा संलग्न रहेको तथ्याङ्कले देखाउँदछ ।

नेपालको कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३९.२ प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ६०.८ प्रतिशत रहेको सन्दर्भमा कृषि क्षेत्रको उत्पादकत्व र प्रतिव्यक्ति आय गैरकृषिक्षेत्रको भन्दा निकै कम रहेको स्पष्ट हुन्छ । जिल्लालाई आर्थिक रूपमा समृद्ध बनाउनका लागि कृषि क्षेत्रको आधुनिकीकरणको साथै कृषिमा आधारित उद्योग विकासतर्फ चुनौती देखिन्छ । यसरी अधिंकाश महिलाहरू कृषिक्षेत्रमा संलग्न रहेकोले आर्थिक क्षेत्र ज्यादै कमजोर रहेको पाइन्छ ।

## २.१.१३ व्यापार, पर्यटन तथा सेवाक्षेत्र

जिल्लामा थोक व्यापारी संख्या ५० र खुद्रा व्यापारी संख्या १५०० छन् । यिनीहरूले वार्षिक रूपमा क्रमशः २ करोड ५० लाख र २ करोड ७५ लाखको कारोवार गर्दछन् । प्रमुख व्यापारीक केन्द्रहरूमा चरिकोट, दोलखा, जिरी तामाकोशी, किर्नेटार, मालुखोला, सिंगटी, लामाबगर, मागा देउराली, मैनापोखरी रहेका छन् ।

दोलखा जिल्लाको प्रमुख पर्यटकीय स्थलमा गौरीशंकर हिमाल, शैलुङ डाँडा, कालिन्चोक भगवती, भीमेश्वर मन्दिर, विगु गुम्बा, बेदिङ गाउँ, जिरी बजार, च्छोरोल्पा हिमताल आदि हुन् । सगरमाथा आधार शिविरसम्म जाने पैदलमार्ग यहींबाट शुरू हुन्छ । यहाँ प्रतिवर्ष १५ हजार पर्यटक आउने अनुमान गरिएको छ जसको बसाइँ सरदर ३ दिन रहेको छ । हाल दोलखा जिल्लामा पर्यटक स्तरीय होटल २० वटा र रेस्टुरेन्ट १० वटा छन् ।

## २.१.१४ दोलखा जिल्लाको घरेलु तथा साना उद्योगको वर्तमान अवस्था

| | |
|---|---|
| १. कृषिमा आधारित उद्योग संख्या | ६८ |
| २. वनमा आधारित संख्या | ७६ |
| ३. सेवामा आधारित संख्या | २८३ |
| ४. पर्यटनमा आधारित संख्या | १० |
| ५. खानीमा आधारित संख्य | ९ |
| ६. अन्य | ६१ |
| **जम्मा** | **७०७** |

स्रोतः दोलखा जिल्लाको परिचय र पार्श्वचित्र, २०५८

यी बाहेक घरेलु समितिमा दर्ता नभई परम्परागत रूपमा सञ्चालित विभिन्न उद्योगको अनुमानित संख्या ३७९ वटा रहेका छन् । २०५२/५३ को अभिलेखको अनुसार जिल्लामा दर्ता भएका उद्योग संख्या ४०० थियो भने दर्ता नभएका उद्योग संख्या ४१५ वटा थियो । जिल्लाको उद्योगको स्थिति हेर्दा मुख्यतया सेवा क्षेत्रका उद्योगहरू बढी पर्दछन् । कृषिमा आधारित उद्योग पनि कुटानी पिसानीसँग सम्बन्धित रहेकाले औद्योगिक उत्पादन खासै देखिदैन् । वनजन्य पर्दाथमा आधारित उत्पादनहरू स्थानीय बजारमा नै खपत भएको छ । यसमा पनि काठमाडौं उपत्यकासँग सडकले जोडिएको जिल्ला भएको हुँदा कतिपय उत्पादनले प्रतिस्पर्धामा हार खानु परेको छ ।

दोलखा जिल्लामा प्रतिवर्ष सरदर ९० वटा उद्योग दर्ता हुने क्रम देखिन्छ भने ४० वटा उद्योग बन्द हुने स्थिति रहेको छ । घरेलु समितिबाट विभिन्न ५१ वटा विषयहरूमा हालसम्म २,२४० जना र विभिन्न सरकारी, गैरसरकारी निकायबाट १,१०० जनालाई सीपमूलक तालिम प्रदान गरिसकिएको छ । १७५ जनालाई घरेलु समितिबाट उद्यमी विकास तालिम पनि दिइएको छ । तर यी सम्पूर्ण तालिम प्राप्त कर्ताहरू मध्ये केवल ३५ प्रतिशत मात्र सम्बन्धित व्यवसायमा संलग्न रहेको तथ्याङ्क प्राप्त छ । यसो हुनुको प्रमुख कारक तत्वमा असम्बन्धित व्यक्तिहरू तलिममा सहभागी बन्नु, सरकारी नीतिमा अस्थिरता, सर्व सुलभ रूपमा ऋण उपलब्ध नहुनु र प्रतिस्पर्धामा टिक्न नसक्नु नै रहेका छन् ।

जिल्लामा सञ्चालित प्रायःजसो कुटीर तथा साना उद्योगहरूको लागि आवश्यक कच्चा पदार्थहरू जिल्लामा नै उपलब्ध छन् । गैर काष्ठ पैदावारहरूलाई प्रशोधन गर्ने तथा उपयोग गर्ने क्षमता जिल्लामा रहेको छैन ।

जिल्लामा प्रमुख रूपमा ढुङ्गा खानी तथा खरीढुंङ्गा खानी छन् । जिल्लाले आशिंक रूपमा स्लेट ढुङ्गाको उपयोग गरेको भएता पनि उचित व्यवस्थापनको अभाव रहेको छ । खरी ढुंङ्गा उद्योग पनि योजनावद्ध ढंगले सञ्चालन हुन नसक्दा त्यसबाट जिल्लाले खासै आर्थिक लाभ लिन सकेको छैन, बरू उल्टै भू-क्षय हुन गई वातावरणमा प्रतीकूल असर पुग्न गएको छ ।

दोलखामा घरेलु तथा साना उद्योगमध्ये कृषिमा आधारित उद्योग संख्या २६८, वनमा आधारित उद्योग संख्या ७, सेवामा आधारित व्यवसाय २८३, पर्यटनमा आधारित उद्योग संख्या १०, खानीमा आधारित संख्या ९ र अन्य ६१ गरी हालसम्म दर्ता सूचीमा जम्मा ७०७ उद्योग व्यवसायहरू रहेका छन् । जिल्लामा प्रमुख रूपमा स्लेट ढुङ्गाखानी तथा खरीढुङ्गा खानी छन । जिल्लाको आर्थिक रूपमा स्लेटढुङ्गा उपयोग गरेको भए तापनि उचित व्यवस्थापनको अभाव रहेको छ । खरीढुङ्गा उद्योग पनि योजनाबद्ध ढङ्गले सञ्चालन नहुँदा त्यसबाट जिल्लाले खासै आर्थिक लाभ लिन सकेको छैन ।

यस जिल्लामा पहिलोपटक २ करोड अधिकृत पुँजीमा दोलखा दुग्ध उद्योग लिमिटेडको स्थापना भएको छ । यस जिल्लाको भित्रका सरकारी तथा गैर सरकारी संघ संस्था र सर्वसाधारणको हिस्सा (शेयर) बाट सञ्चालित यस दुग्ध उद्योगले जिल्ला भरिका कृषकहरूको दुग्ध-सङ्कलन गर्ने उद्देश्यले प्रति घण्टा १ हजार लिटर दुग्ध प्रशोधन गर्ने क्षमता यसको रहेको छ । यस जिल्लाको महत्वपूर्ण उद्योग आलम्पु ढुङ्गानी उद्योग हो । यस जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरू चरिकोट, दोलखा, जिरी, मैनापोखरी, लामाबगर तामाकोशी (नयाँपुल), मालुखोला, माघादेउराली, च्यामादेउराली, खावा र किर्नेटार हुन । यी व्यापारिक केन्द्रका लागि सामान ढुवानी काठमाडौं प्रमुखद्वार हो भने सामान आयात गर्ने नाका तातोपानी वा तिब्बतको खासा हो । दोलखा जिल्लाका यी बजारहरूमा अधिकांश चाइनिज मालसामानको बिक्री वितरण हुन्छ । यस जिल्लामा थोक व्यापारी संख्या ५० को हाराहारीमा छन् भने खुद्रा व्यापारीको सङ्ख्या १५०० भन्दा माथि रहेको छ ।

## २.१.१५ भौतिक अवस्था

### ) सडक यातायात

दोलखा र सिन्धुपाल्चोक जिल्लाको सीमानामा अवस्थित मुडेगेटदेखि जिरीसम्म र दोलखा-चरिकोट खण्ड गरी ८६.०६ कि.मि. कालोपत्रे सडक छ । यसको अलावा तामाकोशी-खिम्ती ग्राभेल सडक २०.५ कि.मि छ, धुलौटे सडक ७३ कि.मि. छ भने यी बाहेक फस्कु, मागादेउराली, भुषाफेदा गरी ४० कि.मि.को ट्रयाक पनि खुलेको छ । हालसम्म जिल्लाको १४ गा.वि.स.मा मोटरबाटो पुगिसकेको छ । तर पनि २६,६९० घर परिवारले यातायात सुविधा उपभोग गर्न ६ कि.मि. भन्दा पनि टाढा हिंडेर जानु पर्ने बाध्यता रहेकै छ । कूल सडक घनत्व १२.२९ कि.मि./हेक्टर छ । कृषि उत्पादन एवम् घरेलु उद्योगको उत्पादन र निर्यात स्थितिलाई हेर्दा जिल्लाले सडक सुविधाबाट उचित फाईदा लिन नसकेको देखिन्छ । जिल्लाको उत्तरी क्षेत्रको २१ वटा गाविस लाभान्वित हुने ३५ कि.मि. लामो दोलखा-सिंगटी सडक निर्माण कार्य अन्तिम चरणमा छ । दोलखा जिल्लाको सडकहरूको समग्र स्थिति तल तालिकामा दिइएको छ ।

### जिल्लामा रहेका ग्रामीण सडकहरूको विवरण

| क्रसं | सडकको नाम | जम्मा लम्बाइ | ०५३/५४ अघि निर्माण भएको सडक लम्बाइ (कि.मि.) | हालसम्मको प्रगति लम्बाइ (कि.मि.) | निर्माण हुन बाँकी सडक लम्बाइ (कि.मी.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मुडे-जिरी (कालोपत्रे) | डछ | डछ | ( | ( | |
| २ | चरिकोट-दोलखा (कालोपत्रे) | द्ध | द्ध | ( | ( | |
| ३ | तामाकोशी-किर्नेटार ( ग्राभेल) | द्द | द्द | ( | ( | |
| ४ | दोलखा-सिंगटी | घछ | घ | द्ड | ठ | |
| ५ | मुडे-मेलुङ-सितली | छछ | घ | द्घ | घद्द | |
| ६ | भिरकोट-छौडे | ज्ञज्ञ | ण | ण | ज्ञज्ञ | छोडेसम्म ट्र्याक खोलि सकेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | खावा-छौडे | ज्ञढ | ढाछ | ज्ञढ | ण | |
| ८ | सिद्धकोथान-जुंगु-सिंगटी | घण | ण | ठाछ | द्दाछ | |
| ९ | सुनखानी-साङवा | घण | ण | छ | द्छ | |
| १० | सिंगटी-लामाबगर | द्ण | ण | ण | द्ण | |
| ११ | जिरी-माली-श्यामा | द्घ | ण | द् | द्ज्ञ | |
| १२ | नयाँपुल-पवटी | ज्ञण | ण | ण | ज्ञण | |
| १३ | बुस्ती-पुतलीकाठ | ठाछ | ण | द्धाछ | घ | |
| १४ | चरिकोट-देउराली-कालिन्चोक | द्ज्ञ | णाछ | ट | ज्ञछ | |
| १५ | काब्रे-बगर | द्ध | ण | ज्ञ | घ | |
| १६ | जिरी-ठोसे | छाछ | द्ध | ज्ञाछ | ण | |
| १७ | नाम्दु-मार्वु | द्धाछ | ज्ञ | द् | द्ाछ | |
| १८ | मागा-देउराली | ड | ण | ड | ण | |
| १९ | | द्डघाछ | द्ज्ञ | ज्ञण्ठाछ | ज्ञडण | |

स्रोतः दोलखा जिल्लाको परिचय र पार्श्वचित्र, २०५८

## २.१.१६ सञ्चार

जिल्लाको सञ्चार प्रणालीमा हुलाक सेवा र टेलिफोन नै महत्वपूर्ण स्थान ओगटेको छ । जिल्लाको सदरमुकाममा जिल्ला हुलाक कार्यालयको अलावा इलाका हुलाक १० वटा र अतिरिक्त हुलाक ४३ गरी जम्मा ५४ हुलाक सेवाहरू सञ्चालनमा रहेको छ, जुन प्रति ४,०२९ व्यक्ति बराबर १ हुलाक पर्दछ । टेलिफोन लाइन ३०० बितरण गरिएको छ । यस अनुसार प्रति टेलीफोन ७२४ जनसंख्या पर्न जाने देखिन्छ । टेलिफोन लाइन सदरमुकाम लगायत ८ वटा गा.वि.स.मा मात्र उपलब्ध छ । फ्याक्स सुविधा सदरमुकाममा मात्र छ भने इमेल, इन्टरनेट सुविधाबाट यो जिल्ला अझै लाभान्वित हुन सकेको छैन ।

## २.१.१७ विद्युत र वैकल्पिक उर्जा

दोलखा जिल्लाको ८ वटा गा.वि.स. लगायत भीमेश्वर नगरपालिका क्षेत्र भित्र राष्ट्रिय ग्रीडबाट विद्युत सुविधा उपलब्ध गराइएको छ। नगरपालिका र ३ वटा अन्य गा.वि.स.मा मात्र अधिकांश वडालाई विद्युत सुविधा उपलब्ध छ भने अन्य ५ गा.वि.स. भने यस सुविधाबाट आंशिक रूपमा लाभान्वित भएको देखिन्छ। विद्युत सुविधाबाट लाभान्वित परिवार संख्या ग्रामीण क्षेत्रमा २,८८७ र शहरी क्षेत्रमा १,८८५ छन् । निजी क्षेत्रबाट सञ्चालित खिम्ति जलविद्युत् आयोजना यही जिल्लामा सञ्चालन भए तापनि सो परियोजनाबाट उत्पादित विद्युतबाट जिल्लाले खासै फाईदा लिन सकेको छैन।

साना जलविद्युत कार्यक्रम अन्तर्गत हाल जिल्लामा ४० घर सोलार इन्धन, गोवर ग्याँस ९६ घर, स्थानीय विद्युत् उत्पादन (पेल्ट्रीक, घट्ट ) बाट ५०२ घर र उर्जा विकासबाट ३६१ घर लाभान्वित भएका छन् । यसका अतिरिक्त अन्य उर्जाका स्रोतहरूमा मट्टितेल र दाउरा छन् । प्रति वर्ष ०.४ प्रतिशतले वन क्षेत्रको ह्रास हुँदै गएको तथ्याङ्क छ।

## २.१.१८ खानेपानी आपूर्ति

दोलखा जिल्लाका ७३.७९ प्रतिशत जनता पाईप प्रणालीद्वारा बितरित खानेपानीबाट लाभान्वित छन्, जसमध्ये ६० प्रतिशत जिल्ला खानेपानी कार्यालयबाट र १३.७९ प्रतिशत जि.वि.स. एवम् स्थानीय संघ-संस्थाबाट निर्मित खानेपानी सुविधा उपभोग गर्दछन् । अन्य ५ प्रतिशत जनता सुरक्षित कुवा, पँधेरोबाट पानी उपभोग गर्ने गर्दछन् ।

## २.१.१९ सिँचाई

जिल्लाको कूल सिँचाई योग्य भूभाग २४,०४२ हेक्टर मध्ये हालसम्म ७,५०७ हेक्टर भूभाग अर्थात् ३१.२२ प्रतिशतमा सिँचाई सुविधा प्राप्त भएको छ । जसमध्ये १,४२० हेक्टरमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ । यसरी खाद्यान्न तथा तरकारी न्यून हुनुको एक प्रमुख कारण सिँचाईको अभाव पनि रहेको छ। सिँचाइ प्रणालीमा पक्की कुलो, परम्परागत कुलो र स्प्रिङकलर नै प्रमुख रहेका छन् ।

## २.१.२० शिक्षा

शिक्षा जिल्लामा सेवारत तहगत शिक्षण संस्था, विद्यार्थी र शिक्षक संख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ -

| क्र.सं. | विद्यालय तह | संख्या | विद्यार्थी | | | शिक्षक | | | शिक्षक/विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | महिला | पुरूष | जम्मा | |
| १. | प्राथमिक | द्ढठ | ज्ञढठडण | द्छडढड | द्धछटठड | ज्ञटद्ध | डद्ढ | ढढघ | ज्ञ.द्धद्ध |
| २ | नि.मा.वि. | घद्ध | घण्घछ | छद्धढद् | डछद्ठ | ट | ज्ञद्धण | ज्ञद्धट | ज्ञ.छठ |
| ३. | मा.वि. | द्धघ | ज्ञण्टज्ञ | द्ण्ढड | घज्ञछढ | ज्ञ | ज्ञघण | ज्ञघज्ञ | ज्ञ.द्द्ध |
| ४. | उच्चमा वि | ज्ञण | ज्ञद्धण | घद्ढ | द्धटढ | ज्ञ | ज्ञद् | ज्ञघ | ज्ञ.घट |
| ५. | प्राविधिक शिक्षालय | द् | ज्ञछड | ज्ञछज्ञ | घण्ढ | (एक निजी र एक सरकारी) | | | |
| ६. | क्याम्पस | घ | ज्ञडद्ध | द्धढ | द्धघघ | - | द्ज्ञ | द्ज्ञ | ज्ञ.द्ज्ञ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, दोलखा

उपर्युक्त तालिकामा व्यक्तिगत तथा समुदायिक क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाहरू पनि समाविष्ट छन्, (जसमा पूर्व प्राथमिक कक्षा विद्यालय पनि समाविष्ट छन्) हाल जिल्लाको साक्षरता प्रतिशत महिला २७.३८ प्रतिशत पुरूष ६८.८८ प्रतिशत कूल औसात ४७.६३ प्रतिशत रहेको छ । प्राथमिक विद्यालयको सहजै देखिने भर्नादर ९¬ज्ञ० १२३ प्रतिशत, खुद भर्नादर ९ल्ज्ञ० ८६.११ प्रतिशत र विद्यालय परित्यागदर १६.२७ प्रतिशत छ । सिकाई उपलब्धिदर ४१.८९ प्रतिशत छ तथा एस.एल.सी. उत्तीर्ण प्रतिशत (२०५२ देखि २०५६ सम्मको) औसत ३५.४८ प्रतिशत रहेको छ । जिल्लाको ३ देखि ५ वर्ष उमेर समूह र ६ देखि १० वर्ष उमेर समूहका बालबालिकाको संख्या ४६००८ छ भने ११ देखि १५ वर्ष समूहका बालबालिकाको

संख्या २४२७७ छ । पूर्व प्राथामिक तथा प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या ४५६७८ तथा निम्न माध्यामिक तथा माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या ११६८६ छ ।

शैक्षिकसत्र २०५२/५३ मा यस जिल्लाको महिला र पुरूषको साक्षरता दर क्रमशः १७.८ प्रतिशत र ५०.९८ प्रतिशत अर्थात् औसत ३४.३९ प्रतिशत रहेको थियो । यस अनुसार प्रतिवर्ष साक्षरताको वृद्धिदर १.४७ प्रतिशत रहेको देखिए तापनि साक्षरताको क्षेत्रमा राष्ट्रियस्तरभन्दा दोलखा निकै पछाडि परेको छ । खासगरी महिला साक्षरता कम छ । त्यस्तै खुद भर्ना दर (७.५६ प्रतिशत) कम र सहजै देखिने भर्ना दर (१३ प्रतिशत) उच्च रहेको छ । ११ देखि १५ वर्ष समूहका २४,२७७ बालबालिका मध्ये ११,६८६ मात्र  विद्यालयमा अध्ययनरत देखिन्छ ।

## २.१.२१ स्वास्थ्य

जिल्लामा १ हस्पिटल, १ प्राथामिक स्वास्थ्य सेवा केन्द्र, १० स्वास्थ्य चौकी, ३ आयुर्वेदिक चिकित्सालय, ४३ उपस्वास्थ्य चौकी गरी जम्मा ५८ सरकारी स्तरबाट सञ्चालित स्वास्थ्य संस्थाहरू छन् । यसको साथै निजी क्षेत्रका ४ स्वास्थ्य संस्थाले पनि जिल्लामा सेवा पुऱ्याउँदै आएका छन् । जिल्लामा १ डाक्टर बराबरी ७२,४०५, १ प्यारा मेडिक्स बराबरी २,८५८ जनसंख्या पर्दछन् भने अस्पतालको १ शैया बराबरी ७,७५८ जना पर्दछन् । १ घण्टाभन्दा टाढामा स्वास्थ्य सुविधा पाउने संख्या १३,८०८ जना (६.४५) छन् । टि.टि. खोप लिएका गर्भवती महिला ८५, परिवार नियोजन साधन उपभोग गर्ने ११.३ ५, खोप सुविधा पाएका बालबालिका ७५५ छन् । जिल्लाको कोरा जन्मदर ३५.६/१०००, कोरा मृत्यदर १०.१/१०००, प्रजनन् दर ४.३८५, शिशु मृत्युदर ४९५, बाल मृत्युदर ६६/१०० र मातृ मृत्युदर ३५० प्रति लाखमा छ । यस जिल्लाको औसत आयु ६० वर्ष देखिन्छ । जिल्लाको औसत आयु राष्ट्रियस्तर भन्दा एक वर्ष बढी देखिन्छ । जिल्लामा चर्पी प्रयोग गर्ने घर संख्या १२,६९४ अर्थात् ३१.९५ मात्र रहेका छन् ।

## २.१.२२ खेलकूद तथा क्रीडास्थल

राष्ट्रिय स्तरका केही खेलाडीहरू यस जिल्लाले उत्पादन गरेको भए तापनि जिल्लाभित्र भने खेलकूद व्यवस्थापन कमजोर स्थितिमा रहेको छ । स्थानीय संघ-संस्थाले स्थानीय स्तरमा बेला-बखतमा खेलकूद प्रतियोगिता आयोजना गर्ने गरेका छन् । खेलकूदको निम्ति खेलमैदान चरिकोट, मेलुङ्ग र जिरीमा ३ वटा छन् ।

## २.१.२३ महिला तथा बालबालिकाको विकास स्थिति

यस दोलखा जिल्लामा विद्यालय तहदेखि क्याम्पस स्तरसम्म अध्ययनरत ५८,६३७ विद्यार्थीमध्ये छात्राको संख्या २४,३८२ अर्थात् ४१.५८५ छ । जिल्लाका प्राथमिक तहदेखि उच्च माध्यामिक विद्यालय र क्याम्पस तहका कूल शिक्षक १,३०४ मध्ये १७२ अर्थात् १३.१९५ मात्र महिला शिक्षिका छन् । जिल्लामा महिलाको साक्षरता प्रतिशत २७.३८५ छ । विद्यालय छाड्ने कूल विद्यार्थीमा छात्राको दर १६.२९५ रहेको छ ।

जिल्लाका कूल महिला १,०७,८४९ मध्ये १५ देखि ४९ वर्ष समूहका विवाहिता महिला संख्या ३९,७७३ छ भने यी मध्ये खोप पाएका गर्भवती महिला ८ प्रतिशत छन् । सुत्केरी हुनु पूर्व गर्भवती अवस्थामा स्वास्थ्य परीक्षणको ९ब्ल्क्ष्०  का लागि स्वास्थ्य संस्थामा आउने गर्भवती महिला २६ प्रतिशत छन् भने सुत्केरी भईसके पछि ९एल्क्ष्० स्वास्थ्य संस्थामा आउने सुत्केरी महिला ६५ छन् । त्यसरी नै सुडेनी तथा दक्ष जनशक्तिबाट प्रसूती सेवा प्राप्त गर्ने महिलाको संख्या क्रमशः २ र ७ प्रतिशत छ । स्वास्थ्य सुविधामा महिलाको पहुँच २०५४/०५५ को भन्दा सरदर वार्षिक २५ ले वृद्धि भएको छ ।

सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत महिला कर्मचारी ५५० जना, उद्योगमा १७८४ जना, व्यापारमा, ४३७ जना, व्यवसायमा ५५९ जना, श्रमिक महिला ७,३१० जना छन् । यसरी गैर कृषि क्षेत्रमा १०,६०४ अर्थात् कूल महिला संख्याको ९.८ प्रतिशत  संलग्न छन् ।

जिल्लामा विवाहको औसत उमेर १९.५ वर्ष रहेको छ । जिल्लामा विधवा संख्या ५,४९४ जना, आत्महत्या गर्ने महिला ४७ जना, बलात्कारको शिकार भएका १६ जना, कर्तव्य ज्यानमा परेको ९ जना, बहुविवाह १५ जना, गर्भपतनमा कार्वाहीमा परेका ७ जना, बेचबिखन १ जना महिला परेका छन् ।

स्थानीय निकायमा महिलाहरूको संख्या ५२२ (१९ प्रतिशत) रहेको छ । महिला घरमूली संख्या ६,२३७ (२०.८६ प्रतिशत) र विभिन्न संघ-संस्था, समूहमा आबद्ध महिला संख्या २१,८४८ (२०.२५ प्रतिशत) छ । सामुदायिक, राजनैतिक क्षेत्रमा महिलाहरूको संख्या सरदर २० प्रतिशत देखिन्छ ।

## २.१.२४ उपेक्षित, उत्पीडित, दलित तथा जनजातिको स्थिति :

दोलखा जिल्लाको कुल जनसंख्या २,१७,२१८ मध्ये उत्पीडित दलित समुदायको घर संख्या २,८२१ र जनसंख्या १५,३९९ रहेको छ । यो समुदायको प्रौढ साक्षरता प्रतिशत २२.९ रहेको छ । हाल जिल्लाको विभिन्न विद्यालयको तहमा अध्ययनरत विद्यार्थीहरुको संख्या यस प्रकार रहेको छ ।

| विद्यालय | छात्र संख्या | छात्रा संख्या | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | २,८६८ (११.२५) | २,२०४ (११.५५) | ५,०७२ (११.४५) |
| नि.मा.वि. | २७८ (५.३५५) | १६४ (५.४९५५) | ४५१ (५.३७५५) |
| मा.वि. | ५९ (२.८९५५) | २६ (२.५६५५) | ८५ (२.७६५) |

कामी, दमाई, सार्की लगायत नेवार समुदाय भित्र पर्ने कुशुले र कसाई जातिहरू उत्पीडित जातमा पर्दछन । घर परिवारको हिसाबले कामी, दमाई र सार्कीहरूको प्रतिशत ७.०८ रहेको छ । अन्य जनजातिहरूमा शेर्पा, तामाङ, थामी, जिरेल, सुरेल, सुनुवार, मगर, गुरुङ, भुजेल तथा माझीहरू मुख्य रहेका छन् ।

## २.१.२५ वन तथा वातावरण

### ) वन क्षेत्रको स्थिति

जिल्लाको कूल क्षेत्रफल २,१४,२८७ हेक्टरमध्ये वनक्षेत्र १,०१,५०० हेक्टर (४७.६७ प्रतिशत) रहेको छ । तर यो क्षेत्रफल वार्षिक ०.४ प्रतिशतले घट्दै गएको देखिन्छ । २०५३/०५४ मा ६,०७६ हेक्टर सामुदायिक वन क्षेत्र भएकोमा हाल १५,१३६.६९ हेक्टर पुगेको छ । त्यस्तै ११६०३

घर सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध थिए भने हाल त्यो संख्या २४,९०० पुगेको छ । सुधारिएको चुल्होको संख्या ३०० बाट १,५४६ पुगेको छ । गोबर ग्याँस प्रयोग गर्ने घर ५३ बाट बढेर ९६ पुगेको छ ।

### वनमा सामुदायिक सहभागिता

वन पैदावारमा चिराईतो, बिषमा, अर्घेली, लोक्ता, मझिटो, सुगन्धवाल, अल्लो, कुडकी, निंगालो, खोटो आदि छन् । आ.व. २०५६/०५७ मा दाउरा/काठबाट रू. २,८९,२१० जडिबुटीबाट रू. १,६८,७९० राजस्व प्राप्त भएको छ । जिल्लामा अवस्थित कूल १०१५०० हे. वन क्षेत्रमध्ये हालसम्म १५१३६.६९ हे. वनलाई १७६ वटा सामुदायिक वन उपभोक्ता समितिहरूलाई हस्तान्तरण भई सकेको छ । वन हस्तान्तरण हुने प्रक्रियालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा आ.व. २०५३/०५३ मा सा.व.उ.स. को संख्या ७७ रहेको थियो भने सा.व.को क्षेत्रफल ६०७३ हे. मात्र रहेको थियो । उपभोक्ता समूहमा २०५३/०५४ मा महिला सहभागिता १२ प्रतिशत र दलित समुदाय सहभागिता ३ प्रतिशत रहेको थियो तर २०५६/०५७ मा महिला सहभागिता ३५ प्रतिशत र दलित समुदाय सहभागिता ७ प्रतिशत पुगेको छ ।

### प्रमुख वनस्पति र वन्यजन्तुहरू

जिल्लाको भौगोलिक विविधताले गर्दा यहाँको जलवायु अनुसार उष्ण प्रदेशीयदेखि टुण्ड्रा प्रदेशसम्ममा पाइने वनस्पतिहरू पाईन्छ । जैविक विविधताको हिसाबले अति सम्पन्न यस जिल्लामा प्रमुखतया सल्ला, धुपी, गुराँस, उत्तीस जातका रूख पाइन्छन् भने वन्य पशुपंक्षीमा चितुवा, स्याल, जरायो, कस्तुरी, मृग, भालु, व्वासो, खरायो तथा डाँफे, कालीज, मयुर आदि प्रमुख छन् ।

### सामुदायिक संस्था/समूह

जिल्लामा दातृ संस्था, अन्तरार्ष्ट्रिय तथा राष्ट्रिय स्तरका लगायत जिल्ला स्तरका साथै स्थानीय गरी ३०० जति गैरसरकारी संस्थाहरू जिल्लाको पूर्वाधार तथा सामाजिक क्षेत्र विकासमा संलग्न छन् ।

स्रोतः दोलखा जिल्लाको परिचय र पार्श्वचित्र, २०५८

## २.१.२६ पर्यटकीय स्थलहरू

**दोलखा भिमेन** : सदरमुकाम चरिकोटबाट ४ किमि उत्तरपूर्वमा रहेको ऐतिहासिक शहर दोलखामा अवस्थित भीमेश्वर मन्दिर नेपालकै प्रसिद्ध देवस्थल हो । यसको स्थापना किरातकालमा नै भएको अनुमान छ । देशमा संकट आउनुपूर्व भीमेश्वरको मूर्तिमा संकेतको रूपमा पसिना आउने गर्दछ । यसरी पसिना आएपछि राजदरबारबाट क्षमा पूँजाका लागि सामग्री पठाउने गरिन्छ । भीमेश्वरको पूजाआजाको लागि वि.सं. १८५० देखि श्री ५ रण बहादुर शाहले केही जग्गा गुठीमा राखिआएका थिएँ ।

पौराणिक कालमा दोलखा शहरमा पाण्डवहरू गुप्तबास बसेको र सो गुप्ताबास बस्दाको समयमा प्रयोग गरिएको सांकेतिक भाषा नै हाल दोलखाली नेवारहरूले बोल्ने नेवार भाषा हो भन्ने किम्बदन्ती रहेको छ । सो मन्दिरमा नित्य पूजा बाहेक भीम एकादशी, बालाचर्तुदशी, चैतेदशैं, बडादशैं इत्यादिमा मेला लाग्ने गर्दछ ।

**कालिन्चोक भगवती** : सदरमुकाम चरिकोटबाट करिब १५ कि.मि. उत्तरमा पदयात्राको दृष्टिकोणले रमणीय स्थल कालिन्चोक गाविसमा अवस्थित यो मन्दिर ३८४२ मि. उचाइँमा छ । कालिन्चोक भगवती काभ्रेको पलान्चोक भगवती, काठमाडौंको शोभा भगवती र अन्य भगवतीसमेत ७ भगवती दिदी बहिनी हुन् भन्ने किम्बदन्ती रहेको छ । कालिन्चोक डाँडाबाट मनोरम रोलवालिङ हिम श्रृङ्खला र मनोरम प्राकृतिक दृश्यहरूको अवलोकन गर्न सकिन्छ ।

**शैलुङ्गेश्वर महादेव** : सदरमुकाम चरिकोटबाट करिब २० कि.मि. दक्षिणमा शैलुङ्गेश्वर डाँडामा अवस्थित यो स्थान ३५०० मि.को उचाइँमा रहेको छ । साना ठूला गरेर १०० वटा थुम्काहरू रहेकोले शैलुङ्ग भनिएको यस स्थानबाट प्राकृतिक दृश्यावलोकन गर्न सकिन्छ ।

**टसी गुम्बा** : जिल्ला सदरमुकाम चरिकोटबाट १३ कोस उत्तरमा रहेको विगु गाविस वडा नं. ८ मा अवस्थित विगु गुम्बा वास्तवमा दोलखा जिल्लाकै एक महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल मान्न सकिन्छ । विगु गुम्बाको स्थापना विक्रम संबत् १९९० तिर डुम्पा रिम्पोछे (स्योराव दोर्जे) ले गर्नु भएको विश्वास गरिन्छ । समथर स्थानमा रहेको उक्त गुम्बामा हाल करिब ६० जना आनी (महिला भिक्षुणी) हरू रहेका छन् । जसले गुम्बामा नियमित रूपमा पाठपूजा गर्ने, पढ्ने र नयाँ भिक्षुहरूलाई पढाउने कार्य गर्दछन् । गुम्बा कहिल्यै ननिभ्ने एक निमबत्ती नियमित

रूपमा बल्दछ । उक्त गुम्बामा दशैको सप्तमीदेखि एकादशीसम्म बत्ती बालेर मान्ने परम्परा छ । हिन्दू धर्मावलम्बीहरूले दशैं काटमार गरी बलि चढाउने परम्परा भएको र सो परम्पराबाट काटमारमा परी मर्ने हाँस, कुखुरा, बोका, राँगा आदिको नाममा बत्ती बालिएको हो भन्ने किम्बदन्ती छ ।

**देउलाङ्गेश्वर महादेव** : ओराङ र लामावगर गाविसको सीमानामा रहेको देउलाङ्गेश्वर महादेवको मन्दिर उत्तरी क्षेत्रको प्रसिद्ध तीर्थस्थल हो । स्वस्थानी पूर्णिमाको दिन ठूलो मेला लाग्ने यस मन्दिरमा सत्ययुगमा महादेवले सत्यदेवीलाई जोगीको भेषमा विवाह गरी ल्याउँदा यही मन्दिरसँगै रहेको कुटीमा राखेको र सत्यदेवीले बिलौना गर्दा खरले छापेको सो कुटीको भित्तो च्याती हिमालय पर्वतको दर्शन गराएको किम्बदन्ती रहेको छ । उक्त कुटी मन्दिरसँगै अद्यपि छँदैछ ।

**रोलवालिङ्ग उपत्यका** : पदयात्राका लागि अति नै रमणीय एवम् रोमाञ्चकारी स्थलको रूपमा रहेको यस उपत्यकामा साहसिक पैदल यात्राका लागि विदेशी पर्यटकहरू आकर्षित हुने गर्दछन् ।

**च्छोरोल्पा हिमताल** : गौरीशंकर गाविस वडा नं. १ रोलवालिङ्ग उपत्यकामा रहेको च्छोरोल्पा हिमताल नेपालकै सवभन्दा ठूलो हिमताल हो । समुद्र सतहबाट ४५८० मिटरको उचाइँमा रहेको यस तालको उत्पति ५० वर्ष अघि मात्र भएको अनुमान गरिएको छ । सन् १९६३ मा यो हिमताल ०.२३ वर्ग कि.मि. क्षेत्रफलमा रहेकोमा सन् १९९७ मा लिएको भू-उपग्रहीय नक्साअनुसार १.६५ वर्ग कि.मि. सम्म फैलिएको छ । १३५ मि. गहिरो उक्त हिमतालमा १० करोड घ.मि. पानी रहेको अनुमान छ ।

**गौरीशंकर हिमाल** : ७१३४ कि.मि. अग्लो यो हिमालबाट नेपालको प्रामाणिक समय निर्धारण गरिएको छ । हिन्दू धर्मावलम्बीहरूका अराध्यादेव शिव र पार्वतीको प्रतीक मानिने गौरीशंकर हिमाल धार्मिक आस्थाका काराणले आरोहण गर्न प्रतिबन्ध छ ।

**वेदिङ्ग गाउँ** : गौरीशंकर गाविसको वडा नं. १ मा पर्ने वेदिङ्ग गाउँलाई हिम मजदुरको गाउँ भन्ने गरिन्छ । यस गाउँका २९ जना भन्दा बढी व्यक्तिले सगरमाथाको आरोहण गरिसकेका छन ।् हालसम्म १८० सगरमाथा आरोहण गर्ने सफल नेपालीमध्ये वेदिङ्गवासीले मात्र ७० पटक भन्दा बढी सगरमाथा आरोहण गरी सकेका छन् ।

वि.सं. २०४२ साल वैशाख २४ गते गौरीशंकर गाविसको टसीनामामा जम्मिएका तेम्बाछिरी शेर्पा सबैभन्दा कम उमेरमा सगरमाथा आरोहण गर्ने विश्वकै पहिलो व्यक्ति हुन् । उनले गत २०५८ जेष्ठ ११ गते उक्त विश्व कीर्तिमान कायम गरेका हुन् ।

**जिरी उपत्यका** : सदरमुकाम चरिकोटबाट ५६ कि.मि पूर्वमा रहेको जिरी बजार ( उपत्यका) सगरमाथा प्रवेशद्वार हो । समुद्र सतहबाट १९५१ मि.को उचाइँमा रहेको जिरी मनोरम प्राकृतिक सौन्दर्यले भरिएको छ । यसलाई नेपालको स्वीटजरल्याण्ड पनि भन्ने गरिन्छ ।

**जटापोखरी** : जिल्लाको श्यामा गाविस वडा नं. १ मा पर्ने जटापोखरी सदरमुकाम चरिकोटबाट १६ कोष उत्तरपूर्वमा पर्दछ । धार्मिक दृष्टिकोणले अत्येन्त महत्वपूर्ण मानिने उक्त पोखरीमा जनै पूर्णिमाको दिन ठूलो मेला लाग्दछ । करिव ४५०० मिटरको उँचाइमा रहेको छ ।

## विकासका सम्भावनाहरू

दोलखा जिल्लाको समग्र वस्तुस्थिति नियाल्दा निम्न लिखित आर्थिक विकासका संभावनाहरू देखिन्छः।

### २.१.२७ जलविद्युत

नेपाललाई विश्वमा जलसम्पदाको दृष्टिले सम्पन्न मानिए जस्तै दोलखा जिल्लालाई पनि मुलुककै जलस्रोत क्षेत्रमा धनी जिल्लाको रूपमा गणना गर्न सकिने अवस्था छ । खिम्ती जलविद्युत् आयोजना (६० मेघावाट) यस जिल्लामा सञ्चालित छ भने खिम्ती दोस्रो, माथिल्लो तामाकोशी, रोल्वालिङ खोला, तामाकोशी दोस्रो तथा तेस्रो आयोजनाहरू लगानीकर्ताको पर्खाइमा छन् । यीमध्ये पनि माथिल्लो तामाकोशी र रोल्वालिङ आयोजनाहरू धेरै कम लागतमा सम्पन्न गर्न सकिने प्रारम्भिक अध्ययन प्रतिवेदनले देखाएको छ । माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्बन्धी एल-सेक्सनको साथै टोपोग्राफिकल सर्भेसमेत भइसकेको छ । सर्भेक्षणअनुसार लामाबगरमा इन्टेक तथा हेडरेसको साथै सानो रिजर्भ्वाएर बनाइ ६ कि.मि.को टनेलद्वारा भूमिगत पावर हावस गोगरखोलामा बनाउनको लागि करिब ७६५ मि.को हेड रहेको छ । तामाकोशीको डिस्चार्ज करिब १३ घ.मि. प्रति सेकेण्ड प्रारम्भिक सर्भेक्षणअनुसार देखिन्छ ।

यस आयोजनाको कूल क्षमता २६० मेगाबाट छ । गोगरखोलाबाट १३२ के.भी. प्रसारण लाइन भीमेश्वर नगरपालिकासम्म करिब ४० कि.मि.को निर्माण गरी सब स्टेशन मार्फत खिम्ती लामोसाँघु १३२ के.भी. प्रसारण लाइनमा जोड्न सकिनेछ । यी आयोजनाहरूको सञ्चालन स्थलसम्म दोलखा - सिंगटी मोटरबाटो पूरा भएपछि थप २५।३० कि.मि. प्रवेश मार्गको लागि सडक बनाउनु पर्ने आवश्यकता देखिएको छ । ठूला आयोजनाहरू मात्र १००० मेगाबाट भन्दा बढी क्षमतामा सञ्चालन गर्न सकिनेछ ।

यी बाहेक पहाडको टुप्पाबाट अविरल बग्ने साना ठाडा खोलाहरूबाट साना जलविद्युत् आयोजनाहरू सञ्चालन गर्न सकिने संम्भावनाहरू रहेका छन् । ग्रामीण उर्जा विकास कार्यक्रमको सहयोगमा खोपाचागुँमा २० किलोवाट, वुलुङमा १८ किलोवाट, लापिलाङमा २१ किलोवाट सुरीमा २५ किलोवाटका साना परियोजनाहरू सम्पन्न भइसकेका छन् भने चिलंखा, श्यामा र भूषाफेदामा साना जल विद्युत आयोजनाहरू निर्माणधीन छन् । २४ वटा गाउँ विकास समितिहरूमा साना जलविद्युत आयोजनाहरू बारे संम्भावना अध्ययन सर्वेक्षण भइसकेको छ ।

## २.१.२८ जडिबुटी

आर्थिक वर्ष २०५६/५७ मा मात्र चिराइतो ११,१८१.८ के.जी., विषजरा ९१७ के.जी., अग्रेली ९,३२७ के.जी., मजिटो ५,२०८ के.जी., बोभ्फोजरा ३५ के.जी., सुन्धवाल ३० के.जी., धुपीपात ५०० के.जी., भिरमह १४० के.जी., गोब्रेसल्लाको पात ५००० के.जी., वनकरेलाको वियाँ १,५०० के.जी., अल्लो १५० के.जी., कुडकी जरा ४५० के.जी., इन्देणी वियाँ ५० के.जी. र लोक्ता ११,३०० के.जी. गरी ४७,९८८ के.जी. जडिबुटी निकासी भएको छ । यस हिसाबले जडिबुटी उत्पादन तथा प्रशोधन गर्न जिल्ला स्तरमा नै लगानी कर्तालाई आकर्षण गर्न र जडिबुटी थप उत्पादनको लागि कृषकलाई प्रोत्साहन गर्न सकेमा आम्दानीको राम्रो स्रोत हुन सक्ने देखिन्छ ।

## २.१.२९ स्लेटखानी

जिल्लाको आलम्पु गाविसमा रहेको स्लेट खानी नेपालकै उच्च गुणस्तरको स्लेट मानिएको छ । खानी तथा भूगर्भ विभागको अध्ययनअनुसार करिब २ करोड ७० लाख स्लेट

उक्त खानीमा रहेको छ , खानी क्षेत्रमा उक्त स्लेटको मूल्य हाल रु. ५।- प्रति वर्ग फीटले पनि १३ करोड ५० लाख रूपैयाँ बराबरको स्लेट त्यहाँ विद्यमान रहेको अनुमान छ । यसबाट कम्तीमा १ करोड ३५ लाख स्थानीय राजस्व परिचालन हुन सक्ने अवस्था छ । उक्त खानी क्षेत्रलाई मध्यनजर गरी जिविसले सुनखानी-साङवा सडकलाई जिल्ला स्तरीय आयोजनामा समोवेश विगत २ वर्ष देखि सञ्चालन गरिआएको छ । जिल्ला स्तरीय सडक निर्माण तथा सुधार गर्न जिविसले डोजरसमेत खरिद गरिसकेकोले खानी क्षेत्रसम्म सडक जिल्ला स्तरबाट पुऱ्याई उक्त खानीलाई उद्योगको रूपमा विकास गर्न सकिने व्यवस्था छ । लाकुरीडाँडाको खरीढुङ्गामा रहेको १५० टन डि.वि.एम. तथा दैनिक २० हजार टनका दरले उत्पादन गर्दा २०० वर्ष पुग्ने रिफ्रेक्टरी ब्रिम्सको क्षमता भएको खरिढुङ्गा उद्योग रुग्ण रूपमा रहेकोले यस उद्योगको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### २.१.२९ पर्यटन

दोलखामा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू अनगिन्ती रहेका छन् । ऐतिहासिक महत्व बोकेको नेपालकै पहिलो मुद्रा प्रचलनमा ल्याउने दोलखा बजार, किरात वंशको ऐतिहासिक स्थल किरातीछाप, धार्मिक दृष्टिले चर्चित भीमेश्वर मन्दिर, कालिन्चोक भगवती, देउलाङ्गेश्वर महादेव, जटापोखरी, पाँचपोखरी जस्ता धार्मिक स्थल, नेपालकै चर्चित च्छोरोल्पा हिमताल, हिमचितुवाको नामले चिनिने प्रत्येक घरका व्यक्तिले सगरमाथाको शिखर चुमिसकेका तथा नेपालकै कान्छा आरोही तेम्बाछिरी वेदिङ्ग गाउँ, शैलुङ्ग, जिरी जस्ता पर्यटकीय स्थल दोलखामा मात्र पाइने जिरेल, सेरेल, थामी जातिको रहनसहन संस्कृति पर्यटकीय आकर्षण केन्द्रहरू हुन् । यसका साथै कस्तुरी र हिम भेडाजस्ता दुर्लभ जन्तुहरू पनि यस जिल्लाको रालवालिङ्ग क्षेत्रमा पाइने हुँदा यी पनि पर्यटनका आकर्षणको केन्द्र हुन सक्ने देखिन्छ ।

## २.२ दोलखा जिल्लाको लोकसाहित्यको ऐतिहासिक पृष्ठभूमि

दोलखा जिल्लामा लोकगीतको थालनी परम्परादेखि प्रचलित लोकसंस्कृति र विभिन्न जातजातिहरूमा हुर्किएको विभिन्न सांस्कृतिक पर्व, जात्रा, व्रत, संस्कार आदिमा भर पर्दछ । मल्लकालीन दोलखा राज्यमा प्रचलित डबली नाचका साथै गीत, भजन आदिले पनि

लोकगीतको पृष्ठभूमि देखाएको छ । नाटकको स्वरूप मान्न सकिने त्यस्ता भाका प्रचलित खट्प्याखन, ट्वाकलप्याखन, भैरवनाच, कुमारीनाच, लाखेनाच जस्ता गीत तथा नृत्य अझैसम्म दोलखाली लोकगीतका आधारशीला बनेका छन् । दोलखा जिल्लामा लोकगीतको विकास र विस्तार नाट्य विधाबाट भएको मानिन्छ । बलराम श्रेष्ठले वि.स. १९७४ मा प्रदर्शित अष्टमातृका (अष्टप्याखन) भन्ने नाटकलाई उनका आफ्नो "दोलखाको रङ्गमञ्च एक चर्चा" मा पहिलो नाटक भनी संज्ञा दिएका छन् । दोलखालीको लिखित तथा प्रभावित साहित्यको खोजी गर्ने क्रममा सुब्बा पूर्णनारायण श्रेष्ठको वि.स. १९९४ को 'पैसा तथा अवधि' नामक पुस्तक नै प्रथम दोलखाली साहित्यिक कृतिमा गणना हुन्छ । समयको अन्तराल पश्चात् टीकाराम शर्माका "आमाको पुकार (२०२०)", 'चेली' (२०२१), र 'टुहुरी' (२०२२) गीतिनाटकहरूले दोलखाको लोकगीतको विकासमा इँटा थप्ने काम भएको छ भने लोकगायक तथा लोकगीत सङ्कलक कुमार बस्नेतका लोकगीतहरूले त झनै मौलाउने सुअवसर प्रदान गरेको छ । उनका संङ्कलित तथा प्रसारित लोकगीतहरू 'छोरी भन्दा आमा तरुनी', 'उनकै छोरी तरुनी', 'फुलबुट्टे सारी', 'लेक फुल्यो लालीगुराँस' आदि छन् । छिचिमिराझैं उम्रेका लाकगीत म्युजिक नेपाल प्रालीद्वारा सङ्कलन तथा गीत रचनाकारहरूको सङख्या उर्लदो रूपमा भइराखेको छ । विष्णुहरी नेपालको 'बाह्रवर्षे उमेरमा' (विस २०५९) भन्ने गीतिसंग्रह र पुष्करराज बुढाथोकी 'साउतलीको परेलीको पानी' ( वि.स २०५७) लघुगीत संग्रहले दोलखाली लोकगीतको फाँटलाई फस्टाउने काम गरीरहेका छन् ।

## २.३ मैनापोखरी क्षेत्रको परिचय

मैनापोखरी क्षेत्र दोलखा जिल्लाको मध्ववर्ति काब्रे गा.वि.सको सीमानाभित्र रहेको क्षेत्र हो । यस ठाउँको नाम मैनापाखरी रहनुमा केही किवंदन्तीहरू रहका छन् । जसअनुसार यस क्षेत्रको पूर्वपट्टि रहेको पोखरीमा साँझ र बिहानमा शंखनादको आवाज सुनिन्थ्यो रे भने पश्चिम पट्टि रहेको पोखरी नजिक मैनाचरी कराउने र नाच्ने गर्थ्यो रे जसको कारण यी दुवै पोखरीको नाम शंखपोखरी र मैनापाखरी रहन गएको सहजै अनुमान गर्न सकिन्छ । हाल आएर शंखनादको आवाज र मैनाचरीको आवाज नसुने पनि पोखरीहरूको सामान्य स्वरूप अझै पनि हेर्न भने सकिन्छ ।

नाम्दु, क्षेत्रपा, मिर्गे, ठूलोपातल र जुगु गा.वि.स.को मानिसहरूका लागि मैनापोखरी क्षेत्र व्यापारिक केन्द्र पनि बन्न पुगेको छ । यस क्षेत्रभित्रको काब्रे गा.वि.सको दाँजोमा अग्रणी छ । शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत अगाडि मध्य शिक्षा र सहकारी संस्थाहरूको विकास भने अग्रगतिमा बढेका छ । यस गा.वि.स.मा एउटा शिक्षा शास्त्र सङ्कायतर्फको डिप्लोमा तहको क्यापस, एउटा उच्च माध्यमिक विद्यालय, एउटा निम्न माध्यमिक विद्यालय तहसम्मको इङलिस बोर्डिङ् स्कुल लगायत अरू छवटा प्रांथमिक स्कुलहरू सञ्चालित छन् । यस क्षेत्रमा एक राष्ट्रिय पहाडी बालीविकास अनुसन्धान केन्द्रको स्थापना भएबाट पहाडी कृषि बालीहरूको बीउविजन उत्पादन र बिक्रीबितरणको सुबिधा छ । लामासाघु–जिरी सडक यस मैनापोखरी क्षेत्र हुँदै जिरी सम्म पुगेको छ भने यसै गा.वि.स.बाट जुगु-झ्याकु सडक र मैनापोखरी बजार सडकहरू निर्माणाधीन अवस्थामा छन् । यस गा.वि.स.मा एउटा उपस्वथ्य चौकी तथा गा.वि.स हुलाक पनि सञ्चालित छ । करिब चारहजार शेयर सदस्य रहेको जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड काब्रे मुलुकैभरको नमुनाको रूपमा सञ्चालित एक संस्था हो । जस्ले छरिएर रहेको पुँजीलाई एकत्रित गरी स्वरोजगारपूर्ण उद्योग व्यवसाय सञ्चालनमा महत्वपुर्ण भुमिका खेल्दै आएको छ । पर्यटकीय तथा धार्मिक दृष्टिले यस गा.वि.स.को हनुमन्ते डाँडामा प्राकृतिक स्वरूपको हनुमानको शिलामूर्ति छ भने त्यही डाँडाको केही तल वैशाखेश्वरी ओडारमा डेली, दूधेरो गाईको कल्चौंडाबाट दूध चुहिन लागेको जस्तो प्राकृतिक शिला मूर्तिहरूले प्रकृतिको अनौठो दृश्य अवलोकन गर्न पाइन्छ । यस गा.वि.सको सीमाना हनुमन्तेडाँडा, खावा डाँडा, देउराली आदि स्थानबाट च्छोरोल्पा ताल, गौरीशंकर हिमाल लगायत अन्य हिमश्रृंङखलाहरूको मनोरम दृश्य हेर्न सकिन्छ । यस गा.वि.को कुल जनसङ्ख्या गतवर्ष २०६२ असार मसान्तसम्म ५३६३ मध्ये २६६० महिला र २७०३ पुरुष रहेको छन् । तीमध्ये ६५ वर्षभन्दा माथिका बुढाहरू १३७ जना महिला छन् भने १५१ जना पुरुष रहेको कुरा स्वास्थ्य चौकीको रेकर्डअनुसार देखिन आउँछ । यस क्षेत्रमा ब्राह्मणहरू क्षत्रीहरूको बसोबास अधिकाधिक रूपमा छ भने दमाई, कामी, सार्की, तमाङ, शेर्पाको बसोबास न्यून रहेको छ । यहाँको प्रमुख बाली धान, मकै गहुँ, कोदो, फापर र आलु पर्दछन् । यहाँका अधिकाश मान्छेहरू खेती पेसामा लागे पनि शिक्षक, व्यापारी आदि काम गरे तापनि कामको खोजीमा काठमाडौं लगायत भारतका अन्य सहरहरूमा जाने गर्दछन् । साथै केही युवा युवतीहरू भारतबाहेक अन्य राष्ट्रहरूमा रोजगार कम्पनी मार्फत्

कामको खोजीमा विदेशमा जाने गर्दछन् । यहाँका तामाङ, शेर्पा जातिहरू बौद्ध धर्मलम्वी भए पनि अधिकांश मानिसहरू हिन्दूधर्म नै मान्ने गर्दछन् ।

## निष्कर्ष

यस अनुच्छेदमा दोलखा जिल्लाको परिचय, भौगोलिक बनावट, सामाजिक, आर्थिक, शैक्षिक विकासका साथै जनसङ्ख्याको अवस्था, स्वास्थ्यको स्थितिको बारेमा केही जानकारीहरु समावेश गरिएको छ । जिल्लाको चाडपर्व, रीतिस्थिति, जातजातिहरुको बारेमा पनि जानकारी गराउने प्रयास गरिएको छ । साथै मैनापोखरीको परिचय र लोकसंस्कृतिको बारेमा पनि जानकारी दिने प्रयास गरिएको छ ।

# परिच्छेद ३
# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ परिचय

संस्कृत 'लोक दर्शने' धातुबाट नेपालीमा लोकसाहित्य हुनपुगेको हो । लोकको अर्थ हेर्ने, देख्ने वा दर्शन गर्नेवाला भन्ने बुझिन्छ । साहित्य वा गीतको अर्थ सामान्यतः हितेन सहित, साहितस्य भावः साहित्य भन्ने बुझिन्छ । हित र जनकल्याणको अभिप्रायले युक्त साहित्यको अर्थ हो लोकसाहित्य । तसर्थ लोकसाहित्य र लोकगीतलाई एक अर्कामा पर्यायका रूपमा लिइन्छ । लोकगीतको मार्मिक अर्थ खोज्ने हो भने लोककल्याणको भावनाले अभिप्रेरित गीति अभिव्यक्ति नै लोकगीत हो ।

लोकगीतको गोरेटो पहिल्याउँदै जाँदा अति प्राचीन ग्रन्थ ऋग्वेदको पुरुश्रषसुक्तमा, पाणिनिको अष्टाध्यायीमा, बररूचिले वार्तिकमा, महिर्षि व्यासले महाभारतमा र भरतमणिले नाट्यशास्त्रमा 'लोक' शब्दको प्रयोग गरेको पनि पाइन्छ ।

लोकगीतको ग्रामीण क्षेत्रमा बढी प्रयोग र प्रचलन हुने हुँदा यसलाई ग्रामसाहित्य, अशिष्ट साहित्य, जनसाहित्य, प्रगतिशील साहित्य आदि नामबाट पुकारिन्छ । यसरी शिष्ट साहित्य लेख्य रूपमा आउनु भन्दा वर्षौ वर्ष पूर्वदेखि नै लोकसाहित्यले सम्मृद्धिका स्तम्भहरू जनहृदयमा गाडिसकेको हुँदा लेख्यसाहित्यको आधारशिलाको रूपमा रहेको छ । वास्तवमा लोकसाहित्य तथा लोकगीत भन्ने नै आदिम बैद्धिक साहित्य हो । जनहृदयमा छरपष्ट रहेको लोकसाहित्यको लोककथा र लोकगीतले नै वेदको संमृद्धि वा रचना भएको हो । वैद्धिक ऋचाहरू (मन्त्र) वैयक्तिक रूपमा र श्रुतिपरम्पराद्वारा युगयुग र व्यक्तिव्यक्तिलाई प्रभावित पार्दै अलिखित रूपमा गृहत र संगृहीत हुँदै आएको लोकसाहित्य तथा लोकगीत मूलतः लिखित साहित्यको पूर्वतम रूप हो । तसर्थ लोकगीत निरन्तर प्रगतिशील समाजको सार्वाङ्गीण सबैभन्दा सहज र स्वतः स्फूर्त ताजा प्रतिबिम्ब हो । कुनै पनि वस्तुलाई परिभाषित गर्ने काम त्यति सहज हुँदैन । सहजतापूर्वक यही हो भनेर किटान गर्ने जमर्को गरिन्छ । शास्त्रीय मर्यादाभित्र गुम्फित लिखित साहित्य दिन प्रतिदिन नित्य नवीनतातर्फ पूर्ण उन्मुख हुँदै गएको र नवीनशिल्प विधान र भाव विधानले लिखित साहित्यको हिजोको परिभाषालाई बुढो पुरानो सावित गरेर नयाँ परिभाषा गर्न उत्प्रेरित गरेको वर्तमान अवस्थामा परम्परागत मौखिक अभिव्यक्तिमा युगौंदेखि जीवन्त रही

नित्य परिवर्तनशीलतालाई अङ्गीकार गर्दै स्वतस्फूर्त प्राकृति अभिव्यक्ति भएको लोकसाहित्यको नियमबद्ध सृष्टि विधानको परिभाषा छैन । शास्त्रीयताको पनि निगमनता छैन । यस स्थितिमा लोकगीतको परिभाषा गर्न झनै कठिन अनुभव हुन्छ ।

गीत सङ्गीत भन्ने बित्तिकै मूलतः श्रवणीय विधा हुन् भन्ने बुझिन्छ, तर समय क्रममा गीत सङ्गीत सुन्ने मात्र नभएर हेर्ने रूपमा पनि विकसित भएर आएका छन । अतः तपाईं हामी पहिले पहिले गीत सुन्थ्यौं । पछि हेर्न पनि थाल्यौं र पढन पनि लागेका छौं । सुन्ने (अडियो), हेर्ने (भिडियो) हुँदै अब पढने गीत सङ्गीतको लहर पनि उत्तिकै फैलिदै गएको छ । प्राचीनकालदेखि श्रुतिपरम्पराको माध्यमबाट जनजिब्रोमा हुर्किदै लोकप्रियताको शिखर चुम्न र चर्चित बन्न सफल लोकगीत तथा लोकसाहित्यको परिभाषा दिने क्रममा लोकसाहित्य साधकहरूका केही परिभाषालाई यहाँ प्रस्तुत गरिन्छ ।

## ३.२ परिभाषा

फ्रयन्जवोअसका अनुसार- ूलोकसाहित्य लोकको आत्मा जीवनी होू ।

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार- ूलोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षक मौखिक साहित्य नै लोकसाहित्य होू ।

तुलसी दिवसका अनुसार- “सही अर्थमा लोकसाहित्य लोकजीवन तथा लोकसंस्कृति प्रतिबिम्बन मात्र नभएर संभाव पनि हो” ।

योगी नरहरिनाथका अनुसार- “लोक व्यवहारमा लोकहितकानिम्ति लोकभाषामा लोककलालाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ” ।

ग्रिमका अनुसार- ूलोकगीत जनताका लागि रचना भएको जनकाव्य हो ू ।

गुमरका अनुसार- “लोकगीत स्वतन्त्र हुन्छ, खुल्ला हावाजस्तै ताजा हुन्छ, वायु र सूर्यको प्रकाशको यहाँ खेल हुन्छ” ।

हजारीप्रसाद द्विवेदीका अनुसार ूलोकगीतको महत्व उसको काव्य सौदर्ययमा मात्र सीमित छैनन । महत्वपूर्ण काम एउटा विशाल सभ्यताको उद्घाटन गर्नु हो, जो आजसम्म या त विस्मृतिको समुद्रमा डुविसकेको छ या गलत सम्झिएको छ । जसरी वेदद्वारा आर्यसभ्यताको ज्ञान हुन्छ, त्यसै गरी लोकगीतद्वारा आर्य सभ्यतापूर्वको ज्ञान हुन्छू ।

ूलोकगीत त्यो हो- कसैको दबाब, धन, बक्सिस र प्रलोभनसमेतमा नपरी दुःखित, उत्पीडित, आक्रान्त, उद्विग्न, त्रस्त, जागृत, प्रफुलित, हर्षित संयुक्त र वियुक्तसमेत जो कोही जाति, व्यक्ति, लिङ्ग, समाज, जिल्ला, गाउँसमेतका नरनारीहरूले कनै पुस्तकको बन्धनमा नपरी बनाइएको होू- कालीभक्त पन्त ।

ूसारांसमा जीवनको बहुमुखी सेरोफेरोको तीब्रतर अभिव्यक्तिनै लोकसाहित्य होू । डा. वासुदेव त्रिपाठी ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाका अनुसार- ूअत्यधिक उल्लास या व्यथाको अवस्थामा मुटुको पनि मुटुबाट निस्कने अभिव्यक्ति नै सच्चा साहित्य होू ।

ूसर्छन भाका अनि एक गलाबाट अर्को गलामाू - माधवप्रसाद घिमिरे ।

ूलोकगीत समाज र जीवनको सुख दुःख, कटुता, खल्लोपना, निरसता आदि यथार्थ अनुभूति तथा मानवतामा आधारित प्राकृतिक चित्रपटसँग कुल्दै निर्बन्धन अविरल गतिमा मधुर स्वर लहरी स्वतः प्रसूत हुने कवितात्मक भड्कारो हो । लोकगीतलाई झाँङ्गिएको विशाल रूखसँग तुलना गर्दै समय समयमा वृक्षमा मुना लाग्ने, झर्ने गरेझैं जनहृदयमा सामूहिक तवरले सुख दुःखको मुना झर्दै पलाउदै गर्दछनू - लक्ष्मण लोहनी ।

वस्तुतः लोकगीत उन्मुक्त गलाबाट स्वतः निसृत अनुभूतिको हार्दिक र तीब्रतर उच्छ्वास हो । यसले संगीतसँगको आफ्नो सम्बन्धलाई अधिकाधिक महत्व दिन्छ र सरलताका अन्तिम बिन्दुबाट आफ्नो भाव प्रकाशन गर्छ । यसलाई शास्त्रीय विधानसँग र परिष्कृत भाषा शैलीको कसौटीसँग कुनै सरोकार छैन । न कुनै जातजाति, वर्ण, लिङ्ग, धर्म, सम्प्रदाय आदि मावन रचित संकीर्ण घेरासँग यसको मित्रता छ । चोखो भाव र सरल भाषामा विचरित हुँदै अविरल एक गलाबाट अर्को गलामा बग्दै जानु र रमाउनु लोकगीतको विशेषता हो ।

लोकगीतले मानव हृदयको गौडा, गल्छेडा, उकाला, ओराला आदिको सच्चा सहज, मार्मिक र हृदयस्पर्शी अभिव्यक्ति, दिनु मै गौरव हुन्छ । त्यसैले मावन हृदयको साँचो निश्छल, निष्कपट, निर्द्वन्द्व प्राकृत अभिव्यक्ति नै लोकगीतमा पाइन्छ ।

लोकगीतले जीवनको उल्लास, व्याथा, चञ्चलता, राग-विरागलाई सम्प्रेषित गर्दै बुढौलीका मृगतृष्णा र असन्तोषलाई प्रदर्शित गराउँदछ । केही थपिने, केही विलाउने अवस्थाको क्रमले गर्दा लोकगीतमा निरन्तर आदिमता र नवीनता संमिश्रण पाइन्छ । मूलतः लोकस्तरबाटै श्रृजित र प्रवाहित भएको हुनाले लोकभावनाको सम्पूर्ण अभिव्यक्ति यसमा हुन्छ । लोकगीतमा सरल, सहज भावनामा अंकुरित हुँदै जीवन जगत्को सर्वाङ्गिण अनुभूति चिर प्राचीन र चिरनूतन अपौरुषेय अभिव्यक्ति हुन्छ । जातीय सांस्कृतिक सम्पदाको रूपमा संरक्षित रहने गर्दछ ।

लोकसाहित्य भित्रको एक उर्बर विधामध्ये लोकगीत पनि एक हो । लोकभावनाको स्वतस्फूर्त मौखिक प्रहारबाट निर्मित साहित्य नै लोकगीत हो । समाजको हरेक पक्षलाई चित्राङ्कित हुने र लोकले आफ्नै हितका लागि सिर्जना गरेर बचाउँने अकृत्रिम, अलिखित रुपमै रहेका कथ्य श्रव्य परम्परामै चिरजीवित हुने, आफ्नो परम्परा, संस्कृति, मूल्य र मान्यतालाई आत्मासात गर्दै लोकगीत अङकुरित र पल्ववित हुँदै आएको छ । त्यसैले विषय क्षेत्र, प्रयोक्ता, स्रोत आदि दृष्टिले लिखित साहित्यभन्दा धेरै अगाडि रहेको विधा लोकगीत विधा हो । लोकगीत गेयात्मक साङ्केतिक माधुर्यता प्रदान गर्ने विधा भएको हुँदा नेपालीहरूको विभिन्न चाड, पर्व, उत्सव, कर्म, जात्रा मेला आदिमा यसको महत्वझै बढेको छ । नेपालीहरूको जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू छन् । जस्तै छैंटी, न्वारान, व्रतबन्ध, चूडाकर्म, विवाह, नाककान छेडने, गुन्यू चोली दिने जस्ता कार्यहरूमा विभिन्न गीतहरू गाइने गरिन्छ । ती गीतहरू नेपालकै पूर्व र पश्चिममा फरक फरक रूपमा गाइने गरिएको पाइन्छ । मागल, फागु, सगुनजस्ता गीतहरू नेपालको पश्चिम क्षेत्रमा बढी प्रचलनमा छन् । नेपालको मध्य तथा पूर्वी भेगमा दुलाहा अन्माएपछि महिलाहरू मिली गाउने रत्यौली विशेष अवसरमा आर्शीवाद दिने आशिका, त कतै भने चाँचर गीत पनि गाइने चलन छ । दशैं-तिहारमा मालसिरी, देउसी, भैलो आदि गाइन्छ भने फागुको समयमा फागु (होली गाउने) र नाच्ने पनि गरिन्छ । यी बाहेक घाँस, दाउरा, मेलापाता, जाँतोढिकी, पानी पँधेरो आदिमा घँसिया र सङ्गिनी लोकगीतका सुरिला आवाजहरू घन्किरहेका हुन्छन् । नेपालीहरू बहुभाषिक र बहुजाती भएकाले जात विशेषमा पनि

किरातीहरू हाकपारे लोकगीत गाउँदै च्याबुङ तथा चण्डिनाच देखाउछन । शेर्पा र तमाङले सेलो गाउने गर्दछन त बाहुन क्षेत्रीहरू विभिन्न अवसरमा संङ्गीनी, झ्याउरे चुटका, घाटु, बालुन, भजन, सोरठी, ख्याली गराउने र नाच्ने मात्र होइन रोदी घरमा रमाउनसम्म पुग्दछन् । मगरहरू माघेसंक्रान्ति पर्वमा कौरा नृत्यमा कम्मर मर्काउनु त नेपाली लोकगीतको पहिचानै हो । यसरी विभिन्न अवसरमा बाह्रैमास नेपाली गाउँ घर, वनपाखामा लोकगीतहरू गुन्जिरहन्छन् । यिनै लोकगीतले नेपालीको दुःख र निराशालाई सुख र आशामा परिणत गर्दछ । के लेक, के बेंसी के पहाड, के मैदान, सबैतिर लोकगीतको रन्को उत्तिकै सुन्न पाइन्छ । त्यसैले सिंङ्गो नेपाल नै रोदीघर बन्न पुगेको छ ।

लोकगीत प्रष्फुटन हुन प्राकृतिक विषयवस्तु परिस्थिति तथा परिवेशले महत्वपूर्ण भूमिका खेलेको हुन्छ, त्यसैले लोकगीतमा नवीनताको मोड फर्किन्छ । परिस्थितिको अनुभूतिमा अविरल गति लिएर सुरिला मधुर कण्ठले हृदय फुटेर निस्कने चोखा सङ्गीतमय उद्गार नै लोकगीतका नामले पुकारिन्छ । हाम्रा लोकगीतहरू अविरल बग्ने खोलाजस्तै जनहृदयका स्वच्छ अनुभूति बोकेर लेक, बेंसी, ताल, जङघार आदि प्राकृतिक वस्तुलाई अँगाली प्रेमको बारीमा सङ्गीतमय हलो, गलादारफालीले गोडदै हलुको खुकुलो पार्दै गाउँ समाजका लोकगायकद्वारा गाइने गीतहरू लोकगीत हुन् ।

## ३.३ लोकगीतका विशेषता

लोकसाहित्यको चर्चित विधामध्ये लोकगीत महत्वपूर्ण विधा हो । यसका उद्गारहरू यति लयात्मक तीब्रतामा गुन्जिएका हुन्छन कि जसले मानिसलाई सङ्गीतमय धुन र मधुर स्वरलहरीले मन्त्रमुग्ध पार्न सक्छ । लोकगीत सभ्यता, संस्कृति र स्वच्छ साहित्यको निम्ति स्वत्वको द्योतक हो । यस्तो जीवनको सर्वप्रिय विधा लोकगीतको विशेषतातर्फ पनि केही लोकसाहित्य साधक तथा विवेचकहरूको प्रकाश पार्दै भनेका छन्: -

धर्मराज थापा - लोकगीत सहजता, सरलता, मार्मिकता, गेयात्मकता, संङ्गीतात्मकता, हृदयस्पर्शीता र स्वभाविकता गरी सात वठा विशेषता औल्याएका छन ।

सत्यमोहन जोशीका - लोकगीतमा गाउँ घर संस्कृति, कला, शैली, लयात्मकसुर आदिको नैसर्गिक हृदयको उद्गार र भाषाको सामान्जस्य कलाको चमत्कारिता हुन्छ ।

फ्रान्सेली गुमरका अनुसार "लोकगीतमा स्वभाविकता, अकृत्रियमता, सरलता, गोपनीयता र यथातथ्य रूपमा जनसमूहको वाणीद्वारा भाव प्रकाशन हुन्छ" ।

यस प्रकारले लोकगीतको विशेषतालाई विभिन्न व्यक्तिहरूले विभिन्न प्रकारले औंल्याए पनि समग्रमा लोकगीतका विशेषताहरूलाई निम्न बुँदामा प्रष्ट पार्न सकिन्छः -

१) श्रुतिस्मृति वा मौखिक परम्परामा आधारित ।

२) लयात्मक, सङ्गीतात्मक तथा माधुर्य स्वरलहरीमा आधारित ।

३) स्वस्फुर्त प्राकृतिक अभिव्यक्तिमा आधारित ।

४) स्थान, समसामयिक गेयात्मक शैलीमा आधारित ।

५) सरल एवम् स्वभाविक गेयात्मक शैलीमा आधारित ।

६) वाद, दर्शन, सिद्धान्त, चीनतन, व्यञ्जनात्मक तथा ध्वन्यात्मकताबाट अलग ।

७) समय सापेक्ष परिवर्तनशीलता ।

८) अधिक प्रश्नोत्तर प्रवृत्ति ।

९) सामाजिक तथा सामूहिक भावभूमि वा ग्रामीण सरलता अथवा सत्यम् शिवम् सुन्दरम्को भावनामा प्रेरित ।

१०) रचनाकारहरूको अज्ञानता ।

११) मार्मिक तथा स्थूल प्रभाव वा रसात्मकता ।

१२) धार्मिक भावनाबाट प्रेरित ।

१३) उपदेशात्मकतामा आधारित ।

वेद, उपनिषद्, पुराण र महाभारतजस्ता पूर्वीय साहित्य ग्रन्थको ज्ञानको स्रोत अनादि कालदेखि नै श्रुति परम्परामा पुस्तौं पुस्तादेखि चल्दै आएको परम्परा देखिन्छ । जब मानिसको समाज उन्नति र प्रगतिले भौतिक संरचनाभित्र बोलावाला हुन थाल्यो, अनिमात्र मौखिक साहित्य

लिपिबद्ध हुनपुग्यो । लोकगीतहरू परम्परागत रूपमा युग युग र व्यक्ति व्यक्तिलाई प्रभावित पार्दै मौखिक रूपमा हुर्कदै आएका छन् । निश्चय पनि कुनै समय विशेषमा कुनै एक व्यक्तिले गाएको लोकगीत उसको गलाबाट निस्क्यो होला, तर यो मौखिक परम्परामा चल्दै गयो, त्यहाँ रचनाकार विलुप्त हुँदै गयो र सिङ्गो समाज नै लोकगीतको रचनाकारको रूपमा स्थापित भयो ।

वास्तवमा लोकगीतको आत्मा भन्नु नै लय तथा सङ्गीत हो सङ्गीत र लय नभए लोकगीत निस्प्राण हुन्छ । मार्मिक र सूत्रात्मक, साङ्केतिक मधुर धुनले मानिसको अन्तस्करण छिट्टै पग्लन्छ । यस्तो विशेषता अरु विधामा भेटन हम्मेसी गाह्रो पर्छ । सामवेद वा समवेदको लयात्मक स्वरध्वनिले कति निरसङ्गीतहरूलाई पनि आकर्षक, मिठास दिएर युवा युवतीहरूमा गीतको भाका वा सङ्गीत थप्न मद्दत पुऱ्याउँदछ । यसै विशेषताले गर्दा लोकगीतमा नवीनता थपिदै लोक मानसलाई आनन्दको महासागरमा डुबाउन मद्दत गर्दछ ।

सच्चा साहित्य भनेको हार्दिक प्रेरणाको उद्‌गार हो, हृदयको स्पन्दन वा मुटुको अन्तरकुन्तरको धडकन हो । लोकगीत कलात्मक तथा अलङ्कृत काव्यबाट अलग हुन्छ । पूर्वीय साहित्यको अलंकार, छन्द, गुण र ध्यानार्थ आदि विधि विधानबाट बाहिरिएको हुनाले लोकगीत स्वतस्फूर्त प्राकृतिक रूपमा अभिव्यक्ति हुने विधा  हो । लोकगीत जनताको गीत भएको हुनाले उनीहरूकै उल्लास, विरह, वेदना, घात प्रतिघात, पाखा, पखेरा, ढ्योराली, चौतारी आदिमा घन्किरहने आसु कविको रूपमा पोखिने साहित्य नै लोकगीत हो ।

स्यानीयता र समसामयिकताको प्रयोग लोकगीतमा अझ प्रभावकारी रूपमा रहन्छ । मानिसको मनमस्तिकको अनुरञ्जनको लागि जुन समयमा जो जस्ले जे रच्यो त्यही कुरा त्यस ठाउँको लागि पाच्य भयो र सहज रूपमा त्यसैलाई लोकले गुञ्जयमान पार्दै लग्यो । लोकगीतको प्रचार प्रसार र बिस्तार भयो । साहित्यिक समीक्षकहरुले प्रबल मनोवेगको सहज र निश्छल उद्वेग नै लोकगीत हो भनेका छन ।

लोकगीतका विशेषतामध्ये सत्यम् शिवम् सुन्दरम् पनि एक हो । जीवनवादी दृष्टिकोण राखेर जनसमुदायलाई आनन्द प्रदान गर्नु लोकगीतको धर्म हो । लोकगीतमा रसपरिपाक, परिपुष्ट, सरल स्वभाविकताको अपूर्व सङ्गम भेटिन्छ । लोकगीतमा भावाहन हुन सक्छ तर शब्द शैय्या सुकुमार हुनुपर्छ । लोकगीतको संरचना अस्पष्ट, वक्रता, कुटिलता नभएर सूक्ष्मता,

सूत्रात्मक वा संक्षिप्त गहन हुनुपर्छ, साथै सरलता, सहजता, माधुर्यता, निश्चलता यसका वैशिष्ट्य हुन् ।

लोकगीत आफ्नो मौलिकतामा उनिएर जस्ले समाजमा जुन मनोवैज्ञानिक असर पार्दछ, जति मानिसलाई हृदय चुम्ने सामर्थ्य यसमा निहित हुन्छ, त्यो नै लोकगीतको महत्वपूर्ण विशेषता हो । लोकगीत सामूहिक हुने, रचनाकार किटान गर्न नसकिने हुन्छ । अधिकांश लोकगीतहरू नेपाली सपुतहरूका विभाव, अनुभाव र व्यभिचारी भावको सङ्गमबाट प्रस्तुत हुन्छन् । यसरी लोकगीतहरू व्यापक भएर पनि बेनामी हुनु अर्को विशेषता हो ।

# परिच्छेद ४

# दोलखा जिल्ला मैनापोखरी क्षेत्रका लोकगीतको संङ्कलन, वर्गीकरण र विश्लेषण

## ४.१ विषय प्रवेश

दोलखा जिल्लाको मध्यवर्ती क्षेत्र काब्रे, नाम्दु र मिर्गे गाविसलाई समेटिएको मैनापोखरी क्षेत्रका मानिसहरूको लोकजीवनका आरोह अवरोहलाई गीतका माध्यमबाट लोकजीवनका हरेक पक्षका क्रियाकलापलाई विषयवस्तु बनाई लोकगीतमा अभिव्यक्त गरिएको पाइन्छ । नेपाली लोकसाहित्यका फाँटमा लोकगीत अतीव सम्पन्न विधा हो । विशाल फाँट र बाक्ला वस्तीदेखि पहाडका खोंच, कन्दरा एवम् उच्च हिमाली भेगसम्म फैलिएको लोकगीतको क्षेत्र अत्यन्त व्यापक छ । यसको भण्डार अगाध, अगन्य र अपार छ । लोकगायकहरूले जनमानसका भावना, कल्पना, अनुभूति र असीम चाहना, खुशीका साथै घात प्रतिघात, पीडा, शोक, करुणा, बेदना आदिलाई लोकगीतमा भर्ने काम गरेका छन् । लोकगीतहरू समयको प्रवाहमा निरन्तर बगिरहने नित्य सिर्जनशील र नृत्य परिवर्तनशील हुँदै मुखैमुखमा विचरित र स्वच्छन्द लयात्मक अभिव्यक्ति हो । जनजीब्रोको मनमस्तिकसँग यसको तादात्म्य गति यति मिलाई अभिन्न, अभेद्य र अटुट भएर बोलीचाली मै गीतका भाकाहरू गला गलाबाट निस्कने गर्दछन । घाँस, दाउरा, मेलापात, जात्रापर्व, उकाली ओराली, चौराली भन्ज्याङ आदिमा बैंशालु मनहरू त गीतमै कुराकानी गरी धाराप्रवाह लोकगीत गाउने गर्छन । अनेकौं वर्त, जाग्राम, रातहरू गीतबाट छर्लङ्ग बिताउँछन । यसरी लोकजीवनको सार्वधिक प्रिय विधा लोकगीतमा विविधता, बहुरूपता र नित्य नवीनताजस्ता विशेष गुण हुन्छन । लोकगायकहरू आफ्ना अनुभूति एवम् कल्पनालाई लयात्मक साँचोमा ढाली सरस प्राण भर्ने र जीवनलाई नजिकबाट हेर्ने काम लोकगीतबाटै भएको छ । लोकजीवनको सम्पूर्ण सेरोफेरोमा समेटिएको यो लोकगीतको दाँजोमा अर्को साहित्यक विधा नहुन सक्छ । यस परिप्रेक्ष्यमा लोकगीतको वर्गीकरण गरेर विभाजनको अठोट गर्नु कठिन मात्र होइन, एक दुसध्य प्रयास पनि हुन सक्छ । यसो भन्दैमा सार्वधिक प्रिय विधा लोकगीतको अध्ययन अनुसन्धानलाई पछाडि धकेल्नु चाहिँ अवश्य होइन । लोकगीतको वस्तुगत सापेक्षताको

आधारमा वैज्ञानिक शोध अनुसन्धान गर्नु आजको टड्कारो आवश्यकता भएको छ । यस्तो विशाल महासागरीय क्षेत्र ओगट्ने लोकगीतको पूर्ण वैज्ञानिक अध्ययन अनुसन्धान वर्गीकरण र विश्लेषण नभई नसकेको अवस्थामा सिङ्गो लोकगीतको वर्गीकरण र विश्लेषण गर्न कठिन छ तर पनि यस मैनापोखरी क्षेत्रमा प्रचलित लोकगीतहरूलाई मोटामोटी निम्न रूपमा वर्गीकरण गरिएको छ ।

## ४.२ लोकगीतको वर्गीकरण र विश्लेषण

### ४.२.१ बाह्रमासे गीतहरू

बाह्रै महिना जुनसुकै समयमा गाउन मिल्ने र ज्यादै प्रचलित भएकोले यी गीतहरूलाई बाह्रमासे गीत भनिएको हो । माह्रमासे लोकगीतहरू जुनसुकै अवस्थामा, जहाँ त्यही मेलापात, घाँसदाउरा, उकाली ओराली, ढिकी जाँतो आदिमा बूढाबूढी, केटाकेटी, युवा युवती, युगल एकल र सामूहिक रूपमा गाउन सकिने गीत नै बाह्रमासे गीत हुन । यस्ता गीतलाई स्थानीयताका आधारमा गाउन सकिन्छ । यस मैनापोखरी क्षेत्रमा बाह्रमासे गीतले शृङ्गरिक प्रवृत्तिमा युवा युवतीका अन्तर्मनका संवेदनालाई व्यक्त गर्न दोहोरी (जुवारी) तथा युगल रुपमा पिरतीका भावनालाई भाका हालेर गाउने प्रचलन व्याप्त छ । । यस्ता गीतले मुख्य गरी ठट्यौली, रोमान्स उमार्ने काम गर्दछ । बाह्रमासे लोकगीतभित्र ख्यालठट्टा, मज्जा, रसरङ्ग, प्रेममा जाली गर्न सक्ने व्यक्ति गायकका रूपमा देखिन्छ । लोकगीतको साथमा मादल, खैंजडी, बच्छेबाजा, मुजुरा वा झ्याली जस्ता वाद्यवादनको पनि प्रयोग गरेको पाइन्छ । बाह्रमासे गीतमा संगिनी, झ्याउरे, रत्यौली जस्ता गीतहरूमा महिलाहरूकै प्राधान्यता पाइन्छ । बाह्रमासे गीतका केही नमुनाः -

घाँस काट्ने ढड्डा चरिकोटलाई अड्डा रामछापलाई २ नम्बर
परन्तुसम्म न त हुने रैँ छ व्यर्थै गरेँ यो झम्मार ।
उढेसै लाग्दो नाम्दुको डाँडो बैराग लाग्ने काब्रे गाउँ
देख्नेलाई राम्रो चरिकोट डाँडो ज्यानमारालाई राख्ने ठाउँ ।
बिरालो सुरी हिँड्छ धुरी धुरी मुसा मार्ने गर्छ दाऊ
तिमी कन्य केटी म कन्य केटा पाउँ धोएर पानी खाऊ

रामबहादुर खत्री र दलबहादुर खत्री

भजन

ॐ हर हर महादेव ॐ हर हर महादेव,
ॐ नमः शिवाय ॐ नमः शिवाय
गंगाजल अनि वेलपत्र लिई तिम्रै पूजा गर्छु
कोटी कोटी बन्दना गर्दै आरति अर्पण गर्छु
मनको मैलो द्वेष सबै फाल्यौं, शिवको दिव्य नाम प्रेमले जपौं ।
माया मोह लोभ सबै त्यागौं, शुभकर्म गरी जीवन बिताऔं ।
ॐ नम शिवाय, ॐ नमः शिवाय

सीता र राधिका

जुहारी गीत

केटा : किताब च्यापी ढल्किंदै जानीले, फर्किएर हेर न नानीले ।
केटी : किन हेर्ने पछाडि फर्केर, आज मलाई भा को छ अबेर ।
केटा : धेरै हतार नगर हेर, केही हुँदैन केही छिन बसेर ।
केटी : त्यो मन्मा के कुरा छ त, क्याम्पस जान हिडेको छु म त ,
केटा : भन्न पनि लाग्छ नि डर, आज क्याम्पस नगए हुन्न र ।
केटी : पढ्न भनी हिडेको घरबाट, थाहा पाए हुन्छ नि बरबाद ।

सन्तोली र रामबहादुर

## ४.२.२ संस्कार तथा पर्व गीत

हिन्दू जीवनदर्शन धर्मकर्मका लागि महत्वपूर्ण छ । हाम्रो धर्म र संस्कृतिको आधारमा जन्मदेखि मृत्यु पर्यन्त हरेक कर्महरू धार्मिक विधिविधानमा आधारित छन । संस्कारहरू आर्यसभ्यताको संस्कृतिलाई जीवन्त राख्ने सत्कर्महरू हुन् भने अर्कोतिर मानसिलाई सदाचार, निष्ठावान्, सदप्रबृत्ति र अनुशासित बनाई राख्ने माध्यम पनि हुन् । सामाजिक विकासको श्रृङखला निर्माण गर्न एक पुस्ताले अर्को पुस्तालाई यिनै सांस्कारिक लोकगीतहरूले सहयोग पुऱ्याएको हुन्छ । संस्कारले नै मान्छे सर्वोच्च बन्न सक्छ भन्ने भनाइ यस्तो छ । 'जन्मनात्जायते शूद्रः संस्काराद्द्विज उच्यते' । मानिस उच्च श्रेणीको हुनलाई वा कुल घरानको व्यक्तित्व प्रदर्शन

गर्न सांस्कारिक व्यवहारमा राम्रो हुनुपर्दछ । संस्कारवद्ध विभिन्न चाडपर्वमा गाइने गीतहरूले हिन्दू संस्कारको प्रचलनलाई मात्र जीवन्त राख्ने चाडपर्वको महत्वका साथै मानिसलाई जीवनवादी शिक्षा दिने प्रेरणाको स्रोत बनेको छ । यसरी संस्कारवद्ध लोकगीतहरूले मानिसलाई मानसिक रूपले माझ्ने र समाजमा टलक टल्काउने काम गरेका छन् ।

दोलखा जिल्ला मैनापोखरी क्षेत्रमा प्रचलित गीतहरू चाडपर्व अनुसार फरक फरक किसिमका पर्व गीतहरू गाउने परम्परा छ । चाडपर्वहरू तथा धार्मिक अनुष्ठानिक कार्यहरू लोकविश्वासका आधारमा गर्ने गरिन्छ । समयको परिवर्तनसँगै मानवीय चीनतनमा भिन्नु रूपान्तरण भए पनि धार्मिक तथा सांस्कारिक कार्यहरूको विश्वास समाजमा अध्यावधिक गहिरो छाप परेको हुन्छ । जीवनरूपी यात्रामा आउने दुःख, सुख प्राप्ति अप्राप्ति आदिले मानिसको भाग्य दुर्भाग्य आदिलाई धार्मिक तथा संस्कारिक पर्व गीतको माध्यमले जन विश्वास बढाउने काम गरेको छ । यस मैनापोखरी क्षेत्रमा प्रचलित धार्मिक तथा संस्कारिक पर्व गीतहरू यस प्रकार छनः -

## खाँडो गीत

धर्मवीर आया, कर्मवीर आया
वीरन मे महावीर आया,
श्री प्रतापी शूरवीर आया
जाग रे खाँडो जागे रे जागरे गाज रे
कुइरेको टाउकोमा ठ्वाक्क, ठ्वाक्क, ठ्वाक्क
भोटेको थाप्लोमा ठ्वाक्क, ठ्वाक्क, ठ्वाक्क

धनबहादुर खत्री, मैनापोखरी

## तीज गीत

तीजको बेलामा जानु पऱ्यो मेलामा, म छोरीको आँसु खस्यो दैलो ठेलामा
साहूको पिरले गर्दा माइती गए नौ डाँडा काटेर
माइती सम्झी रुन्छ यो मन फाटेर
तीज आयो भनेर सबै जान्छन माइत

आफ्नो माइती मुग्लान पारि छैन साइत ।

राधिका लामिछाने, देवकी दहाल र साथीहरु, मैनापोखरी

## भैलिनी गीत

हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेको, औंसीको दिन गाई तिहार भैलो
दैल्यै माथि लेखेको लक्ष्मीले टेकेको, औंसीको दिन गाई तिहार भैलो
हामी उसै आएनौ बलि राजाले पठाए (२ पटक)
गोठ् गाईले खटाए औंसीको दिन गाई तिहार भैलो ।

भैलिनी समूह, मैनापोखरी

## द्यौसी गीत

ए भजमन भजमन : भैलीराम
ए कहाँको भैली : भैलीराम
ए मधेशकी भैली : भैलीराम
ए ठिलिमिठी ठिल्ला : द्यौसी रे
ए कम्पनी मिल्ला : द्यौसी रे
ए रातो माटो : द्यौसी रे
ए चिप्लो बाटो : द्यौसी रे
ए लड्दै पड्दै : द्यौसी रे
ए आएका हामी : द्यौसी रे
ए केराको खम्बा : द्यौसी रे
ए आठ भाइ जम्मा : द्यौसी रे

द्यौसी समूह, मैनापोखरी

## तिहारको गीत

खाने र पिउने सिँगार पेटार घरको गर्दछौं
भैलिनी खेल्यौं, द्यौसी खेल्यौं, यो चाड मान्दछौं
एउटै छ दु:ख मनमा लाग्ने निधार खालि भो
दाजु र भाइ विदेशमा गए यो हात खालि भो ।

## सत्यनारायणको कीर्तन

श्री सत्यनारायणको व्रत श्रद्धाले गरौँ
भक्तिभावले नारायणको पूजा अर्चना गरौँ
श्री सत्यनारायणको कथा प्रेमले श्रवण गरौँ
भक्तिभावले प्रतिदिन प्रभुमा तुलसीपत्र चढाऔँ
शंख चक्र गदा पद्म हातमा लिएका
श्वेत वर्ण पीताम्बर, वनमाला लगाएका
निर्गुण निराकार सगुण स्वरूप भएका
भक्तजनको पापकर्म नाश गर्ने भएका
सर्वशक्तिमान् सत्यदेवको आरति उतारौं ।

राधाकृष्ण दहाल र साथीहरु, मैनापोखरी

## ४.२.३ श्रमगीत

श्रमगीत काम गर्दागर्दै गाइने गीत हो । आफ्नो शारीरिक थकानलाई मेटाएर मनलाई उत्साह प्रदान गर्ने गीतको मार्मिक र सुखद लयानुभूतिमा लठ्ठिएर थकावटको खासै पत्तो नपाउने र सबै सँगीसाथीहरूबीच गीतका माध्यमबाट मित्रता र सहकर्मीको भाव सम्प्रेषित गर्न श्रम गीत गाइन्छ । मेलापातमा श्रम गीत गाउँदा साथीसँगीहरूसँगको प्रत्युत्तरमा वा सवालको जवाफ दिन पाउँदा कृतज्ञताको बाढी चल्छ । हृदयमा आनन्द वर्षाउँछ । मुटुबाट हलुका लयदार स्पन्द भाव उब्जिन्छ । गलामा उर्लदो मधुर स्वर लहरीको गीतबाट मन्त्रमुग्ध भए आ-आफ्नो कामको समय बितेको थाहै नपाउने हुन्छ । शरीर र मनमस्तिकलाई थकानबाट मेटाउन श्रम गीतले ठूलो मद्दत गरेको हुन्छ । श्रम गीत अन्तर्गत असारे गीत, दाइँ गीत, घैया गीत, भदौरे गीत, बेठीगीत र रसिया गीत आदि पर्दछन् । बेठीगीत पञ्चैबाजाका साथ नाच्ने र गीत गाउने प्रचलन छ । बेठी रोपाइँकै खेत गह्वामा गाउने र हिलो खेल्ने क्रममा बेठीगीत गाइन्छ । असारेगीत र बेठीगीतमा फरक ल्याउने मुख्य कडी पंचैबाजा हो । बाजासहितको गीत बेठीगीत र वाजाविहीन असारेगीत हुन् । किसानहरू असार १५ लाई एक महान् चाडका रूपमा लिने गर्दछन् । अन्य श्रम गीतको दाँजोमा असारे गीत र बेठीगीतलाई विशेष रूपमा लिने गरिन्छ ।

बाली लगाउने क्रममा असार १५ लाई मानो खाएर मुरी उब्जाउने उर्वर र सिर्जनशील समयमा लिइन्छ । त्यसैले असार मासलाई सबैले बाली लगाउने समय भनेर असार पन्ध्रमा राजारानी पनि हिलो खेल्ने परम्परा बसेको छ ।

## असारे/रसिया गीत

असारको पन्ध्र दही चिउरा खाने, खाइसकेर धान रोप्न जाने ।

............................

काँधैमा हलो काँधैमा जुवा कम्मरैमा बसिला (ल है कम्मरैमा बसिला)
ती पञ्चैबाजा राखि द्यौ दर्जी, म गाउँछु रसिया (ल है म गाउँछु रसिया)
असार मासको दबदबे हिलो छि १ छि १ मलाई घिन लाग्यो
हरिया रंगको लै फरिया किन्दा छ, छ वीस ऋण लाग्यो
खेतैलाई रोप्ने छुपु छुपु मासै रोप्ने सुइरोले
माइतीको देश हेरी जाउँला भन्थे छोपो पापी कुइरोले ।
खेतैलाई रोप्ने भलपानी छोप्ने मंसिरको पहिलो दाइ
बोलाउँदा पनि नबोली हिँड्छौं, बोल्नु पर्ला कहिले काँही
गैरी खेतको रोपाइँ आउनु होला तपाईं छाता होइन घुमलेर
विहान उठी बसालेको भात गयो होला उम्लेर
असारमास छाता ओढी हिँडने चैत्य बाँदर मकै चोर
एकैलाई चरण गीत भनौं भने दुई पैसाको छैन स्वर

. . .

ऐया १ आमै घैया पाक्यो चिउरी कुटाई देऊ न
चिऊरी खाँदा दन्त दुख्यो दहीमा भिजाई देऊ न

धनबहादुर खत्री र दलबहादुर खत्री, मैनापोखरी

## दाइँगीत

हो ............. दाइँ बरादो गरी देऊ । छुनुमुनु घुमी देऊ धान पराल माथि ।

मेरा राजै ...... पुतली गाईको नाति माली गाईको बाच्छो
हिँड्न लागे धान पराल माथि दाइँ बरादो हो .....।
. . .

मियोको टुप्पामा बसी गयो कोइली
आजका दँयरेलाई घिऊका चोइली
भोलिका दयँरेलाई भाका चोइली
दाइँ बदारो हो .............।

रहलबहादुर, हेमप्रसाद चौलागाई, मैनापोखरी

## ४.२.४ बाल लोकगीत

नानीहरू मानिसका रमाइला खेलाउना मात्र होइनन् मुटु भित्रका मायाका पुजारी पनि हुन । बालकहरूको स्वच्छन्द र निष्कपट हृदयबाट ओकलिएका सुमधुर तोतेबोलीहरू सुन्दा कस्को मन आल्हादित नहोला र ? साहित्यका विविध फाँहरूमध्ये बालसाहित्य पनि महत्वपूर्ण विधा हो । बालकहरूको मुखारबिन्दबाट बाललोकगीत सुनेर जो कोही मानिस आनन्दको महासागरमा डुब्न पुग्छन् । जस्ले दुःख दर्द, पीडा, शोक, विरह, व्यथालाई आनन्द, शान्त, निर्मल र कोमल बनाई सांसरिक माया मोहजालमा लठ्ठ पारिदिने काम गर्छ । बाललोकगीतहरू हदै सरलताको अन्तिम बिन्दुबाट प्रारम्भ भएर मानिसको हृदय चुम्नेको साथै माया ममतामा गाँसिन पुग्छ । बाललोकगीतको आलोकित रङ्गमञ्चले बालसुलभ व्यवहार मात्र प्रदर्शन गर्दैन । यसले बालक, बृद्ध, युवा, युवती आदि सबैलाई मनोरञ्जनात्मक अभिव्यञ्जना प्रस्तुत गर्दछ । बाल कविता, बालगीत तथा बालकथाहरू प्राथमिक तहको नेपाली भाषामा पाठयक्रममा समावेश गरी भाषिक सीपको विकासका साथै बालकहरूको आन्तरिक सिर्जनात्मक प्रतिभाको प्रष्फुटनमासमेत सघाउ पुऱ्याउँदछ । जहाँ जहाँ बालसाहित्यको प्रचलन बढी छ, ती घरहरू र तिनै आमाका काखहरू बालरङ्गमञ्च तथा नाट्यशाला बनेका छन् । यस्तो सर्वप्रिय बालसाहित्यको बाललोकगीतको विधा यस मैनापोखरी क्षेत्र अन्तर्गत प्रचलित केही नमुना यस प्रकार छन्: -

सानु सानु हाम्रो नानी
कस्तो राम्रो बानी
हाँस्तै खेल्दै आयो नानी
राम्रा हात तानी
पापा लिने हात राम्रो
चाचा पनि राम्रो
यो नानीको बानी राम्रो
पारौँ अझै राम्रो ।

. . .

रात राम्रो जुनले
मान्छे राम्रो गुनले
भँडो राम्रो उनले
घर राम्रो चुनले
कुरा सुन्ने कानले
नाना किन्ने दामले
पेट भर्छ मामले
ताते हुन्छ घामले ॥

. . .

चि मुसी चि, ओखल बजिया विया
तेरा दाजु मेरा दाजु माछा मार्न गए
माछा मारी ल्याए ढुंगामा सुकाए ॥

. . .

दगुर दगुर कुइरा
तेरा घर चोर पस्यो
सातु सामल कुम्ल्यायो
मानो पीठो लुकायो

बूढी भैसी लडायो
थोत्रे नाङ्लो ठटायो
थाल भाँडा बजायो
लुगा कपडा उडायो
तेरा घरमा चोर पस्यो
दगुर कुइरा दगुर ॥

. . .

ताराबाजी लै लै
मामा आए घोडा
माइजू आइन डोली
पापा ल्याइन सोली
खान दिन्छिन भोलि ॥

. . .

म्याउँ म्याउँ विराली यतातिर आऊ
मेरा नाना काटी दिने मुसार मारी खाऊ
कराइको दूध नखाऊ म त भोकै हुन्छु
बुबु चोरी खायौं भने धुरुधुरु रुन्छु ॥

सञ्जय र भवानी, प्रतिक्षा, सुसन घिमिरे

## ४.२.५ देशप्रेम र राष्ट्रियतासँग सम्बन्धित लोकगीत

यस दोलखा जिल्ला मैनापोखरी क्षेत्रमा देशप्रेम र राष्ट्रियताले ओतप्रोत भएका लोकगीतहरू प्रशस्त गुन्जन्छन् । जुन गीतहरूमा तीब्र राष्ट्रवादी, देशभक्ति र राजमुकुटप्रतीको असीम विश्वासका स्वरहरू घन्किरहेका हुन्छन् । यसको अतिरिक्त नेपाली धर्तीको विराट् नैसर्गिक प्राकृतिक सुन्दरता, जातजातिको भेषभूषा र संस्कृतिसँगको अमिट मोह आदि कुराको वर्णन देशप्रेमका गीतहरूमा पाइन्छन् । गीतहरूले भक्ति, वीरता र प्रकृतिप्रेमको चित्रण पनि गरेका हुन्छन् । समाजको नवनिर्माण र देशोन्नतिको पथमा आ-आफ्नो कर्तव्य, जोश र

उमङ्गका साथ आह्वान गर्ने राष्ट्रिय गीतहरू प्रशस्त पाइन्छन् । देश र समाजप्रतीको सजगता, माटोप्रतीको ममता, राष्ट्रप्रतीको सम्मान र स्वाभिमानताको पाठ सिकाउने विषयमा राष्ट्रियगीतको उत्तिकै महत्व छ । गीत भावुक हृदयको उद्वेवेग भएकोले जनमानसको स्वच्छन्द भावुक हृदयको लयानुभूति नै लोकगीत हुन् । समाजका अनुभवहरूलाई समेटेर लोकगायकहरूले गीतको माध्यमबाट राष्ट्रियता तथा देशप्रेमको बारेमा ऊर्जा थप्ने काम गरेका छन । देशको अतीतप्रतीको अमीट मोह आफ्ना महान् पुर्खाहरूप्रतीको पूज्य भावना र देशको प्राचीन संस्कृतिसँगको असीम प्रेमलाई राष्ट्रियगीत मार्फत प्रखर स्वरहरू उमारिएका हुन्छन् । देशको अपार प्राकृतिक छटाको विशुद्ध चित्रण र जस्को गीतगायनबाट देशमा रहेका खोला, नाला, नदी, पहाड, हिमाल, जङ्गल, छहरा, छाँगा वैभवशाली प्राकृतिक संपदाले धर्तीमातालाई हँसाउने काम भएको छ । यिनै प्राकृतिक छटाको उद्विपन र आलम्वनमा लोकसष्टाहरूको गलागलामा देशप्रेमका उर्लदा गीतहरू सुसेलिन्छन् । राष्ट्रियगीतको माध्यमबाट प्राकृतिक वस्तुको कुशल चित्रणबाट तराई, पहाड, हिमाल र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सम्पूर्ण नेपालीहरू एकै सूत्रमा बाँधिने काममा देशप्रेमका गीतहरूबाट भएको छ । यस मैनापोखरी क्षेत्रमा प्रचलित राष्ट्रिय तथा देशप्रेमका गीतहरूका नमुना यस प्रकार सङ्कलन गरिएको छः -

ज्ञानको बत्ती बालेर हामी राष्ट्रलाई देखाऔं
गाउँलाई होइन, जिल्लामात्र होइन राष्ट्र नै जोगाऔं
बलभद्र अमर गङ्गालाल वीर शुक्रराज शास्त्रीको
दशरथ चन्द्र सहीद वीर ती धर्मभक्तको
भानु र सम लेखनाथ वी.पि. देवकोटा सिद्धिको
प्रेरणा लिई लम्कन्छौं हामी सेवामा राष्ट्रको ॥

. . .

तेञ्जीङ्ग, ल्हामु, आंगरिता काजीहरूको सहासले
प्रेरणालाई बन्नेछौं नामी उमङ्ग उत्साहले
बुद्धको देश शान्तिको क्षेत्र अटल राखेर
शान्तिको बाटो देखाउँछौं हामी युद्धलाई दाबेर
क्षत्री र बाहुन नेवार थारू जनजाति दलित

मदिसे पहाडे एक ढिक्का सबै राष्ट्रका सपुत ॥

. . .

विज्ञान वेत्ता, डाक्टर, वकील कालीगढ बनेर
राष्ट्रको सेवा पहिला राख्छौं निस्वार्थी भएर
व्यवहारी बनी गरेर खेती हटाउँछौं बेकारी
बन्नेछौं शिल्पी व्यापार गर्छौं हुँदैनौं हैरानी ॥

. . .

मर्दको छोरो कि गरी खान्छ, त्यो मरी जाँदैन
वंशको इज्जत उज्यालो पार्छ, हरेश खादैंन
रोएको आँसु पुछेर सवले विदाई देऊ न
हँसिलो मुहार, सुकिलो मनले आर्शीवाद देऊन ॥

. . .

हीरा र मोती यहीँ छन् नदी र नाला जंघार
आकाश छुने यही देशमा डाँडा र काँडा हजार
बुद्ध हुर्की बढेथे यही देशको माटोमा
जनकले सीता पाएथे, यही बगरे माटोमा ॥

. . .

नेपाली छातीमा हिमालको छाँया छ
नेपाललाई नेपालीको विछट्टै मायाँ छ ।
विश्वमा अग्लो हिमाल, काखमा हाम्रो नेपाल
हाम्रा सहिद ठूला छन् हाम्रै देश नेपाल ॥

. . .

जाग मेची कालीका वीर कर्मी हो
यही धुलोमा जन्मिएका बुद्ध अर्निको
हिमाल जस्ता हाम्रा राज
गुराँस जस्ती हाम्री रानी

समताले हेर्छन् राजा
ममताले हेर्छिन रानी ॥

मीनबहादुर घिमिरे र कैलास घिमिरे, मैनापोखरी

## ४.२.६ लोकगीतको प्रभाव क्षेत्र

साहित्यको फाँटमा लोकगीत अतीव विधा हो यसले स्थानीयता र समसामयिकताको प्रभाव छेड्न सफल हुन्छ । लोकगीत लिखित साहित्यजस्तो सचेत अलंकारिता र कृत्रिम कोरीबाटी पूर्ण संरचनामा रचित विधा होइन । यो केवल लोकगायकहरूको अन्तःहृदयबाट स्वतः निःसृत रूपमा निस्कने अभिव्यक्ति हो । लोकगीतमा इतिहास र मानवसंस्कृति लुकेर बसेको हुन्छ । त्यसलाई लोकगीतको माध्यमबाट प्रकाशमा ल्याउन सकिन्छ । प्रचलित लोकगीतले मानवसंस्कृति, इतिहास, नारीचेतना, धार्मिक अनुष्ठानिक कार्यहरू र जनमानसका लोकभावनाहरूलाई प्रभाव पारेको हुन्छ भने यी परम्पराले पनि लोकगीतलाई अदिमता र नवीनतामा बग्न मद्दत पुऱ्याएको हुन्छ । त्यसैले संस्कृतिभित्र लोकगीत अन्तर्भावित रहेको हुन्छ । लोकगीत लोकसाहित्यका विभिन्न भेदहरू मध्येको सार्वोच्च सर्वप्रिय विधा हो । जनजिन्दगानीका सुख, दुःख, हर्ष, विस्मात्, घात प्रतिघातहरूले लोकगायकहरूको भावुकहृदयलाई उद्दीप्त बनाई भावुकताबस लयात्मक अभिव्यक्ति लोकगीत भए पनि लोकगायकको हृदयलाई स्थान र समसामयिक परिस्थितिजन्य अवस्थाको प्रभाव परेको हुन्छ । लोकगीत सिर्जित तथा अंकुरित हुन्, त्यसैले स्थान विशेषको आर्थिक अवस्था, धर्म तथा सांस्कृतिक परम्परा, नारी चेतनाको अवस्था, प्राकृतिक सौन्दर्यको भण्डार आदिले पनि लोकगीतमा प्रभाव पारेको हुन्छ । यस मैनापोखरी क्षेत्रमा प्रचलित लोकगीतहरूले प्राकृतिक, अर्थिक र सामाजिक तथा नारी चेतना आदिलाई प्रभाव पारेका लोकगीतहरूका नमुना यस प्रकार छन्:-

## ४.२.७ प्रकृति चित्रण

मानिस प्रकृतिको सुन्दर उपहार हो । मानिसलाई पनि प्रकृतिका एक अंशको रूपमा स्वीकारिन्छ । प्रकृति र मानिस एक अर्कामा अभेद्य तथा नङ मासुका रूपमा सृजिएको हुन्छ । जीवनका सादृश्यताहरू प्रकृतिदेवसँग समन्वय हुन्छ । प्रकृति उजाड बनी दिँदा, वनजङ्गलमा

न्याउली रुँदा मानिसको मन पनि नरुने कहाँ होला र ? प्रकृतिको चित्रणका साथमा मानवजीवनका सुख, दुःख, विरह वेदनाहरू, मानव मनका आन्तरिक दमित तथा कुष्ठित चाहनाहरूसमेत प्रकृतिको न्यानो र कोमल स्पर्शबाट आलोकित हुन्छ र उज्यालो छर्दै गीत बनेर गुञ्जन थाल्छ । लोकजीवनमा प्रकृतिको स्वरूप जताजतै व्याप्त छ । प्रकृतिका हरेक क्रियाकलापहरूसँग मानवजीवनको सामिप्यता रहन्छ । प्रकृतिको अभावमा दुःख मात्र छैन । मानवसून्यता पनि निम्त्याउँछ र विरूप तुल्याउँछ । जीवन वसन्तको खुसीमा मात्र फुल्ने होइन, शरद्मा पनि सुवास दिन्छ भने ग्रीष्मको रापिलोलाई शिशिरको ठण्डामा पनि कठिङ्ग्रीन्छ । प्रकृतिको वस्तुपरक चित्रणमात्र लोकगीतमा नभएर प्रकृतिको सौन्दर्य छटाले मानवीकिकरण गरेर इन्द्रिय संवेदनाका आधारमा प्रकृतिलाई आलम्वनको रूपमा वा प्रतीक बिम्बका रूपमा पनि लोकगीतको सृजना हुन्छ । प्रकृतिको मनमोहकता, रमणीयता, सुन्दरताको सुन्दर वर्णन नै लोकगीतको माध्यम हुन्छ । प्रकृतिको स्वच्छन्द वर्णन गर्नमा नै लोककविहरू रमाउँछन । प्रकृति असीम खुसी र हर्षको भण्डार मात्र होइन, जीवन एउटा अप्राप्ति हो, जीवन आँसुको नदी हो, कहिले जीवन उडेको चरी हो त कहिले जीवन नदीको दोभान हो यसरी प्रकृतिमय जीवन दर्शन बुझ्न यसै मैनापोखरी क्षेत्रमा प्रचलित लोकगीतको आधार लिनुपर्छ गीतका केही नमुनाहरू यस प्रकार छन्ः -

कोइली चरी रोइ रहन्छे धर्धरी
गरिवको खोसियो घरबारी
कोइली चरी रोइ रहन्छे वनमा,
विरह चल्छ यो दुःखी मनमा ॥

. . .

आज किन लागेन जुन, बतासले बादललाई फार्दैन
जून आज रिसाए होलान्, म पापीलाई पीडामा देखेर
काब्रे गाउँ त नराम्रो थिएन, बस्न मलाई कर्मले दिएन
घट्टालाई आइरो पिंडालुलाई गैरो, बनकेरालाई गवारा
बैरागी चेली जता गए पनि छैन खुसी खबर

पानीलाई पऱ्यो रिमिझिमी हल्लाई हाल्यो जाईको बोट
गरिबको छोरो कहिले घर बस्छ कहिले मधेश कहिले भोट
आखिरी हामी जीजिविषाको क्रममा महत्वकाक्षी बनेर
असीम खुसीहरू लुटिदां मन रुवाएर बादल वर्ष बनाउँछौं
मन फाट्दा ज्वालादेखि विष्फोट गराउँछौं चित्त उड्दा
आकाश गडगडाए झै गडगडाउँछौं यिनै दमित र कुष्ठित
भावना पोखिदा लोकमानसमा लोकगीतहरू मुल फुटे झै
निर्मल झर्नाझैं र नदी सुसाएझैं गाउँ घरमा गीतहरू गुञ्जमान हुन्छन ।

रामबहादुर वि.क., राजन वि.क.

प्रकृतिको सन्निध्यबाट मायाप्रेम प्रणयका उद्गारहरू अभिव्यक्ति नभएका होइनन् मानिसको मन प्रकृति जस्तो, प्रकृति मानिसको मन जस्तो दुवैमा सामिप्यताको सम्बन्ध गाँसिएको हुन्छ ।

लेकमा फुल्यो त्यो लाली गुराँस औलमा टोटालो
तिमी त रैछौं सुवीदार्की छोरी म भैंसी गोठालो
शिरमा लाउने डोरीवाला टोपी, पाउँमा जुत्ता लेदरको
मेरो चाहीँ मायाँ लाग्दैन भने खनी देऊ खाडल म घरको
सिरी न सिरी बतासै लाग्यो बत्तासै भ्ऱ्यालैमा
टपक्कै टिपी मै लाने छैन मुखैको ख्यालैमा
आज एकादशी झ्यालैमा बसी जाइको माला उनेर
पोकेको अम्बा भयौं गजरधुम्म कस्को कुरा सुनेर ॥

रामबहादुर वि.क. र साथीहरू

खुट्टामा मेरो नेल छ साथै हातमा अत्कडी
यो मन मेरो छोडदैन तर हिमालै नचढी
नठान तिमी सुस्केरा हाली म रुँनी दुःखी हुँ

चट्टाने धर्ती फोरेर बोल्ने म ज्वालामुखी हुँ
वसन्त ऋतु हेमन्त  ऋतु घुमेझै वनमा
सुख र दुःख चक्रझै घुम्छन् मान्छेको जीवनमा
साहस दृढ नभई कोही लक्ष्यलाई छुँदैन
सगरमाथा नचढी कोही तेन्जिङ हुँदैन ।

सीता जिरेल, कोपिला जिरेल

## ४.२.८ आर्थिक जीवनको चित्रण

जीवन जीउने सवालमा धन आफैंमा ठूलो वस्तु हो, तर समाजमा धन भन्दा मन  ठूलो हो भन्ने भनाई पनि नभाको होइन । मानवीय आवश्यकताहरू असीमित छन । ती आवश्यकताहरू परिपूर्ति गर्ने स्रोत र साधन सीमित छ । आवश्यकताहरू पूरा गर्नुपर्ने लोकसमाजको बाध्यता छ । जीवनबृत्त वा जीविकोपार्जनका लागि अनेक आर्थिकोपार्जनको सिलसिलामा विभिन्न  पेसामा आवद्ध हुनुपर्छ । ग्रामीण जनजीवनको मुख्य पेसा खेतीले धान्न नसकी रोजगारीका निम्ति विदेशिनु पर्ने आफैमा बाध्यता छ भने साहूमहाजनको चर्को शोषणमा भरिया, नोकर, हली, कमैया आदि बस्नुपर्ने विवशता त छँदैछ । आर्थिक विडम्बना, दरिद्रता, आर्थिक शोषणका ज्वालाले समाजमा निम्त्याएका विसंगति, कुसंस्कारहरूलाई यस क्षेत्रमा प्रचलित लोकगीतले तीखो व्यङ्ग्य गर्नाका साथै जीवन आर्थिक नारकीय दलदलको (भासमा) डुब्न बाध्यता बनाएको छ ।

गरिबको घरमा छैन एकमुठी अन्न
अन्यायको विरोध गर्न शक्ति छैन तिन्मा
अन्नपूर्ण भकारी त कस्ले रित्तो पाऱ्यो
गरिबको सम्झनामा कस्ले आँसु झाऱ्यो ॥

. . .

दिनरात काम गर्दा खानुपर्छ सिस्नु नै
फाटेछ दौरा लै पिठिउँमा पनि कल्मा लगी सिउनु नै

साहूको पीरले माइती गए नौ डाँडा काटेर
दुःख पर्दा रुन्छ मेरो मनै फाटेर ॥

. . .

दोष छैन आमा बाबालाई न त दाजुभाइलाई
रिस पनि दोष पनि बैरी मोरालाई ॥

. . .

नजाऊ दाजु विदेशी हुनलाई
रेल्को झ्यालमा बसेर रुनलाई ॥

. . .

उँभो उँभो लेखमा म जाँदा भोटेको कुकुर साङ्लोमा
हामीलाई लाने हो भने गहना थुपार नाङलोमा ॥

सीता जिरेल, रामबहादुर र साथीहरू

धनी र गरिबको विभेद्यी पर्खालले पनि प्रेमप्रणयमा भँगालो ल्याएको छ । समाजमा दाइजो र तिलक प्रथाको कलंकले नारी जीवनमा आत्माहत्या, हेंला, तिरस्कार र सौताले व्यवहार सहन बाध्य तुल्याएको छ भने प्रेमी प्रेमिकाहरूमा पनि जीवन सँगिनी नपाउनु अर्को सामाजिक तगारो बनेको छ ।

## ४.२.९ समाजमा नारी जीवनको चित्रण

विदीर्ण र जर्जर जीवन बाँचेका झोपडीका नारीहरू, जातीय विभेदमा जकडिएका निरीह भोगाइ भोगेका नारीहरू अनि कथित शास्त्रीय परम्पराले निहित स्वार्थका दासताका सीमाहरूको क्रूरतम परिवेश भोगेका नारीहरूको वास्तविकतालाई उजागर गर्ने सवालमा यस क्षेत्रका लोकसाहित्यिक हस्तीहरू जनताको स्नेही न्यानो काखमा लुटपुटिन पाएका छन् । प्राचीन सभ्यता, संस्कृति र परम्पराको नाममा उपल्ला स्वार्थी वर्गले चलाएका निष्ठुरी चलनहरूलाई किनारा लगाउने दायित्व अँगालेका साहित्यक सर्जकहरूको खाँचो चाहीँ हाम्रो समाजले महशूस गरिरहेको छ । हिन्दूधर्मले नारी अस्तित्व नारीत्वमा पारेको प्रभावलाई यस क्षेत्रमा दुईथरी मत देखापरेको पाइन्छ । एकाथरी वेदकालीन हिन्दू संस्कारले नारीको मर्यादा/अस्मितालाई ज्यादैं

उच्च स्थानको सम्मान दिएको छ भने अर्काथरी इतिहासमा नारीले भोगेका असंख्य कष्ठ र सिङ्गै नारीजातिलाई नै हेपिएर दयनीय स्थितिमा राखेको पाइन्छ । यसका केही उदाहरणहरू यस प्रकार छनः -

## नारीको सम्मानका बारेमा

गर्भाधान र सन्तानको पालन पोषण गर्ने हुनाले पिता भन्दा माता सयगुणा बढी आदरणीय छन ।

"जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ देवताहरू रमाउँछन ।" - (मनुस्मृति, पृ. १४०)

पुरोहित भन्दा गुरु दश गुना, गुरु भन्दा पिता सय गुना र पिता भन्दा माता हजार गुना बढी गौरबशाली  छन ।

पुरुषहरू बढी ढिप्याइका साथ नारीहरूको निन्दा गर्दछन् । वास्तवमा नारीहरू पुरुषको तुलनामा बढी गुणा सम्पन्न छन् । पवित्र र निरपराध नारीहरूमा गालीको वर्षा गर्नु जो चोर उसको ठूलो स्वर गर्नु हो । नारीको निन्दा र आलोचनाका बारेमा पनि केही भनाइहरू यस प्रकार छन्: -

ूस्त्रीहरूसँग मित्रता गर्नु हुँदैन किनभने तिनको हृदय ब्वाँसोका जस्तो हुन्छू ।

- ऋगबेद १०: १५: १५

ूएकातिर यमराज, वायु, मृत्यु, पाताल, छुराको धार, विष, सर्प र आगो अनि अर्कोतिर केवल स्त्री राख्दा बराबर हुन्छू ।

- महाभारत, अनुशासन पर्व ३८⁄३९

ूनारी स्वभावले मायावी, दुस्साहसी, ढाँट, पटमूर्ख, लोभी, निष्ठुरी र फोहोरी हुन्छनू ।

- चाणक्य

ूस्त्री र शूद्र समान हुन्छन । स्त्री शूद्र र चण्डालहरूले वेदमन्त्रको उच्चारण गर्नुहुन्न । स्त्री, शूद्र र वैश्य पापयोनी हुनू । - गीता

यसरी हिन्दू धर्म संस्कारले स्त्रीलाई दासी र पुरुषलाई स्वामीको रूपमा अँगालेको छ । समानता, स्वतन्त्रता र ऐन कानूनले नारी समानताको जतिसुकै हक प्रदान गरे पनि कलङ्कका रूपमा स्थापित भएको हिन्दूनारी संस्कारको कलङ्क मेटाउन नारी जागरणकै खाँचो पर्दछ ।

यसमा होस्टेमा हैंसे पुऱ्याउन पुरुषवर्ग र सम्पूर्ण समाज नै लाग्नु पर्दछ । परम्परादेखि कुसंस्कारिक संजाललाई चुडाउन लोकगीतको माध्यमले ठूलो मद्दत पुग्दै आएको छ ।

नारीहरूले चुलो, चौकादेखि मेलापातसम्मका कामको अभिभारा बहन गर्दा उब्जने दुःख कष्ट, राप, विलाप र कुण्ठा आदिलाई गीतको माध्यमबाट पोख्ने काम भएको छ । सासुबुहारीबीचको मनोमालिन्यता, देउरानी जेठानीबीचको सेखी र सौतेनी व्यवहारले उब्जाएको रडाको यस मैनापोखरी क्षेत्रका लोकगीतहरूको विषयवस्तु बन्न पुगेको छ । यस क्षेत्र अन्तर्गत प्रचलित नारी अस्मिता, समानता, स्वतन्त्रताप्रति धावा बोल्ने गीतहरू र नारी चेतना अभिवृद्धि, समानता, स्वतन्त्रता र नारी हक संरक्षणका विषयका लोकगीतहरू यस प्रकार छन्: -

## गीतिश्लोक

जेठी बुहारीलाई मीठो र मसिनु माइलीलाई रोटी पकाई
साँहिली बुहारीलाई पुवा खुडी खुडी काईलीलाई चीनी मिठाई
कान्छी बुहारी सधैंकी लुरी सात् दिनका बासी मकै
राती उठन पऱ्यो मकै पिंध्नु पऱ्यो चार पाथीले रात गल्यो
हातो फुक्ली गयो मानी भास्सि गयो बज्यैले उठ्न पऱ्यो
जेठानी दिदीलाई बोलाऊँ भने पनि बालो रुने काखमा
देवरानी बहिनीलाई बोलाऊँ भने पनि देवर होलान् साथमा
नन्द आमाजुलाई बोलाऊँ भने पनि ध्वाँ होला पेटमा
कहिले पूर्व दिशा कहिले पश्चिम दिशा कहिले बसौला सँगै
सपनीमा पनि देखिन्न अब ता मरिन्छ कि भेट नभै
सिम सिम पानी पऱ्यो मुसेखरुकीमा लिसो पऱ्यो केशमा
अर्काको पतिको कति सेवा गरौं आफ्ना पति देशमा
कपाल कोरी कोरी म यत्तिकी भएँ सिन्दूरको टीका नलाई
कर्मैले ठगेर होला कि सँगिनी देशमा कुटुम्ब नभई

सीता घिमिरे र मनमाया घिमिरे, मैनापोखरी

. . .

सासु भन्छे बुहारी, बुहारी भन्छे जिऊ
हर्पेमा राखेको कस्ले खायो घिऊ
देख्नु न सुन्नु उसै मलाई दोष
चाहिदैन बज्यै तिम्रै छोरा पोस
पोस्न त पोस्छु मेरै छोरो पोस्छु
घिऊ खाने मुखलाई अगुल्टाले भोस्छु
ओठ तेरा चिल्ल छन् थाहा मैले पाएँ
देख्नु न सुन्नु कहिले मैले खाएँ ?

. . .

उकालीको चौतारीमा बरको पात फरर
हामी दुःखी किशोरीको सुन खबर
सानैदेखि दैल्यो, कुचो, ढिकी जाँतो गरियो ।
एक क्लास पनि पढ्न पाइन, दुःख पाइयो ।
पढ्ने लेख्ने उमेरमा कामको धन्दा गर्नुछ ।
पाँचको हिसाब गर्नु परे औला भाँच्नुछ
छोरालाई पढाउँछन् कापी कलम दिएर
म छोरीले बस्नु बस्नु पर्‍यो आँसु पिएर

. . .

कस्ले भन्छ छोरीलाई हारेको जुनी
बल्ल बुझेँ संघर्ष नगरी नहुने
अब त्यसै बस्दिन बस्दिन बस्दिन
म पनि त मान्छे हुँ आमाकै छोरी हुँ
चुप लागि हेपिएर बस्दिन, बस्दिन
मेरो पनि दाइको जस्तो रगत छ रातो
मेरो पनि मुटुभित्र ढुकढुकी छ तातो
कस्ले भन्छ छोरी मान्छे बन्नु पर्छ दासी

कस्ले भन्छ बस्नुपर्छ जुठोपुरो चाटी
नाककान छेडिएर दासताको सिक्री
भिरी कति बस्ने अझै हुँदै खरिद बिक्री
तोडिदेऊ पोतेचुरा हत्कडीका बाला
फोरीदेऊ घाँटीपासो नौगेडीका माला
दिदी बैनी चेलीबेटी उठौं सव उठौं
हुन्न काम डराएर सबै मिलिी जुटौं
मान्छे बनी जिऊनलाई अब लडाइँ लडौं
सिन्दूरको लालमोहर भेटी अघि बढौं ॥

ठूलीकान्छी दहाल, मैनापोखरी

## ४.२.१० गीति तथा काव्यतत्व

लोकगीत अनेक गीत (काव्य) तत्वको मेलबाट सिर्जित हुन्छ । लोकगीत कविताजस्तो छन्दमा नबाँधिए पनि लयमा सललल बगी लय भाषा र अभिव्यक्तिले सुन्दर र मन छुन सक्ने बनाउनु यसको मुख्य उद्देश्य हो । लोकगीत आफैमा  मौलिक तथा स्वतस्फूर्त रूपमा उद्भव हुने विधा हुँदाहुँदै पनि कविता विधासँग यसको सान्निध्यता रहेको पाइन्छ । त्यसैले लोकजीवनका सर्वसाधारण व्यक्तिहरूबाट लोकगीतका गीति  तथा काव्य तत्वहरू योजनाबद्ध रूपमा नभई स्वतस्फूर्त र स्वभाविक रूपमा अभिव्यक्त भएको हुन्छ, लोकगीतका अवयवहरूले गीतको आफ्नै पहिचान दिने काम गर्दछन । ती अवयव तथा गीति तत्वहरू भन्नाले सन्देश, भाका (लय) भाव, थेगो, विम्ब (प्रतीक) व्यञ्जना, रस, अलङ्कार, संरचना र भाषाशैली आदि पर्दछन । लोकगीतको सौन्दर्य चम्काउने काम यिनै गीति तत्वहरूबाट महत्वपूर्ण भूमिका रहेको हुन्छ । दोलखा जिल्लाको मैनापोखरी क्षेत्रका लोकगीतको सङ्कलन गरी अध्ययन तथा मूल्याङ्कन गर्ने क्रममा निम्न लिखित गीत तथा काव्य तत्वहरूको आधारमा निर्क्यौल गरिन्छ ।

## ४.२.११ सन्देश

लोकजीवनका विविध पाटोका विभिन्न क्षेत्रहरूमा लोकगीत अभिव्यक्त भएर जीवनजगतका हरेक पक्षको सन्देशमूलक जानकारी नै लोकगीतको सन्देश हो । जीवनका सीमित चाहना, इच्छा आकांक्षा भन्दा माथि उठेर जीवनको सार्थकता दिने काम लोकगीतको सन्देशबाट पाइन्छ । तीजको गीतबाट नारीका पीडा, स्वाधीनताको माग र अधिकारको खोजी जस्ताको सन्देश पाइन्छ भने धार्मिक तथा अनुष्ठानिक श्लोक तथा गीतबाट अनुशासन, भक्तिभाव आदिको सन्देश पाइन्छ । त्यस्तै युगल जोडीका तन्मय भावुक गीतबाट प्रेम प्रणयसम्बन्धी सन्देश पाइन्छ । लोकगीतहरूको विविध भेद र किसिम हुने हुनाले गीतको विषयअनुसार छुट्टाछुट्टै सन्देश प्रदान गरेका हुन्छ । च्यौसी र भैलोजस्तो लोकगीतले हिन्दू सांस्कारिक परम्पराको जीवन्तता साथै दाजुभाइ, दिदी बहिनी वीचको प्रगाढ माया, स्नेह र प्रेमको सन्देश दिने र मनोरञ्जन प्रदान गर्नु हो ।

जीवनप्रतीको मोह, बन्धुबान्धवसँगको सुमधुर मायाँ, प्रेम र आफ्नो संस्कृतिको परम्परा प्रतीको अक्षुण्यता र संस्कृतिवादी सोच, शुद्ध हृदयको मधुर कामना नै यस क्षेत्रका लोकगीतको मुख्य सन्देश रहेको पाइन्छ; जस्तै -

| | |
|---|---|
| तिरिमिरी लाकुरी छाँया | रिस द्वेश नराखेमा जीवन स्वर्ग बन्छ |
| यो जिन्दगी दुई दिनको रामछायाँ । | दुई मुटुको धडकन पनि बल्ल एकै हुन्छ । |
| ................................ . . . | .......................................... |

कहिले घाम कहिले छायाँ दुवै बराबरी
राम्रोलाई राम्रै गरी सम्झन्छन् घरिघरी
मर्नु नै छ एक दिन त यो देहलाई छाडी
बाँच्नु पर्छ हाँसिखुसी हामी सधैंभरि

च्यान्टीको घर त दोलखा, भुन्टीको घर त माटी
च्यान्टी भुन्टी साली मेरा अति जिउ मस्काउने
नक्कलेको नक्कली जिऊमा कलेजी चस्काउने

ए१ च्यान्टी यता फर्क के छ तिम्रो मनमा
कस कम्मर ठोक कुम चयन हुन्छ धन्मा
(बैनी+दाजु)
खाने र पिउने सिगार पेटार घरको गर्दैछौं
भैलिनी खेलौ, द्यौसी खेलौं यो चाड मान्दछौं
एउटै छ दुःख मनमा लाग्ने निधार खाली भो
दाजु र भाइ विदेशमा, यो हात खाली भो
नभन त्यसो हे मेरी बहिनी दाजु र भाइ हामी छौं
तिमीलाई बैनी मान्दछौं हामी भाइ टीका लगाउँछौं
भाइटीका पर्सि म भोकै बसी माइती खुवाउँछु
लिनुहोस् दाजु चेलीको निम्तो म पर्खिरहन्छु
मनुष्य चोली माटोको थुप्रो दैवको इच्छामा
सुन्दर बन्छ देखाइ लोभ दुई दिनको छायाँमा

टहलबहादुर र सीता घिमिरे

### ४.२.१२ लय तथा भाका

लय लोकगीतको महत्वपूर्ण पक्ष हो । साहित्यमा अन्य विधाबाट अलग्याउने मुख्य तत्व नै लय विधान हो । लोकगीतमा स्वरको आरोह अवरोहको क्रमलाई भाका वा लय भनिन्छ । यही लयद्वारा लोकगीत संगीतमय वा श्रुतिमधुर बनिरहन्छ । लोकगीतमा अनुप्रासीयताको सुन्दर आयोजनामा वर्णहरूको आवृत्तिक्रमले लयबद्धताको आभास हुनुको साथै सङ्गीतात्मकताको सुर मिल्न जान्छ । गीतमा अनुप्रास योजनाले अन्तर्लय सिर्जना गरी लोकगीतहरू कर्णप्रिय र श्रुतिमाधुर्य बन्न सफल हुन्छन् । एकै किसिमका लोकगीत पनि छुट्टाछुट्टै तरिकाले गाउने प्रचलन हुन्छ । कुनै गीत मुक्त वा गद्य लयमा गाइन्छ त कुनै गीत पद्य वा साङ्गीतिक स्वर लहरीमा गाइन्छ । गायकको इच्छाअनुसार  लोकगीतलाई बिलम्बित तथा द्रुतलय (चुटके) मा गाउने प्रचलन छ । यसरी वास्तवमा लय वा भाकाले गीतमा मिठास थप्नुका साथै गायक तथा

स्रोतामा मानसिक ऊर्जा दिने काम गर्छ । लयका आधारमा यस मैनापोखरी क्षेत्रका लोकगीतहरूका नमुना यस प्रकार रहेका छन् ।

**विलम्बित लय**

हिमाल चुली त्यो पल्लापट्टि ढुकुर लक्ने धानको बीऊ
चरङ्गे खोला कल्ले तारिदेला यो मुरली जत्रो जिऊ
सिन्दुर पोते हातमा चुरा कानमा लाउली ढुङ्ग्री
चरिकोटमा बस्दा बस्दा गाला पऱ्यो चाउरी ।

**द्रूत लय**

छप छप रोपौंलाल, सप सप काटौंला
मुखिया बाजेको खेत ।
आइदेउ न पानी फाटिदेउ न बादलु
म त हेर्छु माइतीको देश ॥

सन्तोली वि.क. र साथीहरू

## ४.२.१४ भावव्यञ्जना

पद, वाक्यांश, वाक्य, श्लोक/पङ्क्ति अनुच्छेद (चरण) आदि गीतको बाहिरी संरचना हो भने लक्षण, व्यञ्जना रस अलङ्कार चाहिँ आन्तरिक संरचना हो । जस्ले बाह्य सौन्दर्य र आन्तरिक भाव सौन्दर्य व्यक्त गर्दछ । शैली बाह्य सौन्दर्य हो भने भावयञ्जना आन्तरिक सौन्दर्य हो । सहज, सुकोमल, भाषा लयात्मक स्वरलहरीको प्रस्तुति लोकगीतको बाहिरी अवयव हुन् भने भावगत मर्म यसको आत्मा वा प्राण हो । लोकगीत लोकसाहित्यको केन्द्रबिन्दु भएर सुकोमल, सुललित सरसमय रूपमा लोकजीवनको तीखो दृष्टिबिन्दु प्रवाह गर्दछ ।

लोकगीतको बाह्य आन्तरिक सौन्दर्यले माधुर्य पैदा गर्दै कलात्मक भावव्यञ्जनाको गहिरो चमक प्रस्तुत गर्छ । अनुभूतिजन्य भावात्मक व्यङ्ग्योक्तिले जीवनको सारतत्वलाई उजिल्याउने काम गर्दछ । लोकजीवनका भावना स्वतस्फूर्त रूपमा प्रष्फुटन भई दुःखित उद्विग्न प्रफूल्लित भएर देखेका, भोगेका, सुनेका, सुख दुःख, हाँसो आँसु, मिलन बिछोड, आशा

निराशाका कैयन भावनहरूलाई लोकगीतको माध्यमबाट अभिव्यक्त गरिन्छ । जीवनजगतको सारातत्वलाई एकमुष्ट प्रस्तुत गर्नु नै भावव्यञ्जनाको मुख्य अभिप्राय हो । त्यसैले भनिन्छ, जीवन कर्कलाको पानी हो, जीवन राम छायाँ हो । अस्थिर जीवनलाई आशाको संजालमा जिउन सिकाउनु जीवनको सार्थक प्रयास हो । सिङ्गो जीवनको भार लोकगीतको एक पंक्तिले गर्दछ । भावव्यञ्जनाका आधारमा यस दोलखा जिल्ला मैनापोखरी क्षेत्रमा प्रचलित लोकगीतका नमुनाहरू यस प्रकार छन -

| | |
|---|---|
| तिरिमिरी लाकुरी छाँया | कहिले घाम कहिले छायाँ दुवै बराबरी |
| यो जिन्दगी दुई दिनको रामछायाँ । | राम्रोलाई राम्रै गरी सम्भन्छन् बराबरी |
| ................................ | ......................................... |

मनुष्य चोला माटोको थुप्रो दैवको इच्छामा
सुन्दर बन्छ देखाइ लोभ दुई दिनको छायाँमा
. . .

हे ऽऽ त्यसै मान्छे के हुन्थ्यो बौलाई
दुबो सरी दुःख पीर नमौलाई

......................

हे न त निद्रा न लाग्थ्यो भोक
माया रै छ जीवनमा सव थोक
हे पूरा भयो सोचेको ठूलो काम
बादल पारि लाग्ने भो मनमा घाम
हे दश धारा दूधको भारा
तिर्छु आमा भो आँसु नभार

......................

रानी र वनका भिजेका दाउरा हातले भाचौला
के गर्नु धर्म हारेको कर्म कतिन्जेल बाचूला

..........................

पारिजातले भमरा डाक्यो

मेरो माया कहाँ पुगी थाक्यो

सन्तोली वि.क. र साथीहरू

## ४.२.१५ थेगो र पुनरावृत्ति (रहनी)

लोकगीतमा थेगा/पुनरावृत्ति भन्नाले गायनको क्रममा आउने रहनी हो । जसले लोकगीतलाई लयात्मक तथा गेयात्मक, साङ्गीतिक सरसताको ऊर्जा थप्ने काम गर्छ । स्वर तथा लयलाई रसमय र सहजपूर्ण बनाउन रहनीको प्रयोग लोकगायकद्वारा गरिन्छ । पुनारावृत्तिद्वारा लोकगीत आकर्षक, सुन्दर मात्र हुने होइन । गीतहरू श्रवणप्रिय र कर्णप्रिय बन्न जान्छन् । रहनीहरू प्रयोग गरेर द्रूतलयका (चुटकी) गीतहरूलाई विलम्बित लयमा ढालेर गाउन पनि सकिन्छ । लोकगीतको साङ्गीतिक ध्वनिलाई वा स्वरलहरी लम्ब्याउने र विस्तार गर्ने काम विभिन्न थेगोको प्रयोग गरिन्छ । लोकगीतको बोलहरूलाई पनि पुनावृत्तिको रूपमा गाउने प्रचलन छ । दोलखा जिल्लाको मैनापोखरी क्षेत्रमा गाइने लोकगीतहरूमा थेगोको रूपमा ए, हे रेलिमाई नारन आदि छन् ।

हे पौलछ मुटु चिरिन्छ छाती

छुट्यो अहिले आएको पिरती

................................

ए १ झिलिमिलि झिलिमिली : देउसी रे

ए १ के को झिलिमिली : देउसी रे

ए १ बत्तीको झिलिमिली : देउसी रे

धानको बाला रेलिमाई टुप्पैमा हरियो

लाली जोवन रेलिमाई, दु:खैमा परियो

आफूचाहीँ रेलिमाई धावैमा जाने

कच्चा जीवन रेलिमाई के गरी थाम्ने ।

### ४.२.१५ रसभाव विविधता

खाद्य पदार्थबाट प्राप्त हुने रस गुलियो, तीतो, मीठो, पीरो, अमिलो, टर्रो भएजस्तै साहित्य पढ्दा, हेर्दा, सुन्दा र अभिनय गर्दा आनन्दानुभूतिबाट प्राप्त हुने अनुभूतिजन्य भावनात्मक सारतत्वलाई नै साहित्य रस भनिन्छ । जुन साहित्य रसले मानव हृदयमा आल्हादित, उल्लास र उमङ्ग भरिदिने काम गर्दछ । मानव जीवनका आवेग, संवेग, बृत्ति प्रबृत्ति आदिले जीवनका कुण्ठा, उल्लास प्राप्ति-अप्राप्ति, शोक पीडामा जागृत हुने आनन्दामक तथा पीडामूलक हृदयचित्र वृत्तिलाई रसानुभूतिको संज्ञाका रूपमा पूर्वीय साहित्यचार्यहरूले बताएका छन् । रसलाई साहित्यको वा काव्यको आत्माका रूपमा स्वीकारिन्छ । रसात्मक वाक्य वा साहित्य हो भन्ने भनाईबाट रस विना कुनै पनि साहित्यको सिर्जना हुन सक्तैन भन्ने कुरा निश्चित छ, साहित्यमा जीवन्तताको ऊर्जा थप्ने काम रसले नै गर्छ ।

लोकगीतमा रसनिस्पत्ति वा उत्पत्ति मानवको जीवनचर्यासँग सम्बन्धित छ । मानवहृदयमा रति, शोक, उत्साह, क्रोध आदि स्थायी भावहरू हुन्छन्, जसलाई उद्दिपन वा जागृत गराउन साहित्यको आस्वादन गर्दा सहृदयको मनमा उत्पन्न हुने लोकोत्तर चमत्कारले युक्त ब्राह्मण सहोदर आनन्दको भाव नै रस हो । रसानुभूतिबाट प्राप्त हुने आनन्द सदा औकिक विलक्षण, अखण्ड एवम् अनिर्वचनीय हुन्छ । लोकगीतबाट जीवनमा आउने सुख दुःख, हर्ष विस्मात्, उमङ्ग उत्साह, खुसी छटपटीले लोकगायकहरूलाई पार्ने मनोवैज्ञानिक प्रभावका कारण श्रृंगार, करुणा, हास्य, वीर, शान्तरसहरूको उत्पत्ति हुन्छ । गायकको गीत सुनेर स्रोताले गायकको मनोदशाको अड्कल अनुभव गर्छन् भने गायकले आफ्नो गीतको स्वरमा स्रोताहरूलाई हँसाउन, रुवाउँन पनि सक्छन् । रसको आधारमा दोलखा जिल्ला मैनापोखरी क्षेत्रमा प्रचलित लोकगीतहरूके नमुना यस प्रकार छन् -

#### क) शृङ्गार रस

शृङ्गार रसलाई रसराजको रूपमा लिइन्छ । शृङ्गार प्रधान मानी गाइने लोकगीतमा नारीपुरुष बीचको भौतिक, आध्यात्मिक वा शारीरिक, मानसिक प्रेमसम्बन्ध एवम् आकर्षण-विकर्षण सहज स्वभाविक नैसर्गिक कामेच्छाको प्राप्ति अप्राप्ति आदिको अभिव्यक्ति पाइन्छ । मानिसको वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेको रति स्थायी भावलाई रसको

अवस्था पुऱ्याई मानव हृदयलाई अलौकिक आनन्द प्रदान गर्ने गीतहरूलाई शृङ्गार रस प्रधान साहित्य भनिन्छ । नारीपुरुष बीच अन्तनिर्हित सहज स्वभाविक आकर्षण आशक्ति, प्रेमभाव, कामेच्छा आदि देखाउने गर्छन् । शृङ्गार रसलाई दुई किसिममा विभाजन गरिएको छ । ती संयोग वा संभोग, वियोग वा विप्रलम्भ शृङ्गार रस हुन । सौदर्य बोधक रूप, रस, गन्ध, शब्द स्पर्शहरूलाई शृङ्गार रसका कोटिमा गणना गरिन्छ । यस क्षेत्रमा प्रचलित शृङ्गार रस मूलक लोकगीतका नमुनाहरू यस प्रकार छन -

**संयोग शृङ्गार**

मलाई पनि के भा छ कुन्नि
रोटेपीङ झैं मन घुम्छ फन्फनी
सवलाई हुन्छ बैशमा यस्तै
दुईजनाको व्यथा भो दुरुस्तै
तिम्रो रहर मेरो नि रहर
जोडौं मनले भो चीनता नगर
. . .

वियोग वा विप्रलम्भ शृङ्गार
हे..... रैछौं तिमी दुई दिनको सपना
व्यर्थै भयो तिम्रो नाम जपना
हे...... छोडन मन त थिएन मलाई नि
छोडन पऱ्यो मन जलाई जलाई नि
हे ...... बाचा थियो सँगसँगै जिउने
मनै परे भागेर विष पिउने
हे..... बैगुनीलाई भुलेर गुन लाइछु
आफ्नै छाती चिरेर नुन लाइछु

**ख) करुणा रस**

करुण रसको स्थायी भाव शोक हो । प्रियजनको मृत्यु, सम्पत्ति नाश आदि आलम्वन विभाव, चित्तजलन सम्बन्धित व्यक्ति वा वस्तुको सम्झना आदि उद्दीपन विभाव, विलाप, रोदन आदि व्यभिचारी भाव हुन् । इष्टको नाश, अनिष्टको प्राप्ति, स्वजन प्रियजनको मृत्यु वा दुःखद अन्त्य बैभवको ठूलो क्षति आदि अवस्थाबाट उत्पन्न दुःख पीडा, विरह-वेदना नै करुण रस हो । यसरी जुन लोककाव्य कृतिले वा लोकगीतले अर्न्तमनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्था रहेको शोक स्थायी भावलाई जगाएर करुण अवस्थासम्म पुऱ्याई अर्न्तमनलाई अलौकिक आनन्द प्रदान गर्दछ । करुण रसयुक्त गीत सुनेपछि माया स्नेहको भक्कानो फकिन्छ । मन पग्लिन्छ, आँखाबाट आँसु बर्सन्छ । दोलखा जिल्लाको मैनापोखरी क्षेत्रमा प्रचलित करुण रस प्रधान लोकगीतका नमुना यस प्रकार छन् -

हे ईश्वर मेरा, हे मेरा स्वामी यो मेरो दशामा
कहाँ छौ भन, देख्दौनौ केही हुँदैन सहारा
हे मेरा माइती चेलीको यस्तो दुर्दशा देखेर
लौ न नि लौन बचाओ मलाई झट्पट आएर
आइज न बज्र मलाई हिर्का हुरुक्कै पार्दे लौ
वियोग यस्तो त पनि मेरो पटक्कै हेर्दैनस्
. . .

मर्न देऊ मलाई जान देऊ प्राण त्यस पछि अठाओ
नगर दया अघाई सके देखेर संसार

मेरो आमा कहाँ गइछन् थाहा छैन, हात मुख जोर्न कहिल्यै नि पाछैन
मामाघर गइछन नि आमा, म बाँचेर धर्तीलाई के काम
दैव पनि टहरी गईगयो, घर न घाटको दुःखीलाई भै गयो
मेरी आमा धर्तीभरि कहीं पनि छैनन्, सौताने आमा मेरो कहिल्यै आफ्नो भैनन्

## ग) वीर रस

वीर रसको स्थायी भाव उत्साह हो । आलम्वन विभाव जेतव्य शत्रु आलम्वन, शत्रुका चेष्टाहरू उद्दीपन, सहायताको खोजी गर्नु आदि अनुभाव र धैर्य, गर्व आदि व्यभिचारी भाव हुन् । त्यसैले युद्ध, वीरता, पराक्रम र धार्मिक उदारता आदि कार्यबाट यशस्वी र उत्साह सहृदयमा जाग्दछ, वीर पुरुषहरूको बारेमा रचिएका गीत तथा युद्धको बारेमा गाइने गीतहरूबाट वीररस भाव उत्पन्न हुन्छ । जुन गीतबाट मावनहृदयमा उत्साह र पराक्रम जागृत हुन्छ । त्यस्ता गीतहरू नै वीररस प्रधान लोकगीत हुन् । यस मैनापोखरी क्षेत्रमा गाइने वीर रस प्रधान लोकगीतका नमुना यस प्रकार छन ।

तर्छु क्षार समुद्र आज सहजै भन्न्या इरादा गरी
श्रीराम्का चरणा र विन्द मनले अत्यन्तै चीन्तन गरी
भन्छन वीरहरूलाई ताहिँ हनुमान हे वीर हो पार तरी
सीताजीकन भेटतछु म अहिले जान्छु बडो बेग गरी ।

....................................................

म तिम्रो नाम हिमाल भन्दा झन् माथि बढाउँछु
यो तिम्रो धन जीवन मेरो देशलाई चढाउँछु
रगतको तेल  हालेर, मुटुको दियो बालेर
म मर्न पाऊँ देशको थोरै अँध्यारो फालेर ॥

## घ) हास्यरस

हास्यरसको स्थायी भाव हाँस (हाँसो) हो । विकृत आकृति आलम्वन विभाव, विचित्र चेष्टा उद्दीपन विभाव, कम्प, स्वेद आदि अनुभाव र हर्ष मोह आदि व्यभिचारी भाव हुन्, अन्य रसको सापेक्षतामा हास्य रस सर्वाधिक सुखात्मक एवम् विनोदप्रिय हुने भएकोले लोकगीतमा यस रसको अस्तित्वलाई झनै महत्व दिएको  छ । लोकगीतको अनौठोपन विकृति वा विकारयुक्त वाणी सुन्दा, रूपरङ्ग देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको सुख एवम् मनोरञ्जनात्मक भावलाई हास्यरसको हाँसोभाव भनिन्छ । लोकगीतबाट समाजको विससङ्गति र विकृतिलाई व्यङ्ग्य तथा छेड प्रहार गर्दै मानिसका अन्तर्हृदयमा हास्यभावको उत्पत्ति हुन्छ ।

दोलखा जिल्लाको मैनापोखरी क्षेत्रमा लोकगीतको अध्ययनको क्रममा निम्न हास्यरसप्रधान लोकगीतका नमुना प्राप्त भएका छन् -

ए १ केटा नकटा गुन्द्रुकका जगटा
भोक लागे थाप्लो ठटा
तेरा बाबा आमालाई पीठो चोर्न पठा
तँचाहिँ खबटो तता
हे भाई भतुवा तँ मेरो रतुवा, चढेर बोल्दछस् अति
झुण्ड्याउँछु रूखमा थुक्दिन्छु मुखमा लडाउँछु पाता कसी

. . .

अग्रेजीमा पानी खान माग्नु भयो स्वामीले
के भाषा बुझेर दिऊँ त हामीले
अंग्रेजीमा पानीलाई भन्दा रैछन वाटर
नबुझेर दिएँ मैले काँचो कटर
अंग्रेजीमा दूधलाई भन्दा रैछन मिल्क
नबुझेर मुखमा मैले हेरे पिलिक्क

## ४.२.१७ अलङ्कार

अलङ्कार भनेको लोकगीतको सौन्दर्य सिर्जना गर्ने मूल कारकतत्व मध्ये एक हो । यसले लोकगीतमा विशेष चमत्कार पैदा गराउँछ । अर्को शब्दमा भन्नुपर्दा शब्द र अर्थका माध्यमबाट लोकगीतमा विशेष सौन्दर्य शोभा वा चमत्कार उत्पन्न गर्ने साधन/उपकरण विशेष नै अलङ्कार हो अर्थमा गराउने साधारण अर्थभन्दा माथि उठेर विशेष अनुभूति दिलाउन सक्ने उक्तिको मनोहर शैली नै अलङ्कार हो । अलङ्कारले शरीरमा शोभा दिई आत्मालाई उत्कर्ष गराएझैं शब्दगत तथा अर्थगत अलङ्कारले काव्य तथा लोकगीतको मुख्य तत्व रसलाई अति उज्ज्वलित पार्दछ । लोकसाहित्यमा भावलाई विशिष्ट र सुन्दर बनाउनका निम्ति अलङ्कारको प्रयोग गरिन्छ । लोकगायकहरू कृत्रिम आलङ्कारिक योजनामा अल्झिएका हुँदैनन् । आफसेआफ स्वतस्फूर्त रूपमा

अलङ्कारको प्रयोग गरिएको हुन्छ । लोकगीतमा अलङ्कार, उपमा र उपमान स्वतः मौलिक रूपमा सिर्जिन्छ । अलङ्कार मूलतः शब्दालङ्कार, अर्थलङ्कार र उभयालङ्कार गरी तीन किसिमका हुन्छन् ।

यस मैनापोखरी क्षेत्रका लोकगीतहरूमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ । शब्दालङ्कारले गीतमा साङ्केतिक माधुर्यता बढाउँछ भने अर्थलङ्कारले बिम्बको प्रस्तुति गराएर रस भावलाई तिखार्ने काम गर्छ । यस दोलखा जिल्ला मैनापोखरी क्षेत्रमा अलंकारका आधारमा लोकगीतका नमुना यस प्रकार रहेका छन -

## अन्त्यानुप्रयास मिलेका गीतका नमुना

नहट पछि लौ होष्टे गर हे बैनी हे भाइ
सार्थक बनाऔं लौ न नि आज मनुष्य जुनी पाइ
मनुष्य चोला माटोको थुप्रो दैवको इच्छामा
सुन्दर बन्छ देखाइ लोभ दुई दिनको छायामा

## उपमा अलङ्कारको नमुना

रूप हेरे नानीको चन्द्रमा जस्तो छ
यसो हेर्दा बीस नाघे जस्तो छ ।

## निष्कर्ष

दोलखा जिल्ला मैनापोखरी क्षेत्रका लोकगीत सङ्कलन, वर्गिकरण सामान्य रुपमा गरिएका साथै हावापानी अनुसार आउने परिवर्तन जस्तैः ऋतु अनुसार, चाडपर्व अनुसार, संस्कार अनुसार महिना नै पिच्छे आउने खेतिपातीको समयमा गाइने गीतहरु घर आगनमा, मेलापातमा, वनपाखामा गाउने गीतहरु समावेश गरिएका छन् । हाम्रा परम्परा, मूल्य र मान्यताले बोकेर ल्याएका हाम्रा संस्कार र त्यस अवसरमा गाइने गीत संस्कार गीत अन्तर्गत समावेश गरिएको छ ।

# परिच्छेद ५
# उपसंहार
## ५.१ सारांश

लोकसाहित्य लोकजीवनको आरोह अवरोहमा लोकमानसको अभिव्यक्तिमा झुल्ने मौलाउने मौखिक परम्परामा प्रचलनमा रहेको साहित्य हो । मानवसभ्यताको विकासक्रममा जव मानिसले विनियम माध्यमको रूपमा भाषाको प्रतीकात्मक अभिव्यक्ति प्राप्त गर्‍यो, त्यही समयदेखि नै लोकजीवनसँगको अभिन्न सान्निध्यताका साथमा लोकसाहित्य विकसित हुँदै आएको छ । लोकसाहित्यको प्रमुख अमूल्य विधाको रूपमा परिचित लोकगीतको अध्ययनक्रममा दोलखा जिल्लाको मैनापोखरी क्षेत्रका लोकगीतको अध्ययनमा यस अध्ययनपत्रको पहिलो परिच्छेदमा अध्ययनपत्रको परिचयदेखि समस्या, उद्देश्य, औचित्य, सीमाङ्कन, अध्ययनविधि, रूपरेखा आदिको सामान्य परिचय दिइएको छ ।

यस अध्ययनपत्रको परिच्छेद २ मा दोलखा जिल्लाको सामान्य परिचय दिने क्रममा दोलखा जिल्लाको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक स्थिति, सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक परम्परा, चाडपर्व, रहनसहन, पेसा आदिको बारेमा जानकारी दिने प्रयास गरिएको छ । मैनापोखरी क्षेत्रको सामान्य परिचय र लोकसाहित्य पृष्ठभूमि प्रस्तुत गरिएको छ ।

परिच्छेद ३ मा लोकगीतको सैद्धान्तिक परिचय दिने क्रममा लोकसाहित्य र नेपाली लोकगीतको परिभाषा दिइएको छ । लोकगीतको ऐतिहासिक विशेषता र महत्वको अध्ययनपरम्परा आदिको चर्चा गरिएको छ ।

यस अध्ययनपत्रको परिच्छेद ४ मा दोलखा जिल्लाको मैनापोखरी क्षेत्रका लोकगीतको सङ्कलन र वर्गीकरण गरिएको छ । हावापानीमा आउने परिवर्तन र त्यसले मैनापोखरी क्षेत्रमा पारेको प्रभावलाई ऋतुकालीन लोकगीतमा समेटिएको छ । सामाजिक तथा धार्मिक महत्वलाई बोकेर लोकजीवनको प्रचलनमा रहेका चाडपर्वमा गाइने गीतलाई पर्वगीतका रुपमा प्रस्तुत गरिएको छ । घरआँगन, मेलापात, वनपाखा, पखेरामा गुन्जिने गीतहरू जुन वर्षैभरि कुनै पनि समयमा कहीं पनि गाउन सकिन्छ; यस्ता गीतहरूलाई बाह्रमासे गीतमा समावेश गरिएको छ । हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताले बोकेर ल्याएको हाम्रो संस्कार र त्यस अवसरमा गाइने गीतलाई संस्कारगीत अन्तर्गत समावेश गरिएको छ ।

यस दोलखा जिल्ला मैनापोखरी क्षेत्रका लोकगीतलाई ऋतुकालीन श्रमगीत, पर्वगीत, बाह्रमासेगीत र संस्कारगीत आदिमा समेटिएको छ । पर्वगीत अन्तर्गत तीजेगीत, भैलो गीत, द्यौसी गीत यस क्षेत्रका प्रचलित चाडपर्वमा गाइने गीतमा पर्दछन । बाह्रमासेगीत अन्तर्गत बाह्रमासा, झ्याउरे, घाँसेगीत, भजन कीर्तन सम्बन्धी गीत, बालगीत, दोहोरी र मारुनी गीतहरू प्रचलन रहेका दखिन्छन ।

परिच्छेद ५ उपसंहारका रुपमा रहेको छ । यस परिच्छेदमा सारांश, निष्कर्ष र भावी अनुसन्धानका निम्ति सुझाव दिइएको छ ।

## ५.२ निष्कर्ष

मानवीय जीवनका सम्पूर्ण पक्षलाई चट्ट छुन सफल यस क्षेत्रका लोकगीतहरू गाइने आ-आफ्नै किसिमको प्रक्रिया देखिन्छ । कतिपय लोकगीत आख्यानरहित छन् भने कतिपय लोकगीत आख्यानसहितका छन् । कुनै गीतहरू पुरुषहरूले मात्र गाउँछन् भने कुनै गीतहरू नारीहरूले मात्र गाउँछन् । आख्यानहरू सहितका गीतमा भजन, कीर्तन, भैलो, द्यौसीलाई लिन सकिन्छ भने आख्यान रहित गीतमा घाँसेगीत, चुड्का, झ्याउरे आदिलाई लिन सकिन्छ । पुरुषहरूले मात्र गाउने गीतमा मालसिरी, भैलो गीतहरू पर्दछन भने नारीहरूले मात्र गाउने गीतमा रत्यौली र घाँसेगीतहरू पर्दछन् । कुनै गीत एकल गाइन्छ भने कुनै गीत युगल र कुनै गीतहरू सामूहिक रूपमा गाउने प्रचलन छ ।

दोलखा जिल्ला मैनापोखरी क्षेत्रका लोकगीतहरूमा दुःख, सुख, मिलन विछोड, घात प्रतिघात, विरह उतारचढावहरू जीवनका तीता मीठा अनुभूतिहरूलाई विषयवस्तु बनाएर गीत गाइएको पाइन्छ । लोकजीवनको ढुकढुकी सुख दुःखको मर्म जीवनको मर्मलाई विषयवस्तु बनाएर गीत गाएको देखिन्छ । यस प्रकार यस क्षेत्रको लोकगीतमा यसै समाजको भावभूमि प्रस्तुत गरेको पाइन्छ । यहाँ प्रचलित लोकगीतको अध्ययन विश्लेषण गरिएको छ । मानवीय जीवनको समाजसँग अन्योन्याश्रित सम्बन्ध, मानव जीवनलाई आर्थिक परिवेशले पारेको अलझन, पानी पर्दा, बादल भरिदा, मन रुने, मन भरिने, आकाश खुल्दा मन प्रफुलित हुने, प्राकृतिक परिवेशले समेटेको सन्निकटता सबैलाई लोकगीतहरूमा प्रस्तुत गरेको पाइन्छ । लोकगीतका सर्जक सामाजिक परिवेशबाट नै आउने र समाजका विद्यमान माया, ममता, कति

संयोग वियोगको सजीव चित्रण लोकगीतहरूमा गरिएको पाइन्छ । यस क्षेत्रका लोकगीतहरूमा सांस्कृतिक जीवनको चित्रण, आर्थिक जीवनको चित्रण र राष्ट्रिय तथा सामाजिक जीवनको चित्रण गरिएको छ । प्रकृतिको विविध अवस्थाको चित्रण साथ साथै कर्म, भाग्य, दैव माथिको भरोसा, लोकविश्वास र जीवनदर्शनको सुन्दर चित्रण भएको पाइन्छ । जीवनलाई प्रकृतिसँगको सादृश्यता र समाज सापेक्ष सामाजिक विविधताको चित्रणमा यस क्षेत्रका लोकगीत सशक्त देखिन्छन् । यस क्षेत्रका लोकगीतहरू कुनै शास्त्रीय बन्धनमा नबाँधिएर मौलिकतामा सिर्जिएका भए पनि काव्यात्मकता भने प्रशस्त पाइन्छ । कुनै योजनाबद्ध बन्धनमा नसिर्जिएपनि सहज, स्वतस्फूर्त रूपमा बिम्ब, प्रतीक, भावव्यञ्जना, अलङ्कारहरू रसानुभूतिमा यस क्षेत्रका लोकगीतहरू सिंगारिएका, सुसज्जित भएको पाइन्छ ।

भाषिक दृष्टिकोणले यस क्षेत्रका लोकगीतहरूमा नेपाली राष्ट्रभाषा र उपभाषिकाको प्रयोग भएको देखिन्छ । लेख्य भाषा भन्दा कथ्यभाषाको उपयोग बढी भएको देखिन्छ । कतिपय शब्दहरूमा गायनका क्रममा अक्षरहरूसमेत लोप भएको देखिन्छ । यसो हुनुमा तमाङ, शेर्पा र जिरेल मातृभाषीहरूको प्रभाव पनि हो ।

प्रस्तुत अध्ययन नै लोकगीतको सम्पूर्ण अध्ययन होइन । यस अध्ययनमा केवल दोलखा जिल्लाको मैनापोखरी क्षेत्रको ४ वटा गाउँविकास समिति र त्यसको आसपासका गाविसहरूलाई मात्र केन्द्र बिन्दु बनाइएको छ । सिङ्गो दोलखा जिल्लाको लोकगीतको अध्ययन गर्न नै बाँकी छ ।

## ५.३ भावी अध्ययनका निम्ति सुझाव

यस क्षेत्रमा प्रचलित लोकसाहित्यको अध्ययन गर्न निम्न लिखित शीर्षकहरु उपयोगी देखिन्छन् -

१) दोलखा जिल्लामा प्रचलित लोककथाहरुको अध्ययन

२) दोलखा जिल्लामा प्रचलित लोकगाथाहरुको अध्ययन

३) दोलखा जिल्लामा प्रचलित उखानहरुको अध्ययन

४) दोलखा जिल्लामा प्रचलित लोकनाटकहरुको अध्ययन

## सन्दर्भ ग्रन्थसूची


१) कार्की, लोकहरि, **लक्ष्मण लोहनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, त्रि.वि. स्नातकोत्तर तह शोधपत्र, २०५४ ।

२) कोइराला, शम्भुप्रसाद, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर, धरणीधर पुरस्कार प्रतिष्ठान; २०५५ ।

३) त्रिपाठी, बासुदेव, **सिंहावलोकन,** ललितपुर साझा प्रकाशन, काठमाडौं, २०२७ ।

४) थापा, धर्मराज र सुवेदी, हंसपुरे **नेपाली लोकसाहित्यको विवेचना,** पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

५) थापा, धर्मराज, **गण्डकीका सुसेली,** काठमाडौंः ने.रा.प्र.प्र., २०५० ।

६) दिवस, तुलसी **नेपाली लोककथा,** काडमाडौंः ने.रा.प्र.प्र., २०३३ ।

७) दिवस, तुलसी (सं), **नेपाली लोकसंस्कृति संगोष्ठी,** काडमाडौंः ने.रा.प्र.प्र., २०३४ ।

८) बन्धु चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौं; एकता बुक्स, २०५८ ।

९) लोहनी, लक्ष्मण, **रोदीघर,** २०१३ ।

१०) वज्रचार्य धन, र श्रेष्ठ, टेकबहादुर **दोलखा जिल्लाको ऐतिहासिक रूपरेखा,** दोलखाः दोलखा जिल्ला विकास समिति, २०५५ ।

११) **दोलखा जिल्लाको परिचय र पार्श्वचित्रः** - दोलखा जिल्ला विकास समिति, २०५८ ।

११) **दोलखा स्मारिक** दोलखा, कर्मचारी मिलन केन्द्र, २०५८ ।